



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

ekantipur.com

वर्ष ३४ अंक ७१ काठमाडौं | १७ वैशाख २०८३ बिहीबार वैशाख शुक्लपक्ष चतुर्दशी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, April 30, 2026 | पृष्ठ १० | १० रुपैयाँ

### सुकुमवासी सेल्टरमा सुत्केरीको पीडा

## ‘चिसो भुइँमा बच्चा सुत्दैन, पोसिलो खानेकुरा पनि छैन’

**सुकुमवासी बस्तीबाट विस्थापित भएपछि आमा र शिशुको खानपान तालिका नै बिग्रिएको गुनासो, पोसिलो खानेकुरा चाहिने बेला माछामासु, अन्डा पनि खान नपाइने ठाउँमा सेल्टर**



कीर्तिपुरस्थित होल्डिङ सेन्टरमा चारमहिने छोरीसँग सविना नेपाली । सिनामंगलस्थित सुकुमवासी बस्तीबाट विस्थापित भएर शनिबार उनी कीर्तिपुर पुगेकी हुन् । तस्बिर : आरती पौडेल/कान्तिपुर

**आरती पौडेल** (काठमाडौं)

विस्थापित सुकुमवासीलाई राखिएको कीर्तिपुरस्थित होल्डिङ सेन्टरको एउटा कुनामा नवजात शिशुलाई स्तनपान गराउँदै थिइन् ३५ वर्षीया सविना नेपाली । गत शनिबार उनी चारमहिने छोरी काखी च्यापेर यहाँ आइपुगेकी हुन् ।

मंगलबारको पानीले यहाँ बसेका धेरै विस्थापितको ओछ्यान भिजेपछि उनीहरूलाई टेन्ट दिइएको रहेछ । त्यही टेन्टको एकछेउमा उनी थिइन् । छेवैमा थियो, लत्ताकपडा कोचिएको जेब्रा झोला, बेबी वाइप्स अनि पानी तताउने विद्युतीय जग । उनले होल्डिङ सेन्टरमा बस्दाको हैरानी एकै सासमा सुनाइन्, ‘घरमा जे खान मन लाग्यो त्यही खाइन्थ्यो । यहाँ बिहान चिया बिस्कुट दिन्छन् । अरूलाई जे पकाएको छ, त्यही खान परेको छ ।’

विस्थापित हुनुअघिसम्म चारमहिने छोरीलाई आफ्नो समय अनुकूल खुवाउन सजिलो भएको तर होल्डिङ सेन्टर आएपछि खानपानको तालिका नमिलेको उनले सुनाइन् । भनिन्, ‘दूध खासै आउँदैन । घरमा हुँदा लिटो पकाएर खुवाउने गरेकी थिएँ । यहाँ त्यसरी कसरी खुवाउन सक्नु ? तातोपानीमा स्यार्लेक्स घोलेर खुवाउने गरेकी छु ।’

शनिबार होल्डिङ सेन्टर आएकी उनले सुरुमा चार दिन टेन्टबिना नै सुत्नुपरेको र चारमहिने छोरी राति बारम्बार रुने गरेकाले आफूलाई र छेउछाउका अरूलाई सुत्न अप्ठ्यारो परेको सुनाइन् । ‘आज बिहान टेन्ट पाइयो,’ उनले भनिन्, ‘हिजो-अस्ति त लामखुट्टेले पनि बेस्सरी सतायो । छोरीको मुखैभरि, ज्यानैभरि टोकेर बस्नखान गरेन । लामखुट्टेले सतायो भनेपछि अस्ति भ्रुल पाएँ ।’ सविनाको अनुभवले विस्थापितहरूलाई होल्डिङ सेन्टरमा राख्नुअघि सरकारी तयारी के कस्तो रहेछ भनेर बुझाउँछ ।

सुरुका दिनमा त्यहाँ ल्याइएका धेरै विस्थापितहरूले भनेको समयमा तातोपानी पनि खान नपाएको समस्या सुनाएका थिए । सविना जस्ता स-साना बाबुनानी स्याहारिरहेका र बिरामीले भनेका बेला तातोपानी खान नपाएको गुनासो सुनाएका थिए । विस्थापित सुकुमवासीले आफ्ना समस्या साझा गर्न बनाइएको एक म्यासेन्जर ग्रुपमा आएको एउटा अडियो कान्तिपुरले प्राप्त गरेको थियो । जसमा ८/१० महिनाकी शिशुकी एक महिलाले भनेकी छन्, ‘यहाँ दूध पाउडर वा लिटो पाइन्न । तातोपानी तताउने व्यवस्था पनि छैन । दूधले बच्चालाई पुग्दैन । सुरुको २/३ दिन त मैले कति अनुरोध गर्दा पनि दिनमा एक पटक मात्रै लिटो पकाउन सकें ।’

सविना जस्तै दुधे बच्चा हुर्काइरहेका आमाहरू राधास्वामी सत्संग केन्द्रभित्र माछामासु खाना नपाइने नियमको मारमा पनि परेका छन् । कान्तिपुरलाई प्राप्त अडियोमा एक महिलाले भनेकी छन्, ‘यहाँ माछामासु त के अन्डा पनि खान पाइँदैन ।’ **बाँकी पृष्ठ ९**

## ४० भन्दा बढी कानुन अध्यादेशबाट संशोधन गरिँदै

**संसद् छल्दै सिफारिस गरिएका ऐन स्वीकृत नगर्न राष्ट्रपतिलाई विपक्षी चार दलको आग्रह, सरकारले सही नियत र उद्देश्यसहित अध्यादेश जारी गर्न खोजेको सत्तारूढ रास्वपाको दाबी**

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)

संसदीय प्रक्रिया छलेर कानुन संशोधन गर्न सरकारले एकपछि अर्को अध्यादेश अघि बढाइरहेको छ । राष्ट्रपति कार्यालयमा सोमबार दुई अध्यादेश पठाएको मन्त्रिपरिषद्ले मंगलबार थप तीन अध्यादेश सिफारिस गरेको छ । राष्ट्रपतिबाट अध्यादेश जारी भने भइसकेको छैन ।

मन्त्रिपरिषद्ले सोमबार संवैधानिक परिषद् (काम, कर्तव्य र अधिकार तथा कार्यविधि) सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०६६ र सहकारी ऐन, २०७५ लाई संशोधन गर्ने अध्यादेश सिफारिस गरेको थियो । मंगलबार भने विश्वविद्यालय ऐन, स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन र केही नेपाल ऐन संशोधन अध्यादेश सिफारिस गरिएको हो । राष्ट्रपति कार्यालयका एक अधिकारीहरूका अनुसार अझै केही अध्यादेश आउने भनेर कर्मचारीहरूलाई जानकारी गराइएको छ ।

प्रधानमन्त्रीकी प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार केही नेपाल ऐनअन्तर्गत २० ऐनलाई संशोधन गर्न अध्यादेश सिफारिस गरिएको छ । त्यसअन्तर्गत शिक्षा, निजामती सेवा, मालपोत, जग्गा (नापजाँच), प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, नागरिक लगानी कोष, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन छन् । विश्वविद्यालय अनुदान आयोग, स्वास्थ्य सेवा, वैदेशिक रोजगार, संघीय संसद् सचिवालय, भूउपयोग, वन, सार्वजनिक खरिद, बिमालगायतका ऐन पनि अध्यादेशबाट संशोधन गर्न लागिएको हो ।

प्रधानमन्त्री कार्यालयका एक अधिकारीका अनुसार विश्वविद्यालयसम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश पनि सिफारिस गरिएको छ, जसअन्तर्गत १६ विश्वविद्यालयका ऐन छन् । यस्तै, स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही ऐन संशोधन अध्यादेशमार्फत ७ प्रतिष्ठानका ऐन संशोधन गर्न लागिएको छ ।

विश्वविद्यालय र प्रतिष्ठानमा रहेका पदाधिकारीको पदावधि खारेजीसम्बन्धी व्यवस्था अध्यादेशमार्फत संशोधन गर्न लागिएको ती अधिकारीले बताए । सबै विश्वविद्यालय र प्रतिष्ठानमा उपकुलपति र रजिस्ट्रारको व्यवस्था छ, कतिपयमा रेक्टर पदसमेत छ । ती सबैको पदावधि चार वर्षको हुने कानुनी व्यवस्था छ ।

अध्यादेशमार्फत विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीको पदावधि खारेज गरेर नयाँ पदपूर्तिको बाटो खुलाउने गरी कानुन संशोधन गर्न लागिएको प्रधानमन्त्री कार्यालयका एक अधिकारीले बताए । ‘अध्यादेशमा पदाधिकारीको कार्यावधि व्यवस्था गरिएको छैन,’ उनले भने ।

पदावधि तोकेर नियुक्ति गर्दा अवधि नपुग्दै निकाल्न पाइँदैन भनेर सर्वोच्च अदालतले थुप्रै पटक अन्तरिम आदेश जारी गरिसकेकाले सरकारले चलाखी अपनाएको हुन सक्ने एक कानुन व्यवसायीले बताए । विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानमा राजनीतिक दलका विद्यार्थी संगठनहरू खारेज गरिने व्यवस्था पनि अध्यादेशमार्फत गरिँदै छ ।

प्रधानमन्त्रीकी प्रेस तथा अनुसन्धान विज्ञ दाहालले राजनीतिक प्रभाव र पहुँचका आधारमा विगतमा नियुक्त तथा मनोनीत सार्वजनिक पदाधिकारीको पदमुक्तिबारे विशेष व्यवस्था गर्ने गरीसमेत ऐन संशोधन गर्ने अध्यादेश पनि सिफारिस गरिएको जानकारी दिइन् । तर यो अध्यादेश राष्ट्रपति कार्यालयमा पुगेकोबारे खुलाइएको छैन । **बाँकी पृष्ठ ९**

### संशोधन गर्न लागिएका ऐन

- संवैधानिक परिषद् ऐन
- सहकारी ऐन
- १६ विश्वविद्यालयका ऐन
- ७ स्वास्थ्य विज्ञान प्रतिष्ठानका ऐन
- केही नेपाल ऐनअन्तर्गत २० ऐन (शिक्षा, निजामती सेवा, मालपोत, जग्गा (नापजाँच), प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, नागरिक लगानी कोष, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय अनुदान आयोग, स्वास्थ्य सेवा, वैदेशिक रोजगार, संघीय संसद् सचिवालय, भूउपयोग, वन, बिमा, सार्वजनिक खरिदलगायत)




## साइबर कानुनको दफा ४७ : नागरिक आवाज थुन्ने सरकारी हतियार

**अभिव्यक्ति स्वतन्त्रतासँग जोडिएका साइबर क्राइमसम्बन्धी मुद्दामा काठमाडौं जिल्ला अदालतको पछिल्लो दशकका फैसला कान्तिपुरले विश्लेषण गर्दा आरोपितमध्ये ४५ प्रतिशतले तोकिएको कैदभन्दा बढी अवधि कारागारमा बिताएको देखिन्छ**

**तुफान न्यौपाने र दया दुदराज** (काठमाडौं)

सूचना तथा सञ्चार मन्त्रालयले गतसाता एउटा सूचना जारी गर्‍यो- ‘आधिकारिक निकायबाट पुष्टि नभएका सामग्री’ प्रकाशन गर्ने सञ्चारमाध्यमलाई साइबर क्राइमसम्बन्धी कानुनअन्तर्गत कारबाही गर्न सकिनेछ । लगत्तै नेपाली सेनाले पनि कानुनको नाम उल्लेख नगरी त्यस्तै चेतावनीसहितको अर्को विज्ञप्ति जारी गर्‍यो- सैनिक नेतृत्वलाई लक्षित गरिएका ‘तथ्यहीन सूचना एवम् अभिव्यक्तिको नियमित निगरानी गरिरहेको’ र त्यस्ता कार्य गर्ने व्यक्तिलाई ‘कानुनको दायरामा ल्याउने’ ।

सूचना-प्रविधि विज्ञ दोभान राई सेनाको विज्ञप्तिलाई ‘नागरिकलाई दिइएको धम्की’ का रूपमा अर्थ्याउँछिन् । ‘यस्तो धम्कीले लोकतान्त्रिक आन्दोलनको मर्म र वाक् स्वतन्त्रतामाथि नै प्रहार गर्छ,’ उनले भनिन् ।

नेपालमा साइबर क्राइमसम्बन्धी कानुन (विद्युतीय कारोबार ऐन) को कार्यान्वयनलाई विश्लेषण गर्दा राईको यस्तो टिप्पणी अस्वाभाविक होइन । पत्रकार र सामाजिक सञ्जालका दर्जनौं प्रयोगकर्ता त्यस्ता चेतावनी र त्यसपछिको कारबाहीबारे भुक्तभोगी छन् । २०६३ मा बनेको विद्युतीय कारोबार ऐनलाई पछिल्लो दशकमा अभिव्यक्ति स्वतन्त्रालाई संकुचन पार्न कसरी प्रयोग गरिएको थियो भन्ने काठमाडौं जिल्ला अदालतका अभिलेख केलाउँदा छर्लङ्ग हुन्छ । २०८० सम्म काठमाडौं जिल्ला अदालत साइबर कसुरको मुद्दा हेर्ने देशभरको एकमात्र अदालत थियो । २०७० पछिको दशकमा उक्त अदालतले ७०० भन्दा बढी मुद्दा फैसला गरेकोमध्ये अभिव्यक्ति स्वतन्त्रता र पत्रकारितासँग जोडिएका




७० वटा मुद्दा थिए । ती फैसलामाथि कान्तिपुरको विश्लेषणले यो कानुन पत्रकार, व्यंग्यकार र आमनागरिकको आवाज दबाउन पनि प्रयोग भएको देखाउँछ । तीमध्ये अधिकांश मुद्दाको मूल विषय कम्प्युटर, मोबाइल फोन वा इन्टरनेट जस्ता प्रविधि जोडिएको छुट्टै अपराध नभएर इन्टरनेटको माध्यममा अभिव्यक्त भएका विचार र समाचारसँग सम्बन्धित थिए । यी तथ्यले बितेको दशकमा यो कानुनको कति व्यापक दुरुपयोग भएको थियो भन्ने देखाउँछन् । **बाँकी पृष्ठ २**

# साइबर कानुनको दफा ४७ : नागरिक आवाज...

**अभिव्यक्ति स्वतन्त्रताको पक्षमा भएको जेन-जी आन्दोलनको जगमा वालेन्द्र शाह नेतृत्वको सरकार बनेको एक महिना नबित्दै पत्रकार र सामाजिक सञ्जाल प्रयोगकर्तालाई साइबर क्राइममा कारबाहीको चेतावनी दिएको छ । राजाको शासनमा नागरिकको डिजिटल अभिव्यक्तिलाई नियन्त्रण गर्ने उद्देश्यसहित ल्याइएको कानुनलाई जनआन्दोलनपछि पुनःस्थापित प्रतिनिधिसभाले एउटा पूर्णविराम र अल्पविरामसमेत परिवर्तन नगरी पारित गरेको थियो ।**

पृष्ठ १ बाट क्रमशः

**एक दशकमा जे देखियो**

कान्तिपुरको विश्लेषणबाट पत्ता लागेका मुख्य तथ्य यस्ता छन् :

- अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी मुद्दामध्ये ६४ प्रतिशतमा आरोप लागेका व्यक्तिलाई सुरुमै पक्राउ गरिएको थियो । आरोपितहरूले औसतमा ३८ दिन हिरासतमा बिताएका थिए ।
- राजनीतिक प्रकृतिका अभिव्यक्तिका लागि कम्तीमा दुई जना एक वर्षसम्म थुनामा बसेका थिए । एक वर्षको सजाय गत दशकमा यो प्रकृतिका मुद्दामा सुनाइएको अधिकतम सजाय थियो र उनीहरू दुवै जनालाई धरौटीको मौकासमेत दिइएको थिएन । अन्तिम फैसला हुँदा तीमध्ये एक जनाले आफूलाई तोकिएको सजायभन्दा ५ महिना बढी हिरासतमा बिताइसकेका थिए । समग्रमा ३२ वटा मुद्दाका आरोपित व्यक्तिले फैसलामा उनीहरूलाई तोकिएको सजायभन्दा बढी अवधि हिरासतमा बिताएका थिए ।
- चलाइएका मुद्दामध्ये ९७ प्रतिशत (७० वटा) मा पीडित भनिएका नेताहरू वा प्रहरी संगठनलाई क्षति पुगेको दाबी गरिएको थियो, जबकि तीमध्ये १० प्रतिशतभन्दा पनि कममा मात्र अदालतले वास्तवमा ती पीडित भनिएका व्यक्ति र निकायहरूलाई क्षति पुगेको ठहर गर्‍यो ।
- ८० प्रतिशत मुद्दा सार्वजनिक व्यक्ति-निकाय लक्षित राजनीतिक प्रकृतिका टिप्पणीमाथि दायर गरिएका थिए र त्यति नै संख्याका मुद्दाहरू प्रहरी, गृह मन्त्रालय, राष्ट्रपतिको कार्यालय जस्ता सरकारी अड्डा वा नेताहरूको सक्रियतामा दायर भएका थिए । अर्थात् राज्यले पीडितको उजुरीका आधारमा होइन कि, आफ्ना आलोचकको मुख थुन्न आफैं अग्रसर भएर मुद्दा चलाएको थियो ।

यस्ता मुद्दा कस्ता व्यक्तिका विरुद्ध चलाइएको थियो भन्ने केही उदाहरणमा हेरौं ।

इटहरी-१ सुनसरीका एक १६ वर्षीय बालकलाई तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी र तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको आवाज नक्कल गरेको र 'अपमानजनक शब्द' प्रयोग गर्दै भिडियो बनाएको आरोपमा प्रहरीले पक्राउ गर्‍यो । अनुसन्धानका लागि थुनामा राखियो, उनको फोन र कम्प्युटर सीपीयू जफत गरियो । बालकले आफैंले भिडियो नबनाएको बरु अन्यत्रै भेटेपछि तिनलाई 'ट्रोल सुनसरी' पेजमा पोस्ट मात्र गरेको बताए । तर, अदालतले उनलाई अनुसन्धानका लागि थुनामा राखिएको दिन बराबर कैद सजाय (फैसलामा कति दिन भन्ने उल्लेख नै छैन), पाँच हजार जरिवाना र मोबाइल जफत हुने फैसला गर्‍यो ।

तत्कालीन प्रधानमन्त्री देउवा र प्रहरी संगठनलाई मानमर्दन हुने भिडियो बनाएको भन्दै अध्ययनका लागि अस्ट्रेलिया पुगेका र मानसिक बिरामी भई उपचाररत २२ वर्षीय साकार अधिकारीलाई पनि उस्तै प्रकृतिको राजनीतिक अभिव्यक्तिका लागि त्यसैगरी मुद्दा चलाइयो । नेपाल फर्केर मानसिक अस्पताल लगनखेलमा उपचार गराइरहेका बखत उनलाई अदालत ल्याइयो । थुनाभन्दा बाहिर बसेर मुद्दा लड्ने सुविधाका लागि ५० हजार रुपैयाँ धरौटी मागियो । अन्तिममा न्यायाधीश कृष्णप्रसाद पौडेलले मानसिक बिरामी भएको अवस्थामा गरेको फेसबुक पोस्टका लागि कुनै सजाय गर्न नमिल्ने भन्दै सफाइ दिए ।

यही अवधिमा थुप्रै व्यक्तिलाई तत्कालीन राष्ट्रपति भण्डारी र तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको तस्बिरहरू काँटछाँट गरी पोस्ट गरेको भन्दै मुद्दा चलाइएको थियो ।

त्यसैमध्येका एक हुन्, त्रियुगा-१२ फूलचोक उदयपुरका २९ वर्षीय सरोज निरौला । उनलाई भण्डारीको स्वकीय सचिवालयको पत्रका आधारमा प्रहरीले पक्राउ गरेर राष्ट्रपतिको 'मानमर्दनमा आँच आउने अशोभनीय तस्बिर पोस्ट गरेको' आरोप लगाएको थियो । अदालतमा दर्ता अभियोग पत्र र फैसला हेर्दा निरौलाले पोस्ट गरेको भनिएको तस्बिर कस्तो थियो, क्याप्सनमा के लेखिएको थियो र त्यो कसरी साइबर अपराध भयो भन्ने साधारण विवरण पनि खुलाएको देखिँदैन । अदालतमा निरौलाले तस्बिर आफैंले सम्पादन नगरेको, अर्को कुनै पेजबाट डाउनलोड गरेको र उक्त पोस्ट उपयुक्त छैन भन्ने लागेपछि एक घण्टामै हटाएको बताए । उनले त्यसपछि फेसबुकमा स्टाटस नै लेखेरै राष्ट्रपतिसँग माफी मागेका थिए । तर, अदालतले उनलाई धरौटीमा छाड्नसमेत मानेन, पुर्पक्षका लागि थुनामा पठायो । अर्थात् उनी उक्त मुद्दाको अन्तिम फैसला नहोउन्जेलसम्म कारागारमा बस्नुपर्ने भयो ।

उनी पक्राउ परेको तीन महिना २६ दिनपछि फैसला गर्दा न्यायाधीश मेदिनीप्रसाद पौडेलले निरौलाको थुना अवधि मिलान गर्ने गरी ठ्याक्कै त्यति नै अवधि कैद र एक हजार जरिवाना गरे । निरौलालाई जस्तै पक्राउ गरी साइबर कानुनअनुसार कारबाही गर्न भण्डारी राष्ट्रपति भएका बखत उनको सचिवालयले दर्जनभन्दा बढी पटक प्रहरीलाई अह्राएको थियो ।

यसरी अधिकांश मुद्दामा अदालतले अभियुक्तलाई दोषी ठहर्‍याउने फैसला गरेका छन् । कान्तिपुरको विश्लेषणमा अभिव्यक्ति स्वतन्त्रतासँग जोडिएका ७० वटा मुद्दामध्ये ६० प्रतिशतमा अदालतले दोषी पाएको देखिन्छ । सफाइ दिएका केही फैसलामा भने अदालतले अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न प्रहरीलाई सम्झाएको छ ।

उदाहरण- बुढानीलकण्ठ -१३ बस्ने खोटाङका तारा नाछिरिङले '३ करोड जनतालाई गुमराहमा राखेर राष्ट्रको ढुकुटी खोक्रो पार्ने चर्चित राष्ट्रिय डाँकाहरूको अनुहार हेर, थुक्क,' भन्ने स्टाटस लेखी ओली, दाहाल र तत्कालीन मन्त्रीहरू ईश्वर पोखरेल, गोकुल बास्कोटा, भानुभक्त ढकाल र योगेश भट्टराईको तस्बिर पोस्ट गरेका थिए । यीमध्ये कोही पनि नेताले त्यस्तो पोस्टले आफूहरूलाई मर्का परेको उजुरी गरेका थिएनन् । प्रहरी निरीक्षक प्रदिन ताम्राकारले नाछिरिङलाई साइबर क्राइममा कारबाही गर्न प्रतिवेदन खडा गरे ।

नाछिरिङलाई पक्राउ गरी मुद्दा चलाइयो । अदालतले २५ हजार धरौटी माग्यो ।

अन्तिम फैसला हुँदा जिल्ला न्यायाधीश विनोदकुमार पोखरेलले नाछिरिङले कुनै अपराध नगरेको बरु अभिव्यक्ति स्वतन्त्रताको उपयोग गरेको ठहर्‍याए । बृहत् संवैधानिक व्याख्या गर्दै नाछिरिङलाई सफाइ दिँदा न्यायाधीशले मुख्यतः चारवटा तर्क गरेका छन् । एक, फोटोमा देखाइएका नेताहरू आफैंले हरेक दिन एक-अर्काविरुद्ध त्यो पोस्टभन्दा पनि कडा भाषामा सार्वजनिक मञ्चमा आरोप लगाउँछन् र त्यसलाई अभिव्यक्ति स्वतन्त्रता भन्ने गरिन्छ भने उनीहरूमाथि जनताले गर्ने मूल्यांकनलाई अपराध भन्न मिल्दैन । दुई, त्यस्ता पोस्टसहित ती नेताहरूका तस्बिर अरू धेरै मानिसहरूले पनि फेसबुकमा राखिरहेका छन्, एक जनालाई मात्र दोषी ठहर्‍याउनु समानताको सिद्धान्तविपरीत हुन्छ । तीन, घृणा-द्वेष फैलाइयो भनिएकामध्ये कुनै पनि नेता पीडितका रूपमा उजुरी गर्न वा अदालतमा बयान दिन आएनन्, पीडित नै नदेखिएको मुद्दामा क्षतिपूर्तिको अभियोग कसका लागि हो ? र, अन्तिममा, न्यायाधीश पोखरेलले भनेका छन्, नाछिरिङको पोस्ट आपराधिक नियतको थिएन बरु त्यसले 'आमजनभावनाको प्रतिनिधित्व' गरेको थियो, त्यसलाई साइबर क्राइम भन्न मिल्दैन ।

त्यस्तै २०७९ मा दीपकराज जोशीले फेसबुकमा लेखे, 'कलंकी मित्रनगर एरियामा भर्खरै गस्तीमा आएका २ जना प्रहरीहरू फुल मापसे गरेर हिँडेको देखियो, यसको निगरानी कसले गर्छ ?'

डिलाइट क्याफेमा खाना खाँदै गरेका उनलाई प्रहरीले तुरुन्तै क्याफे बन्द गर्न आदेश दिएका थिए, जोशीले थप केही समय मागेका थिए । प्रहरीले जबर्जस्ती बन्द गराएपछि जोशीले ती प्रहरीले मापसे गरेको पनि हुन सक्छन् भन्ने अनुमानमा उनीहरूको नाम र तस्बिर समावेश नगरी त्यस्तो पोस्ट गरेका थिए । तर, प्रहरीले जोशीलाई पक्राउ गरेर साइबर क्राइम मुद्दा लगायो ।

अदालतले अन्तिममा भन्यो, 'राज्य संयन्त्रको ध्यानाकर्षणसम्म गराइएको अवस्था हुँदा साइबर क्राइम भन्न मिलेन ।' तर, त्यतिन्जेल जोशीलाई प्रहरीले २३ दिन थुनिसकेको थियो ।

सार्वजनिक निकायप्रतिको नागरिकको प्रश्नलाई 'सार्वजनिक नैतिकताविरुद्ध' भनेर फौजदारी मुद्दा चलाइएका यस्ता घटना थुप्रै छन् । जोशी जस्तै, निर्दोष हुँदाहुँदै पनि उनीहरूले जेल सजाय भोगेका छन् । मुद्दा चलाइएकामध्ये ४५ प्रतिशत (३२ वटा) मुद्दाका अभियुक्तले यसैगरी अतिरिक्त समय थुनामा बिताएका छन् । उनीहरूमध्ये कतिपय निर्दोष सावित भएका छन्, जोशीजस्तै । कतिपय भने दोषी ठहर भए पनि अदालतले तोकेको भन्दा बढी समय सजाय भोगेका छन् ।

यस विश्लेषणको चाखलाग्दो पक्ष के देखिन्छ भने एउटै प्रकारका अभिव्यक्तिमा पनि फरक-फरक फैसला भएका छन् । झलनाथ खनालको फोटोमा 'यमराजले मृत्युको सन्देश दिइसक्यो' भन्ने टिकटक पोस्ट गर्नेलाई सफाइ दिइएको छ, ओलीलाई 'भ्रष्टाचारी' भनेकोमा कुनैमा सफाइ त कुनैमा दोषी पाइएको छ । दाहाललाई १७ हजार मान्छेको हत्यारा भन्ने कसैलाई सफाइ त कसैलाई दोषी ठहर्‍याइएको छ । भण्डारीलाई रानीको भन्दा महँगो गाडी चढेकी भन्नेलाई दोषी ठहर्‍याउँदै जेल पठाइएको छ ।

यी सबै मुद्दाहरूमा फैसला गर्दा न्यायाधीशले विद्युतीय कारोबार ऐनको दफा ४७ को प्रयोग गरेका छन् । तर, दफा ४७ यति अस्पष्ट छ कि, को दोषी र को निर्दोष हुन्छ भन्ने कुरा अभिव्यक्तिको विषयवस्तुका आधारमा होइन कि न्यायाधीशको व्याख्याले निर्धारण गरिरहेको छ ।

**दफा ४७ को जरो : शाही सत्ताको अध्यादेश**

१९ माघ २०६१ मा राजा ज्ञानेन्द्रले शासन हातमा लिएर संसद् भंग गरेपछि अध्यादेशबाटै शासन चलाउन सुरु गरे । त्यो अस्थिर राजनीतिक वातावरणमा, २७ भदौ २०६२ मा, विद्युतीय कारोबार अध्यादेश जारी भयो । त्यसको दफा ४७ ले इन्टरनेट वा कम्प्युटरमार्फत 'सार्वजनिक नैतिकता र शिष्टाचारविरुद्धको,' 'घृणा-द्वेष फैलाउने' वा 'जातजाति र सम्प्रदायबीचको सम्बन्धलाई खलल पार्ने' सामग्री प्रकाशनमा रोक लगायो ।

ऐनमा ती शब्दावलीको परिभाषा छैन । तिनको व्याख्या व्यक्तिपिच्छे फरक हुन सक्छ । त्यस्तो अन्योलकै बीच दोषीलाई पाँच वर्षसम्म कैद र एक लाखसम्म जरिवानाको व्यवस्था गरिएको छ, र त्यो व्यवस्था अहिले पनि कायम छ ।

मार्टिन चौतारीको नीतिपत्र 'विद्युतीय कारोबार ऐन, २०६३ निर्माणको पृष्ठभूमि र निर्माण प्रक्रिया' मा उल्लेख भएअनुसार, यो अध्यादेशलाई निष्क्रिय हुन नदिन संसद् चलेको ६ महिनाभित्र पारित गर्नुपर्ने बाध्यता थियो र उक्त विधेयकमाथि खासै बहस नगरी व्यवस्थापिका संसद्ले फटाफट पास गर्‍यो, दफा ४७ त हुबहु नै राखियो ।

विद्युतीय कारोबारलाई नियमन गर्ने कानुन निर्माणको पहल २०५८ देखि नै भएको थियो । चौतारी आबद्ध अध्येता हर्षमान महर्जनले हिमालखबरमा 'दफा ४७ को खतरा' शीर्षकमा लेखेका छन्, 'उक्त अध्यादेशमा २०५८ मा भन्दा अपराधको दायरासम्बन्धी व्याख्या, जरिवाना रकम र कैद अवधि बढाइएको थियो ।'

राजाले शासन हातमा लिएको राजनीतिक परिस्थितिमा नागरिकको डिजिटल अभिव्यक्तिलाई नियन्त्रण गर्ने उद्देश्यसहित राखिएको उक्त दफा जनआन्दोलनको सफलतापछि पुनःस्थापित प्रतिनिधिसभाले एउटा पूर्णविराम र अल्पविरामसमेत परिवर्तन नगरी पारित गर्‍यो । 'शाही अध्यादेशमा रहेको दफा ४७ लाई जस्ताको त्यस्तै ऐनमा राखिसकेपछि पनि कहिल्यै संशोधन गरिएन,' चौतारीका अनुसन्धानकर्ता महर्जन भन्छन् ।


प्रतिनिधिसभाले चाहेको भए उक्त दफा हटाउन सक्थ्यो वा उक्त दफाको प्रयोग नागरिकको अभिव्यक्ति स्वतन्त्रताविरुद्ध हुन नसक्ने गरी त्यसयताका कुनै पनि संसद्ले संशोधन गर्न सक्थे । महर्जनले हिमालखबरमा लेखेका छन्, 'पत्रकार र मानवअधिकार क्षेत्रबाट दफा ४७ को आलोचना भएको सन्दर्भमा विद्युतीय कारोबारसँग असम्बद्ध अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने प्रावधान संशोधन गर्न वा हटाउन सकिन्थ्यो । यसको दुरुपयोग गर्नेलाई सजाय वा बदनियतपूर्वक चलाइएको कारबाहीका कारण पीडित भएकालाई क्षतिपूर्तिको व्यवस्था गर्ने विकल्प पनि थियो । तर, ...राजनीतिक आस्थाका आधारमा प्रतिशोध लिन र व्यक्तिगत रिसइबी साध्न आजसम्म दफा ४७ को दुरुपयोग भइरहेकै छ ।'

सर्वोच्च अदालतले एक फैसलामा दफा ४७ अन्तर्गतका मुद्दाको व्याख्या ऐनको प्रस्तावनाअनुरूप हुनुपर्ने आदेश दिएको छ, प्रस्तावनाले यो ऐन मूलतः डिजिटल कारोबारलाई 'भरपर्दो र सुरक्षित बनाउन' बनेको बताएको छ । अर्थात् व्यक्तिको अभिव्यक्ति नियन्त्रण गर्ने उद्देश्यले यो ऐन बनेकै थिएन ।

यो समस्यालाई महान्यायाधिवक्ताको कार्यालयको अनुसन्धानले पनि स्वीकार गरेको छ । 'नेपालमा साइबर कसुरसम्बन्धी कानुनको प्रभाव मूल्यांकन, अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०८१' ले 'दफा ४७ को प्रावधानमा 'कम्प्युटरसम्बन्धी कसुर' का तत्त्वहरू अस्पष्ट, अन्योलपूर्ण, विरोधाभाषी रहेको उल्लेख गरेको छ । भनिएको छ, 'संविधानद्वारा प्रदत्त विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकारको सम्मान र संरक्षण हुने गरी कानुन परिमार्जन गर्नुपर्ने' आवश्यकता छ ।

अधिवक्ता पवित्रा राउत सरकारले यो कानुनलाई अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने 'हतियार' का रूपमा प्रयोग गरिरहेको बताउँछिन् । 'अभिव्यक्ति स्वतन्त्रता मौलिक अधिकार हो । यस्तो आधारभूत अधिकारलाई नियन्त्रण गर्न साइबर क्राइमसम्बन्धी कानुनको सहारा लिनु हुँदैन,' उनले भनिन् । 'नेपालमा साइबर क्राइमसम्बन्धी एक अध्ययन : चुनौती र सिफारिसहरू' शीर्षकमा राष्ट्रिय न्यायिक प्रतिष्ठानले प्रकाशन गरेको प्रतिवेदनले पनि यो कानुन नेपालमा विद्युतीय हस्ताक्षर नियमन गर्ने उद्देश्यले बनाइएको तर साइबर क्राइमका लागि प्रयोग भइरहेको उल्लेख गरेको छ । 'हाम्रो अध्ययनले अधिकांश मुद्दाहरू दफा ४७ अन्तर्गत गालीबेइज्जती र चरित्रहत्या जस्ता विषय नियमन गर्न प्रयोग भएको देखियो, तर, त्यसका लागि छुट्टै कानुन छँदै छ,' प्रतिवेदनमा भनिएको छ ।

फ्रिडम फोरमका कार्यकारी प्रमुख तारानाथ दाहालले विद्युतीय कारोबार ऐनलाई पत्रकारितालाई नियमन गर्ने कानुनका रूपमा पनि प्रयोग हुँदै आएको बताए । 'दफा ४७ को दुरुपयोग गरेर नागरिक र मिडिया दुवैलाई दमन गर्ने काम भइरहेको छ,' उनले भने । अभिव्यक्ति स्वतन्त्रता नियन्त्रण गर्न साइबर कानुनको प्रयोग आजसम्म जसरी हुँदै आएको थियो, त्यो नयाँ सरकार गठनपछि पनि निरन्तर छ ।



दफा ४७ को दुरुपयोग गरेर नागरिक र मिडिया दुवैलाई दमन गर्ने काम भइरहेको छ

● तारानाथ दाहाल  
कार्यकारी प्रमुख, फ्रिडम फोरम

अभिव्यक्ति स्वतन्त्रता मौलिक अधिकार हो । यस्तो आधारभूत अधिकारलाई नियन्त्रण गर्न साइबर क्राइमसम्बन्धी कानुनको सहारा लिनु हुँदैन

● पवित्रा राउत  
अधिवक्ता

**नयाँ सरकार हिंडेको पुरानै बाटो**

पाँचथरको फाल्गुनन्द-७ का रोशन पोखरेल गत २६ चैतमा पक्राउ परे । वालेन्द्र शाहको नेतृत्वमा नयाँ सरकार गठन भएको दुई साता मात्र भएको थियो, 'हेड्स' नामक युट्युब च्यानलमा प्रधानमन्त्री शाहको आलोचना गर्दा साइबर क्राइम गरेको आरोपमा उनलाई प्रहरीले पक्राउ गर्‍यो । पोखरेलले युट्युबमा प्रधानमन्त्री शाह र मन्त्रीहरूको कार्यशैली पुराना दलका नेताको भन्दा फरक नरहेको भन्दै आलोचनात्मक विचार राखेका थिए ।

नेपाल प्रहरीको साइबर ब्युरोले उक्त भिडियोका विषयमा 'इन्क्वायरी' (सोधपुछ) गर्न निर्देशन दिएपछि पाँचथर प्रहरीले भिडियोहरूको अध्ययन गरी उनलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रवक्ता, प्रहरी निरीक्षक रामचन्द्र शाहले बताए । 'साइबर ब्युरोबाट उनीमाथि निगरानी गर्नु भनेपछि हामीले उनका भिडियोहरू हेर्‍यौं, विवादित देखिएपछि पक्राउ गरेका हौं,' शाहले भने । पक्राउ परेका पोखरेलविरुद्ध विद्युतीय कारोबार ऐन-२०६३ को दफा ४७ अन्तर्गतको कसुरमा जिल्ला अदालत पाँचथरमा मुद्दा दायर गरिएको छ ।

त्यस्तै गत साता कञ्चनपुरका पत्रकार बासुदेव धामीविरुद्ध जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले साइबर अपराधमा अनुसन्धानका लागि पक्राउ पुर्जी जारी गरेको छ । पश्चिम समाचार दैनिकमा प्रकाशित समाचारका विषयमा बेलडाँडी गाउँपालिका उपाध्यक्ष शान्ति नाथले उजुरी दिएपछि साइबर ब्युरोको निर्देशनमा जिल्ला प्रहरी कार्यालयले विद्युतीय कारोबार कसुरअन्तर्गत मुद्दा चलाउन पक्राउ पुर्जी जारी गरेको हो । पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले विज्ञप्ति जारी गरी समाचारसँग सम्बन्धित विषय प्रेस काउन्सिलको क्षेत्राधिकारमा पर्ने स्मरण गराउँदै पत्रकारलाई फौजदारी अभियोग लगाएकोमा विरोध गरेका छन् ।

फ्रिडम फोरमका कार्यकारी प्रमुख दाहाल भन्छन्, 'यसले त ओली शासनकै झल्को दियो, मिडियाको विषयवस्तु नियमन गर्न विद्युतीय कारोबार ऐन प्रयोग गर्न पाइँदैन ।' सञ्चार मन्त्रालयको हालैको विज्ञप्ति र पत्रकारमाथि साइबर कानुनअनुसार मुद्दा लगाउन खोजिएको विषयप्रति पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्माले आपत्ति जनाइन् । 'आचारसंहिता पालना नगर्ने सञ्चामाध्यमलाई हेर्ने निकाय प्रेस काउन्सिल हो, त्यसमा पनि चित्त नबुझे जाने न्यायिक निकाय छन्,' शर्माले फेसबुकमा लेखेकी छन् ।

मन्त्रालयले भने दर्ता नभई अनर्गल प्रचार गर्नेहरूलाई लक्षित गरिएको दाबी गरेको छ । मन्त्रालयका उपसचिव रवीन्द्रप्रसाद पौड्यालले भने, 'यो कुनै निरंकुश कदम होइन, विनम्रतापूर्वक गरिएको अनुरोध मात्र हो । अपुष्ट सूचना छ्यापछ्याप्ती हुँदा मन्त्रालय चुप लागेर बस्न मिल्दैन ।'

सूचना-प्रविधि विज्ञ दोभान राई डिजिटल इकोसिस्टममा अभिव्यक्ति स्वतन्त्रता र डिजिटल सुरक्षाबीच सन्तुलन हुनुपर्ने बताउँछिन् । 'तर, स्वतन्त्रता हनन हुँदा डिजिटल स्पेस सुरक्षित हुनुको साटो झन् आतंकित बनिरहेको छ,' उनले भनिन्, 'सरकारको प्राथमिकता कमजोर मानिसहरूलाई डिजिटल हिंसाबाट जोगाउने हुनुपर्ने हो, तर व्यवहारमा शक्तिशाली व्यक्तिहरूको मानप्रतिष्ठा जोगाउन र आलोचना गर्नेहरूलाई समात्न यो कानुनको दुरुपयोग भइरहेको छ ।'

गतवर्ष भदौको जेन-जी आन्दोलन सामाजिक सञ्जाल प्रतिबन्धको विरोधमा सुरु भएको थियो । अभिव्यक्ति स्वतन्त्रता खोस्ने सरकारको कदमको विरोधमा भएको आन्दोलनले ओली सरकार ढाल्यो । निर्वाचनपछि शाहको नेतृत्वमा नयाँ सरकार बनेको एक महिना नपुग्दै सञ्चार तथा सूचना मन्त्रालयले पत्रकार र सामाजिक सञ्जाल प्रयोगकर्तालाई फेरि त्यही दफा ४७ अन्तर्गत कारबाहीको चेतावनी दिएको छ । नेपाली सेनाले समेत नागरिकका डिजिटल क्रियाकलाप निगरानी गरिरहेको चेतावनी दिएको छ ।

सेनाको यस्तो चेतावनीले सात वर्ष पुरानो एउटा यस्तो घटना सतहमा ल्याइदिएको छ । २०७६ मा नेपाली सेना साइबर सुरक्षा शाखा, युद्धकार्य महानिर्देशनालय, जंगीअड्डाले कतारमा कार्यरत दाङका २१ वर्षका रुद्र केसीलाई पक्राउ गरी कारबाही गर्न साइबर ब्युरोलाई पत्र लेख्यो । उनले फेसबुकमा तत्कालीन प्रधानसेनापति पूर्णचन्द्र थापालाई कायर भन्दै उनको तस्बिर राखेर स्टाटस लेखेका थिए । जंगीअड्डाको उक्त पत्रमा 'मानहानि हुने गरी नेपाली सेनासम्बन्धी विभिन्न लाञ्छना लगाएको स्टाटस पोस्ट गरेको' उल्लेख छ । जंगीअड्डाले ब्युरोलाई लेखेको पत्रमा केसी कतारबाट ११ पुस बिहान ११ बजे कतार एयरलाइन्सको उडानबाट काठमाडौं उत्रने विवरण राखेर विमानस्थलबाटै पक्राउ गर्न भनिएको थियो । केसी त्रिभुवन विमानस्थलमा उत्रनेबित्तिकै पक्राउ परे ।

यो घटनाले सेनाले वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको सामाजिक सञ्जालका पोस्टहरू र उनीहरू कहिले, कुन समय र कुन उडानबाट यात्रा गर्छन् भन्ने जस्ता विवरण पनि निगरानी गरिरहेको देखाएको थियो । तर, त्यो सात वर्षअघिको कुरा थियो । अहिले सेनाले विज्ञप्ति नै निकालेर भनेको छ, 'हामीले नियमित निगरानी गरिरहेका छौं ।' यसले प्रश्न जन्माएको छ- नागरिकको डिजिटल क्रियाकलाप निगरानीको हद कहाँसम्म छ ?


## वर्गीकृत विज्ञापन

**घर जग्गा**

ललितपुर बागडोल, रिङ्गरोड नजिकै १६ फुटे बाटोमा ०-४-०-० आनामा बनेको २.५ तल्लाको आकर्षक घर बिक्रीमा सम्पर्क नं. ९७१३७६२५७९ (दलालले कष्ट नगर्नुहोला)

काठमाडौं विशालनगरमा ०-६-०-० जग्गाबिक्रिमा, 9841420589

वालुवाटार, दरबारमार्ग उपत्यकामा घरजग्गा खरिदबिक्री ९८५११६९४२३

**सम्पर्क**

सस्तोमा CASHDEPOSIT, धितोफुकुवा, बैंकलोन 9851154609

**विविध बिक्रीमा**

भक्तपुर कटुन्जेमा राम्रो घर, ९८६२४३५९०२

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

सस्तोमा ढल मंगाल जामखोल्ने 9841050858

सेफ्टीट्याङ्की सफाई ठूलोगाडीमा मेसिनबाट ९८५१०२४३६४

ढलट्वाइलेट मंगल जामखोल्ने सस्तोमा 9843999386

**भाडामा**

शास्त्रीमार्ग मैतीदेवीमा कम्पाउण्डयुक्त अढाईतल्ले आवस अफिस बस्नमिल्ने घर भाडामा ९८५१०२२९३६

7 Rooms Flat भाडामा:4 Bed Rooms, Living Room, Kitchen, Toilet, + One Room with attached Bathroom, Contact Time: Morning 9am to 12pm, Afternoon 2 pm to 5 pm 9840244344

**चाहियो**

पोल्ट्री फार्मको लागी कामदार चाहियो , ९८१३३१७४२४

जमल डेलिसियसमा अनुभबीकुक १ ३०,००० नेवारीकुक १ ३०,००० वेटर २ १८,००० ममबनाउने २ १८,००० ९८१३८३५४४१, ५३१५६७७

English, Nepali, Science, Math, Social, Secondary Level Teacher चाहियो 014964778 बसुन्धारा

सहकारी बागबजारमा प्रबन्धक स्नातक 9841607310

गङ्गबुस्थित रेष्टुरेन्टकोलागि अनुभवि अलराउन्डर कुक २जना तुआवश्यकता 9851027935 खानबस्नको व्यवस्था

नयाँसेटअप गर्नसक्ने दक्ष/कुक, म:म:मेकर, वेटरचाहियो 9863-337103

काठमाण्डौको क्याफेमा इन्डो चाइनिज बनाउने कुकचाहियो 9851124514

सेकुवा रेष्टुरेण्टकोलागी हेल्पर कुक, वेट्रेस चाहियो 9851364361 चुनिखेल, बुढानिलकण्ठ

Car Wash Job Opening, Location: Tinkune, Male, Female Salary:-15000/-, 9851161805

हेडवेटर तलब २०,०००।-, न्यूरोड ९८५१०४१५७२

कौशलटारको तन्दुरीलाई मेनकुक, तन्दुरीकुक ९८५११२५००१

कन्टिनेन्टल कुक -१ विदेशमा कामको अनुभवीलाई प्राथमिकता तलब ४५०००/- माथि बाँसबारी ९८५१०८१७३०

गाडी वासिङ्ग मिस्त्री चाहियो तलब २०,०००/- खानेबस्ने सुविधा ९८५१०७२८९८

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० | पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ | क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ | मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ | गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ | निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ | आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ | सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ | अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ | नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ | माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ | सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ | लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ | डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ | सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ | स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ | सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ | प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ | मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ | किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ | सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ | कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० | गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ | मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ | मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० | न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ | श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| | | | दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० | के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| | | | | | | चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

# सेनाले सुकुमवासीको लगत मागेपछि स्थानीय सरकारको आपत्ति

स्थानीय तहको कार्यक्षेत्रभित्र पर्ने विषयमा सेनाले तथ्यांक माग्नु संवैधानिक अभ्यास र संघीयताको मर्मविपरीत भएको मोरङ, सुनसरी, झापा र बर्दियाका १३ पालिका प्रमुखहरूको भनाइ



भक्तपुरको मनोहरास्थित सुकुमवासी बस्ती भत्काइएपछिको दृश्य । फाइल तस्बिर : कान्तिपुर

पर्वत पोर्तेल (विराटनगर) र कमल पन्थी (बर्दिया)

नेपाली सेनाले सुकुमवासीको लगत विवरण उपलब्ध गराउन पत्राचार गरेपछि स्थानीय सरकारका प्रमुखहरूले आपत्ति जनाएका छन् । सेनाले देशैभरका विभिन्न पालिकालाई सुकुमवासीको लगत विवरण उपलब्ध गराउन पत्राचार गरेको हो । विशेष गरी मोरङ, सुनसरी, झापा र बर्दियाका १३ पालिकाले यसको विरोध गर्दै सेनाको निर्देशन नमान्ने बताएका छन् ।

मोरङको सुनवर्षी नगरपालिकाका प्रमुख श्यामप्रसाद राजवंशी स्थानीय तहको कार्यक्षेत्रभित्र पर्ने विषयमा सेनाले पत्राचार गर्दै तथ्यांक माग्नु संवैधानिक अभ्यास र संघीयताको मर्मविपरीत भएको बताउँछन् । 'भूमिहीन र सुकुमवासी व्यवस्थापन स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्छ, यसमा सेना किन संलग्न हुन्छ ?,' राजवंशीले आक्रोश पोखे, 'सेनालाई किन दिने तथ्यांक ? हामी आफैं सक्षम छौं ।'

सुकुमवासीको लगत संकलनका लागि झापा, मोरङलगायतमा जिल्ला प्रशासन, जिल्ला प्रहरी, नेपाली सेनालगायत सुरक्षा निकायहरूको होड नै चलेको छ । जिल्ला प्रहरी कार्यालयले १० वैशाखमा मातहतका सबै प्रहरी कार्यालयलाई पत्राचार गर्दै जिल्लाभरका सुकुमवासीको लगत पठाउन निर्देशन गरेको छ ।

जिल्ला प्रशासन कार्यालयले अलग्गै पत्राचार गर्दै स्थानीय सरकारलाई ठाडो निर्देशन गरेको छ । निर्देशनअनुसार प्रमुख जिल्ला अधिकारीमार्फत स्थानीय तहलाई 'अविलम्ब डोजर चलाउन' दबाब दिइएको भन्दै झापा, दमक, मेचीनगर र सुनसरीको धरानलगायतका पालिकाहरूले असन्तुष्टि जनाइसकेका छन् । उनीहरूले समन्वयभन्दा आदेशात्मक शैली अपनाइएको भन्दै आपत्ति जनाएका हुन् । 'हामी सीडीओको चौकीदार होइनौं,' दमक नगरपालिकाका प्रमुख राम थापाले भने, 'सीडीओको आदेश मान्नैपर्ने बाध्यता हामीलाई छैन ।'

थापाले सुकुमवासी व्यवस्थापन जटिल र दीर्घकालीन प्रक्रिया भएको बताउँदै हतारमा डोजर चलाएर समाधान ननिस्कने स्पष्ट पारे । 'पहिला नापजाँच, प्रमाणीकरण र वास्तविक तथ्य पहिचान गर्नुपर्छ, त्यसपछि मात्र समाधानतर्फ जान सकिन्छ,' उनले भने । धरान उपमहानगरपालिकाका कार्यवाहक मेयर अइन्द्र बेघाले पनि बाहिरी दबाबका आधारमा बस्ती हटाउने काम नगर्ने अडान दोहोर्‍याएका छन् । उनका अनुसार भूमिहीन नागरिकलाई व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारकै हो र त्यसलाई मानवीय ढंगले समाधान गर्नुपर्छ ।

> मौलिक हकको सम्मान गर्दै सम्बन्धित निकायबीच समन्वय, विधिसम्मत प्रक्रिया पालना नगरी आएको देखिएको भन्दै बर्दियाका पालिका प्रमुखले सरकारलाई गराए गम्भीर ध्यानाकर्षण

यस्तै वास्तविक भूमिहीन सुकुमवासीको उचित व्यवस्थापन नभएसम्म सरकारलाई सहयोग नगर्ने बर्दियाका आठै पालिकाका प्रमुख र अध्यक्षले बताएका छन् । मौलिक हकको सम्मान गर्दै सम्बन्धित निकायबीच समन्वय, विधिसम्मत प्रक्रिया पालना नगरी आएको देखिएकाले यसप्रति पालिकाहरूका प्रमुखले सरकारलाई गम्भीर ध्यानाकर्षण गराएका छन् ।

गुलरिया, मधुवन, ठाकुरबाबा, राजापुर, बासगढी, बारबर्दिया नगरपालिकाका प्रमुख र बढैया, गेरुवा गाउँपालिकाका अध्यक्षको बैठक बसेको थियो । बैठकले विज्ञप्ति जारी गर्दै सरकारको रवैयाप्रति आक्रोश पोखेका छन् । विज्ञप्तिमा भनिएको छ, 'रक्षा मन्त्रालयअन्तर्गत नेपाली सेनाबाट प.सं. १३९२१ मिति २०८३/०१/१२ को पत्रमार्फत बर्दिया जिल्लाका स्थानीय तहतहरूमा रहेका सुकुमवासी बस्तीहरूको अद्यावधिक विवरण माग गरिएको सन्दर्भमा उक्त पत्र प्रचलित कानुनअनुसार आवश्यक विधि र प्रक्रियाको पालना नगरी आएको देखिएकाले यसप्रतिसमेत हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।'

बासगढी नगरका प्रमुख खड्गबहादुर खड्काले देश सरकारले चलाएको हो कि सैनिकले भन्ने बुझ्न गाह्रो भएको बताए । सेनाले सुकुमवासीको अद्यावधिक विवरण माग गर्नुमा प्रचलित कानुन पालना नभएको उनको भनाइ छ । तर, अतिक्रमित वन क्षेत्र खाली गर्न डिभिजन वन कार्यालय, बर्दियाले सूचना जारी गरेको छ । वन क्षेत्र खाली गर्न डिभिजन वन कार्यालयले सोमबार १५ दिने सूचना जारी गरेको हो ।

वनको क्षेत्रभित्र रहेको कोठियाघाट, माचडचोक, गुलरियाको संगम बस्ती, बारबर्दियाको खुरखुरेफाँटा, रामबस्ती, अमर महिला सामुदायिक वनलगायतका स्थान र अन्य सामुदायिक वन क्षेत्रमा अनधिकृत रूपमा वन अतिक्रमण गरी बनाइएका घरटहरा हटाउन जारी सूचनामा उल्लेख गरिएको छ । अतिक्रमण गरी बसोबास गरेको तथा खेती गर्ने कार्य वन ऐन, २०७६ को दफा ४९ (ग) ले निषेध गरेको उक्त कार्य वन ऐनको प्रतिकूल रहेको डिभिजन वन कार्यालयका वरिष्ठ सहायक वन अधिकृत रामगोपाल चौधरीले बताए । उक्त अवधिमा खाली नगरी अटेर गरेमा प्रचलित कानुनबमोजिम अतिक्रमित जग्गा खाली गराउन लागेको खर्च र वन ऐन, २०७६ ले तोकेअनुसारको सजाय दुवै हुने डिभिजन वनले सूचनामार्फत चेतावनी दिएको छ ।

सरकारी तथा गैरसरकारी संघसंस्थालगायत भूमिहीनका नाममा बर्दियामा करिब एक हजार हेक्टर बढी वन अतिक्रमण भएको डिभिजन वन कार्यालय, बर्दियाले जनाएको छ । ठाकुरबाबा नपाका प्रमुख तिलक लम्सालले अतिक्रमण हटाउने नाममा वास्तविक सुकुमवासीको व्यवस्थापन नगरेसम्म कुनै सहयोग पालिकाहरूबाट नगर्ने बताए । 'गैरभूमिहीनलाई पालिकाको समर्थन हुँदैन,' उनले भने, 'वास्तविक भूमिहीनको व्यवस्थापन नै हाम्रो मुद्दा हो । वर्षात् मौसम सुरु हुने समयमा भूमिहीनलाई बिचल्ली पार्नु हुँदैन ।' बढैयाताल गापाका अध्यक्ष हिमालय त्रिपाठीले ४० वर्षदेखि बसोबास गरेका भूमिहीनलाई उचित व्यवस्थापन गर्नु राज्यको दायित्व भएको बताए ।

# रोमानियामा विदेशी श्रमिक आपूर्तिलाई कडाइ गर्ने कानुन प्रस्ताव

होम कार्की (काठमाडौं)



रोमानियाले विदेशी श्रमिक लैजाने रोजगारदाता कम्पनीका लागि कडा प्रावधान राखेर श्रमसम्बन्धी विधेयकको मस्यौदा तयार गरेको छ । मस्यौदाले जस्ताको तस्तै कानुनको रूप लिए नेपालीसहित आप्रवासी श्रमिकका लागि रोमानियाको श्रम बजारमा पहुँच टाढिने देखिएको छ ।

आप्रवासी श्रमिक भर्ना गरेर भित्र्याउने कम्पनी (सप्लाई कम्पनी) ले २५० श्रमिक ल्याउन ७५ हजार युरो धरौटी राख्नुपर्ने व्यवस्था विधेयकको मस्यौदामा गरिएको छ । थप २५० श्रमिकका लागि थप ५० हजार युरो धरौटी राख्नुपर्ने पनि पनि उल्लेख छ । त्यस्ता कम्पनी कम्तीमा तीन वर्षदेखि निरन्तर सञ्चालन भएको र अघिल्लो वर्ष एक जना श्रमिक भर्ना गरेको हुनुपर्ने सर्त पनि प्रस्ताव गरिएको छ ।

विधेयकको मस्यौदामा राखिएको प्रावधानमाथि रोमानियाका रोजगारदाता कम्पनीहरूले नै विरोध जनाएका छन् । 'निजी क्षेत्रका धेरैजसो कम्पनीका लागि यो सर्त पूरा गर्न लगभग असम्भव छ । यो सर्त लागू भए ०.५ प्रतिशतभन्दा कम कम्पनीले मात्र योग्यता पूरा गर्न सक्छन्,' 'द पोस्ट अफ युरोप' मा नाए कहेनले लेखेका छन्, 'यस्ता प्रावधान साधारण रोमानियाली व्यवसायलाई लक्ष्य गरेर ल्याइएका हुन् भनी कसैले पनि सजिलै विश्वास गर्न सक्दैन । यी सर्त ठूला, बढी पुँजी भएका र राजनीतिक रूपमा नियन्त्रित व्यवसायीका लागि ल्याइएका हुन् ।'

रोमानियाले महिला र पुरुषका लागि समान काम वा समान ज्यालाको सुनिश्चित गर्ने उद्देश्यसहित युरोपेली संघको निर्देशिका २०२३/९७० लाई कार्यान्वयन गर्न भन्दै ८ अप्रिलमा श्रम विधेयकको मस्यौदा सार्वजनिक गरेको थियो । सार्वजनिक रूपमा सुझाव लिएपछि विधेयकका रूपमा रोमानियाली संसद्मा पेस गरिने श्रम मन्त्रालयको वेबसाइटमा उल्लेख छ ।

> गत आर्थिक वर्षमा मात्रै २७ हजार ८ सय ७४ नेपाली रोमानिया गएका थिए, जसमा ३ हजार ३ सय १३ महिला थिए

प्रस्तावित विधेयकमा पारिश्रमिक सम्बन्धी जानकारी रोजगारदाता कम्पनीको वेबसाइट वा सार्वजनिक प्लाटफर्ममा प्रकाशित रोजगारी विज्ञापनमै उल्लेख गर्नुपर्ने भनिएको छ । रोजगारदाताले प्रत्येक वर्षको पहिलो त्रैमासिकभित्र सबै कर्मचारीलाई पारिश्रमिकबारे जानकारी दिनुपर्ने पनि प्रस्ताव गरिएको छ । असमान पारिश्रमिक अन्तर भए रोजगारदाताले ९० कार्यदिनभित्र सुधार गर्नुपर्ने व्यवस्था पनि मस्यौदामा उल्लेख छ । श्रमिकले पारिश्रमिक जानकारी सिधै रोजगारदाताबाट मात्र होइन, राष्ट्रिय भेदभावविरुद्ध परिषद्मार्फत पनि माग गर्न सक्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ ।

कानुन उल्लंघन भए पहिलो पटक १० हजारदेखि २० हजार रोमानियाली लेउ (करिब २ हजार-४ हजार युरो) र पुनः उल्लंघनमा २० हजारदेखि ३० हजार लेउ जरिवाना लाग्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

रोमानियामा एसियाली देशहरूमध्ये नेपालबाट जानेको संख्या निरन्तर बढिरहेको छ । गत आर्थिक वर्षमा मात्रै २७ हजार ८ सय ७४ नेपाली त्यता गएका थिए, जसमा ३ हजार ३ सय १३ महिला थिए ।

रोमानियामा कार्यरत काभ्रेका रितेश ढकालका अनुसार नेपाली श्रमिकमध्ये ९९ प्रतिशतलाई 'सप्लाई कम्पनी' ले नै लगिरहेका छन् । 'यहाँ राम्रो जागिर पाउनेहरू पनि छन् । राम्रो कम्पनीमा हुनेहरूले एकदेखि दुई लाखसम्म कमाउँछन्,' उनले भने, 'धेरैजसो सप्लाई कम्पनी गएगुज्रेकै छन् । सबैलाई राम्रो कम्पनी पर्छ भन्ने छैन । राम्रो कम्पनीमा पर्‍यो भने मात्रै कमाइ हुने हो ।'

रोमानिया जानेलाई लागत भने उच्च छ । रोमानियाको राजधानी बुकरिस्टमा कार्यरत पावन ओझाले आठ लाख रुपैयाँ खर्च गर्नुपरेको बताए । 'मैले खाएर एक लाख जति नेपाल पठाइरहेको छु,' उनले भने । उनीहरूले रोमानियाली नागरिकभन्दा कम तलब पाउने गरेका छन् । रोमानियाली अनलाइन पत्रिका गान्दुलमा प्रकाशित रिपोर्टअनुसार अदक्ष रोमानियाली श्रमिकले मासिक औसत १४ सय १३ युरो कमाउँछन् । यही काममा अदक्ष नेपाली श्रमिकले ५८९ युरो मात्रै पाउने गरेका छन् ।

# सुरक्षण मुद्रणका पूर्वकार्यकारी निर्देशक पौडेलविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा

काठमाडौं (कास)- सुरक्षण मुद्रण केन्द्रका पूर्वकार्यकारी निर्देशक विकल पौडेल र पत्नी एलिना बस्नेतविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा दायर भएको छ । राजस्व अनुसन्धान विभागले ६८ करोड ६५ लाख ११ हजार बिगो कायम गरी बुधबार काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको हो ।

नेपालमा सार्वजनिक खरिदबाट आर्जित सम्पत्ति विदेशमा लगेर 'पार्किङ' गरी उतै विदेशी मुद्रामा खाता खोलेर विभिन्न देशमा शुद्धीकरण गराएको अभियोगमा पौडेल दम्पतीविरुद्ध मुद्दा दायर गरिएको हो । शुद्धीकरण गरेको रकम अमेरिका, दुबई, सिंगापुरलगायत देशमा पुर्‍याएको विभिन्न निकायका अनुसन्धानमा खुलेको थियो ।

> विकल पौडेलविरुद्ध ६१ करोड १३ लाख २१ हजार १ सय ५३ र पत्नी एलिना बस्नेतविरुद्ध ७ करोड ५१ लाख ४४ हजार ५१ रुपैयाँ बिगो दाबी

साविक कटुवाचौपारी-४ पर्वत स्थायी ठेगाना भई हाल बूढानीलकण्ठ नगरपालिका-९ का पौडेल र बस्नेतले विदेशी विनिमय अपचलन गरी कारोबार गरेको र त्यसलाई शुद्धीकरण गरेको कसुरमा प्रतिवादी बनाइएको विभागले जनाएको छ । पौडेल भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट दोषी ठहर भई हाल डिल्लीबजार कारागारमा छन् । उनकी पत्नी बस्नेत अमेरिकामा छिन् ।

पौडेलविरुद्ध ६१ करोड १३ लाख २१ हजार १ सय ५३ र बस्नेतविरुद्ध ७ करोड ५१ लाख ४४ हजार ५१ रुपैयाँ बिगो कायम गरेर विभागले मुद्दा चलाएको हो । सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ३० (१) बमोजिम बिगोको दोब्बर जरिवाना र कसुरको मात्राअनुसार कैद सजाय हुन मागदाबी गरिएको छ । साथै, कसुर गरी आर्जित सम्पत्ति जफतको समेत मागदाबी अभियोगपत्रमा छ । विभागले उनीहरूविरुद्ध विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम १४ असोज २०८१ मा पनि मुद्दा दायर भएको थियो ।

# ३ वर्षमा ८८ हजारभन्दा बढीले लिए अनलाइनबाट एनओसी

सुदीप कैनी (काठमाडौं)

करिब तीन वर्षमा ८८ हजार विद्यार्थीले घरमै वैदेशिक अनुमतिपत्र (एनओसी) पाएका छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०८० जेठ १ गते (१५ मे २०२३) देखि अनलाइनबाट (घरमा) एनओसी वितरण थालेको थियो । मन्त्रालयको एनओसी शाखाका प्रमुख वीरेन्द्रजंग थापाका अनुसार त्यसयता ३ लाख ३९ हजार ८ सय ५१ वटा एनओसी जारी भए । जसमा ८८ हजार ४ सय ८० जनाले अनलाइनबाटै एनओसी लिएका छन् । आवेदकमध्ये २६ प्रतिशत विद्यार्थीले घरबाटै एनओसी पाएका हुन् । ७४ प्रतिशत विद्यार्थीले भने एनओसी शाखा कार्यालय सानोठिमीमा उपस्थित भएर एनओसी प्राप्त गरेका छन् ।

कोभिड महामारीयता (२०७८ साल) वार्षिक एक लाखभन्दा बढी विद्यार्थीले वैदेशिक अध्ययनका लागि एनओसी लिने गरेका छन् । शाखाको तथ्यांकअनुसार सन् २०२३ मा ९८ हजार ९ सय ९७ वटा एनओसी जारी भएकामा १३ हजार ७ सय ७३ जनाले अनलाइनबाटै प्रिन्ट गरेर लिएका थिए । २०२४ मा १ लाख ६ हजार ८ सय ८१ वटा जारी भएकामा ३४ हजार ४ सय ८६ जनाले अनलाइनबाट एनओसी लिएका थिए । २०२५ मा शाखाले १ लाख २३ हजार ९२ वटा एनओसी जारी गरेको थियो । तीमध्ये २९ हजार ३ सय जनाले अनलाइनबाट एनओसी लिए । २०२६ मा १० हजार ९ सय ३१ वटा जारी भएकामा सबैले अनलाइनबाटै प्राप्त गरेको शाखाले जनाएको छ ।



फाइल तस्बिर : कान्तिपुर

उच्च शिक्षा महाशाखाका सहसचिव श्रीप्रसाद भट्टराईले त्यतिबेला कक्षा १२ को शैक्षिक प्रमाणपत्रसँग शाखाले नेटवर्किङ गरेर अनलाइन एनओसी वितरण थालेको जनाए । गत साता त्रिभुवन र काठमाडौं विश्वविद्यालयसँग 'नेटवर्किङ' स्थापित गरेर अनलाइन एनओसीलाई थप व्यवस्थित गरिएको शिक्षा मन्त्रालयले जनाएको छ । तर, शिक्षामन्त्री सस्मित पोखरेलले उक्त कामलाई आफ्नो एकमहिने कार्यकालको उपलब्धिका रूपमा उल्लेख गरेका छन् ।

विश्वविद्यालयसँगको नेटवर्किङपछि आवेदकमध्ये ५० प्रतिशत विद्यार्थीले अनलाइनबाटै घरमै एनओसी पाउने लक्ष्य मन्त्रालयले लिएको छ । यो व्यवस्थापछि बोर्डसहित त्रिवि र काठमाडौं विश्वविद्यालयको शैक्षिक प्रमाणपत्रका आधारमा विदेशमा उच्च शिक्षा पढ्न जाने विद्यार्थीले पनि अनलाइनबाट घरमै एनओसी पाउने भएका हुन् । अनलाइनबाट आवेदन दिने, त्यसलाई शाखाले प्रमाणित गरेपछि राजस्व/शुल्क बुझाउने र जारी भएको एनओसी विद्यार्थीले घरबाटै प्रिन्ट गर्न सक्ने व्यवस्था गरिएको छ । तर विद्यार्थीले अनलाइन आवेदन दिँदा कुनै पनि त्रुटि गरे प्रमाणीकरणका लागि व्यक्तिगत कागजातसहित शैक्षिक प्रमाणपत्र लिएर शाखामा नै उपस्थित हुनुपर्ने शाखाका कर्मचारीहरूले बताए । अनलाइन आवेदनका क्रममा हुने त्रुटिका कारण २६ प्रतिशत विद्यार्थीले मात्र घरमै प्रमाणपत्र पाउने अवस्था रहेको र त्रुटि कम भए मात्र उक्त प्रतिशत बढ्ने उनीहरूको भनाइ छ । 'आवेदन दिँदा कुनै विवरणमा सानो त्रुटि भए वा कागजात अपुग भए पनि प्रमाणीकरणका लागि स्वयं आवेदक शाखामा उपस्थित हुनुपर्छ,' एक कर्मचारीले भने ।

तत्कालीन शिक्षामन्त्री अशोककुमार राईले अनलाइन एनओसी प्रणालीको शुभारम्भ गरेका थिए । एनओसीका लागि १२ भदौ २०७७ देखि अनलाइन आवेदन दिन सक्ने व्यवस्था गरिएको थियो । स्वीकृतिपत्र लिन भने विद्यार्थी भक्तपुर सानोठिमीस्थित शाखा कार्यालय जानुपर्ने बाध्यता थियो । जेठ २०८० देखि विद्यार्थीले दिएको आवेदन शाखाले रुजु गरेर प्रदान गरेको एनओसी विद्यार्थीले आफूअनुकूल स्थानबाट डाउनलोड र प्रिन्ट गरी प्राप्त गर्न सक्ने व्यवस्था गरिएको थियो । एनओसीलाई सहज, सरल,

| वर्ष | जारी एनओसी | अनलाइनमार्फत प्राप्त एनओसी |
|---|---|---|
| २०२३ | ९८,९९७ | १३,७६३ |
| २०२४ | १,०६,८३१ | ३४,४८६ |
| २०२५ | १,२३,०९२ | २९,३०० |
| २०२६ | १०,९३१ | १०,९३१ |
| जम्मा | ३,३९,८५१ | ८८,४८० |

तथ्यपरक र विदेशी मुद्रा सटहीलाई अनलाइन प्रणालीबाटै व्यवस्थित गर्न २०८० देखि नै थालिएको सहसचिव भट्टराईले जनाए ।

वैदेशिक अध्ययन अनुमति शाखाको सेवा प्रवाहलाई सरल, सहज, प्रभावकारी र प्रविधिमैत्री बनाउन शिक्षा मन्त्रालयले वैदेशिक अध्ययन स्वीकृतिसम्बन्धी निर्देशिका, २०७९ जारी गरेको थियो । प्रधानमन्त्री तथा शिक्षामन्त्रीको समेत जिम्मेवारीमा रहेका पुष्पकमल दाहालले १८ फागुन २०७९ मा निर्देशिका स्वीकृत गरेका थिए । निर्देशिकामा विद्युतीय प्रणालीबाटै एनओसी वितरण गर्न सकिने उल्लेख छ । त्यसपछि मन्त्रालयले २०८० मा राष्ट्रिय परीक्षा बोर्ड, राष्ट्र बैंक, अध्यागमन विभागलाई 'नेटवर्किङ' मा जोडेको थियो । त्यसपछि बोर्डबाट कक्षा १२ को शैक्षिक प्रमाणपत्र प्राप्त गरेका विद्यार्थीले स्नातक तह अध्ययन गर्न जान अनलाइनबाटै सुविधा पाउने व्यवस्था गरिएको थियो । त्यसले आवेदन दिन, शुल्क बुझाउन र अनुमतिपत्र लिन विद्यार्थीले कार्यालय धाउनुपर्ने बाध्यता हटाएको थियो ।

निर्देशिकामा विद्यार्थीले अनलाइन निवेदन प्रणालीमार्फत प्रत्येक तह, विषय तथा शिक्षण संस्थाका लागि अलग-अलग फाराम भर्नुपर्ने व्यवस्था गरिएको छ । त्यसपछि राष्ट्रिय परिचयपत्र वा नागरिकताको विवरणअनुसार आधिकारिक इमेल तथा मोबाइल नम्बर प्रयोग गरेर विद्यार्थीले रजिस्ट्रेसनमार्फत मास्टर आईडी प्राप्त गर्छन् । अपुग कागजात तथा निवेदन स्वीकृत वा अस्वीकृत भएको विषयमा पनि विद्यार्थीलाई अनलाइन वा एसएमएसमार्फत जानकारी दिनुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ । स्वीकृत भएको जानकारी पाएपछि विद्यार्थीले शुल्क अनलाइन भुक्तानी गर्नुपर्छ । त्यसपछि क्यूआर कोडसहित स्वीकृतपत्र निवेदकलाई उपलब्ध गराइन्छ । निर्देशिकाअनुसार स्वीकृतिपत्रको आधिकारिकता तथा प्रमाणिकताको परीक्षण क्यूआर कोडमार्फत गर्न सक्छन् ।

मन्त्रालयका अनुसार ४ वैशाखमा त्रिविसँग सम्झौता भएको थियो भने त्यसअघि नै केयूसँग सम्झौता गरिएको थियो । त्यसअघि विश्वविद्यालयका शैक्षिक प्रमाणपत्रका आधारमा प्रमाणपत्र पाएका विद्यार्थीले अनलाइन आवेदन दिए पनि सक्कल प्रमाणपत्र लिएर प्रमाणीकरणका लागि कार्यालयमा उपस्थित हुनुपर्थ्यो । गत सातादेखि भने त्रिभुवन र काठमाडौं विश्वविद्यालयसँग पनि एनओसी शाखाको 'नेटवर्किङ' स्थापित भएपछि त्यहाँबाट स्नातक र स्नातकोत्तरको प्रमाणपत्र प्राप्त विद्यार्थीले पनि अनलाइन सुविधा पाउने भएका हुन् । यीबाहेक पोखरा, पूर्वाञ्चललगायत अन्य विश्वविद्यालयसँग 'नेटवर्किङ' हुन भने बाँकी छ ।

सम्पादकीय

# सार्वजनिक यातायात सुधारको अग्रसरता

सार्वजनिक यातायातमा यात्रा गर्नु असाध्यै सकसको काम हो। सबैजसो यात्रुले भीडभाड, सवारीसाधन पक्षको रुखो व्यवहार, अन्य यात्रुबाट हुने अभद्र व्यवहार (विशेष महिलामाथि), चोरी, भाडामा असमझदारी, मैला सिट जस्ता पक्षमा हैरानी खेप्नुपरेको हुन्छ। यद्यपि, दैनिक लाखौं मानिसका लागि सार्वजनिक सवारीसाधनमार्फत यात्रा गर्नु बाध्यता हुने गर्छ। ठगिएर, हेपिएर, चेपिएर र दुर्व्यवहार सहेरै भए पनि छोटा वा लामा यात्रा गरेर मानिसले आफ्नो रोजगारी र व्यक्तिगत तथा पारिवारिक काम सम्पन्न गर्नुपरेको हुन्छ। दैनिक लाखौं मानिसको सरोकारका विषय रहेको सार्वजनिक यातायातमा सुधारमा भने खासै काम भएको वा चासो राखिएको पाइँदैन। जसले गर्दा विकृति निरन्तर रहिआएको छ। यद्यपि, यातायात व्यवस्था विभागले हालै 'सार्वजनिक सवारीसाधनलाई प्रविधि जडित, स्वस्थ, सुरक्षित, मर्यादित र यात्रीमैत्री बनाउनेसम्बन्धी निर्देशिका, २०८२' को मस्यौदा तयार पारेको छ। निर्देशिकाको मस्यौदा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पठाइएको छ। निर्देशिका कार्यान्वयनमा आएसँगै धेरै विकृति अन्त्य हुने अपेक्षा गरिएको छ।

सार्वजनिक सवारीसाधनमा महिलामाथि हुने दुर्व्यवहार र हिंसाका अनेकौं घटना सार्वजनिक हुने गरेका छन्। यद्यपि, यस्तो घटना कमै मात्र बाहिर आउने गर्छन् र कमै मात्र दोषीलाई कारबाहीको पहल गरिन्छ। तर निर्देशिकाको मस्यौदामा सबै सार्वजनिक सवारीसाधनमा दुई वा सोभन्दा बढी सीसीटीभी अनिवार्य रूपमा जडान गर्नुपर्ने भनिएको छ। साथै, सवारीसाधनभित्रका सम्पूर्ण गतिविधिको अभिलेख हुने गरी जडान गर्नुपर्ने र यस्तो सूचना यात्रु सबैले देख्ने गरी टाँस्नुपर्ने पनि भनिएको छ। खासगरी, त्यस्ता उपकरण सवारीसाधनभित्र यात्रु संख्या गणना, यात्रुको अनुहार पहिचान गर्न सक्ने एआई प्रविधिमा आधारित हुनुपर्नेछ। सीसीटीभीको तथ्यांक पनि कम्तीमा तीन महिनासम्म सुरक्षित राख्नुपर्ने दायित्व सवारी व्यवस्थापक, त्यसको धनी र चालकको हुने जनाइएको छ। यस्तो प्रबन्धले सवारीसाधनभित्र हुने अभद्र गतिविधि, विशेषतः महिलामाथि हुने दुर्व्यवहारमा न्यूनीकरण हुने विश्वास गर्न सकिन्छ। सुरक्षाका लागि सवारीसाधनमा अग्नि नियन्त्रक उपकरण, प्राथमिक उपचार किट, सवारीसाधनमा अब खतरा आइपरेमा विभागको केन्द्रीय प्रणालीमा लोकेसनसहित चेतावनीमूलक सूचना जाने 'एसओएस' बटम जडानको विषयलाई पनि अनिवार्य गरिएको छ।

सार्वजनिक यातायातमा यात्रुको मर्यादालाई समेत सम्मान गरिँदैन। प्रायः यात्रुसँग चालक तथा सहचालकसँगका नमीठा अनुभव हुने गर्छ। उनीहरूले अभद्रपूर्वक व्यवहार गर्छन्। बढी भाडा लिन खोज्ने, फिर्ता नदिने, अशिष्ट बोल्ने, हतारो देखाउँदै राम्रोसँग नरोकिएको गाडीबाट ओर्लन भन्ने, अर्को गाडीसँग प्रतिस्पर्धा चलेका बेला रोक्नुपर्ने ठाउँमा नरोक्ने जस्ता व्यवहार देखाउँछन्। वृद्धवृद्धा तथा अपांगता भएका व्यक्तिलाई सकेसम्म चढाउन खोज्दैनन्। गाडीभित्रका यात्रुलाई जतिसुकै असजिलो भइसकेको भए पनि थप यात्रु कोच्ने गर्छन्। आफूलाई असहज भएका विषय उठाउँदा 'निजी गाडीमा हिँड्नुपर्छ' वा 'ट्याक्सीमा हिँड्नुपर्छ' भन्ने ओठे जवाफ दिइने गर्छ। हुन त कतिपय यात्रुबाट चालक तथा सहचालकले पनि नराम्रो व्यवहार खेपेका हुन सक्छन्, तर बढीजसो यात्रु नै पीडित हुन्छन्। सुरक्षित यात्राका साथसाथै मर्यादाको सम्मान पनि अपरिहार्य विषय हो। उल्लिखित धेरै पक्षलाई निर्देशिकाले समेटेको छ। अब टिकट काट्नुपर्ने, सवारीसाधनमा महिलामैत्री वातावरण हुनुपर्ने, चालक र सहचालकले शिष्ट भाषामा कुराकानी गर्नुपर्ने जस्ता प्रावधान पनि छन्। यसले सार्वजनिक सवारीसाधनलाई यात्रुमैत्री बनाउन योगदान पुऱ्याउँछ।

लामो दूरीका सवारीसाधनमा अनिवार्य दुई जना चालक राखिनुपर्ने व्यवस्था गरिए पनि कार्यान्वयन हुने गरेको पाइँदैन। यद्यपि, दुर्घटनाको सम्भावनालाई कम गर्न यस्तो अभ्यास उपयोगी मानिन्छ। निर्देशिकामा २ सय ५० किलोमिटरभन्दा बढीको बाटोमा यातायात सेवा सञ्चालन गर्ने यात्रुवाहक सार्वजनिक सवारीमा कम्तीमा दुई जना चालक अनिवार्य व्यवस्था गर्नुपर्नेछ भनिएको छ। त्यस्तै चालकको व्यवहार, थकान र असावधानीजन्य गतिविधिसमेत रेकर्ड हुनुपर्ने गरी उपकरण जडान गर्नुपर्ने पनि भनिएको छ। मस्यौदामा रहेको यो प्रावधानले निर्देशिकामा अन्तिम रूप पाएमा दुर्घटनाको दरलाई समेत कम गर्न सहयोग पुग्नेछ।

लाखौं मानिसको सरोकारका विषय भएको र व्यापक सुधारको आवश्यकता रहेको सार्वजनिक यातायातमा सुधारका विषय सधैंभर बेवास्तामा पर्ने गरेको थियो। सरकारले निर्देशिकाको मस्यौदा तयार गरेर सुधारको प्रयत्न गरेको छ। यद्यपि, अहिले मस्यौदा मात्रै तयार भएको र अन्तिम रूपमा पाउँदा थप समृद्ध हुने विश्वास गर्न सकिन्छ। समग्रमा भने यो पहलले यात्रुले भोग्नुपर्ने खराब अनुभवलाई न्यूनीकरण गर्नेछ। यसबाट देशभरका लाखौं यात्रुलाई एकैसाथ सकारात्मक प्रभाव पर्नेछ। व्यवहारमै यसका राम्रो अनुभूति प्राप्त गर्नका लागि भने उपकरण जडान मात्रै होइन, गुणस्तरीय उपकरण जडान र त्यसको दुरुस्त प्रयोग अनिवार्य हुनुपर्छ। अनुगमन बलियो हुनुपर्छ। निर्देशिकामा उपकरण र प्रविधिका विषय मात्रै उल्लेख छैन। चालक, सहचालक तथा यात्रुको प्रवृत्तिमा सुधारका विषय पनि छन्। सबै पक्षले आफूमा सुधार ल्याउँदै जानुपर्छ। निर्देशिकामा छिद्र खोज्नेभन्दा पनि यसले बोक्ने मर्मलाई ख्याल गर्नुपर्छ। र, सकारात्मक उपलब्धिका लागि प्रयत्न गर्नुपर्छ। त्यसपछि मात्रै हामीले निर्धक्कसाथ भन्न र अनुभूति गर्न सक्नेछौं- नेपालमा सार्वजनिक सवारीसाधनको यात्रा सुरक्षित छ।

# रास्वपा : पार्टी कि गठबन्धन ?

**रास्वपालाई पार्टी नभन्ने कसरी ? चुनावी राजनीतिमार्फत रास्वपाले ल्याएको परिवर्तनको सन्देश व्यापक, गहन र दूरगामी छ। रास्वपालाई पार्टी भन्ने कसरी ? यो एक प्रकारको 'छद्म गठबन्धन' को उत्पादन हो। रवि लामिछाने र वालेन्द्र शाहबीचको सहकार्य आवश्यकताबाट जन्मिएको हो वा त्यस्तो बनाइएको हो। एक गठबन्धन अस्तित्वमा आयो, केही बुँदा सम्झौताका नाममा।**



डेटलाइन तराई

चन्द्रकिशोर

सुप्रसिद्ध कवि रवीन्द्रनाथ ठाकुरको बंगाली कविता 'शेई काले' (त्यो समय) मा एक पंक्ति छ, 'जदि आमार जनम होती कालीदासेर काले, दैवे होतो दशम रत्न नव रत्न माझे।' आशय हो- यदि मेरो जन्म कालीदासको समयमा भएको भए म पनि नवरत्नहरूमध्ये दसौं रत्न हुन्थें। आजको नेपाली राजनीतिक सन्दर्भमा पुराना दलहरूमा उच्च हैसियतमा रहिसकेका कतिपय नेताहरूको मनोविज्ञान केही यस्तै देखिन्छ, यदि यस पटक राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट चुनाव लडेका भए आज वालेन्द्र दरबारका एक 'वजीर' हुन्थे होलान्।

यो केवल काव्यात्मक कल्पना होइन, शक्ति र मान्यताको मनोविज्ञान हो। आजको नेपाली राजनीतिमा यही मनोविज्ञान नयाँ रूपले प्रकट भइरहेको छ- रास्वपाको उदयसँगै। यस्ता अभिव्यक्तिले रास्वपाप्रति आकर्षणको तीव्रता मात्रै देखाउँदैन, आगामी प्रदेश-पालिका निर्वाचनका लागि यसभित्र 'सेटिङ' मिलाउन आतुर मानसिकता पनि उजागर गर्छ। चुनावी राजनीतिमा यस्तो मनोविज्ञानले कुनै जादुयी मन्त्र जस्तै काम गर्छ। छिटो सफलता दिलाउने 'सिद्धिदातृ सूत्र'।

'राजनीति' शब्दको जुन शाब्दिक अर्थ छ, त्यो स्वयं निकै व्यापक छ। यसलाई संकुचित अर्थमा बुझ्नु युक्तिसंगत हुँदैन। राजनीति समाजको जीवन हो, उत्थान र पतनको दुवै साधन। राजनीति उन्नत हुँदा समाज उन्नत हुन्छ, पतन हुँदा समाज पनि पतित हुन्छ। पार्टी भनेको केही ध्येयनिष्ठ व्यक्तिहरूको तपोनिधि हो। एक गतिशील, अनुशासित र जवाफदेह पार्टी-जीवन विकसित हुनु देश, काल, परिस्थितिअनुसारको सुसंगत आविष्कार हो।

तर, रास्वपाको सन्दर्भमा समस्या यही छ। बहस र चर्चा प्रधानमन्त्री र पार्टी अध्यक्षमा केन्द्रित छ, जबकि पार्टी संरचना ओझेल परेको छ। आलोचना केवल सरकार र पार्टीका शीर्षको नै भइरहने हो भने बाँकी पार्टी पंक्ति 'इनभिजिबल शिल्ड' बन्न पुग्छ। यसले सामूहिक जिम्मेवारीलाई कमजोर बनाउँछ। लोकतन्त्रमा असली जवाफदेही सामूहिक हुनुपर्छ। किनभने नीतिहरू पार्टीका नाममा लागू हुन्छ, कुनै व्यक्तिका नाममा होइन।

रास्वपालाई पार्टी नभन्ने कसरी ? यो निर्वाचन आयोगबाट मान्यता प्राप्त छ, मतपत्रबाट अनुमोदित छ। चुनावी राजनीतिमार्फत रास्वपाले ल्याएको परिवर्तनको सन्देश व्यापक, गहन र दूरगामी छ। त्यो समग्र विमर्श नै फेरिएको छ, जो छयालिसको समयमा बहुदलीयता महाप्रबल भएपश्चात् स्थापित भएको थियो। रास्वपालाई पार्टी कसरी भन्ने ? आलोचकहरू भन्छन्- यो एक प्रकारको 'छद्म गठबन्धन' को उत्पादन हो। रवि लामिछाने र वालेन्द्र शाहबीचको सहकार्य आवश्यकताबाट जन्मिएको हो वा त्यस्तो बनाइएको हो। फेरि एक गठबन्धन अस्तित्वमा आयो, केही बुँदा सम्झौताका नाममा। हिन्द महासागर र प्रशान्त महासागर अलास्काको खाडीमा भेटिन्छ, तर तिनको पानी मिसिएर पनि नमिसिए जस्तो देखिन्छ। पानीको प्रवाह रङले नै छुटिन्छ। वालेन्द्र राजकाजमा यति व्यस्त देखिन्छन् कि 'मेरो एक पार्टी पनि छ' भन्ने चेत हराएजस्तो लाग्छ। उता रवि लामिछाने अभिभावकीय भूमिकामा सन्तुलन मिलाउँदै हिँडेका छन्। आज पनि त्यस्तै प्रश्न छ- यो सहकार्य निर्देशित हो कि संरचनागत ?



तस्बिर : कान्तिपुर

**के यो पार्टी रवि-वालेन्द्रको व्यक्तित्वभन्दा माथि उठेर संस्था बन्न सक्छ ? कि व्यक्तित्वकै ओभरलोडले थिचिन्छ ? वा 'उलार' भएर एकै जनाको प्रभुत्वमा पार्टी सीमित हुन्छ ? यही रास्वपाको धर्मसंकट हो।**

रवि-वालेन्द्र सुपरहिट जोडीको गर्भनाल कहाँ हो ? मल्टीस्टार फिल्मबाट कुलमान घिसिङजस्ता पात्रहरू किन पाखा लाग्छन् ? रास्वपाको यो घमासान एक पार्टीको आन्तरिक मामिला हो कि एक सार्वजनिक राजनीतिक प्रश्न ? यदि रास्वपा एक लोकतान्त्रिक राजनीतिक पार्टी हो भने यो केवल पार्टीको होइन, सम्पूर्ण समाजको सरोकार हो। त्यसैले यसमाथि खुला बहस हुनुपर्छ। यही बहसले यसको लोकतान्त्रिक चरित्र तय गर्छ। रास्वपा प्रतिनिधिसभाको सर्वाधिक ठूलो पार्टी मात्र होइन, उसकै शब्दमा- लोकतान्त्रिक व्यवस्थामा शुद्धीकरण गर्ने संकल्प लिएर आएको पार्टी हो। यसको आन्तरिक जीवन लोकतान्त्रिक रहिरहनुबाटै संवैधानिक लोकतन्त्रको सत्व र जीवन शक्ति मिल्छ। तर, यो पार्टीभित्र केवल चुनावी जितका आधारमा आफ्नो निर्णय सही ठहऱ्याउने मनोविज्ञान जो व्याप्त छ।

रास्वपाको उदय र तिनका अस्तित्व बुझ्न 'सर्कुलर टाइम' को अवधारणा अत्यन्त उपयोगी हुन सक्छ। सर्कुलर टाइमले यो बताउँछ- इतिहास सरल रेखामा अगाडि बढ्दैन, त्यो चक्रमा घुम्छ। हरेक चक्रले पुराना आकांक्षा, निराशा र विद्रोह नयाँ रूपमा सामुन्ने आउँछ। रास्वपाको उदय पुरानो असन्तोषको नयाँ संस्करण हो। तर, सवाल केवल उदय, स्थापित र सत्तारोहणको होइन। यसले त्यो चक्र तोड्ने क्षमता राख्छ कि राख्दैन ? के रास्वपा पुराना असन्तोषको नयाँ संस्करण हो ? प्रत्येक नयाँ चेहरा यदि त्यही पुरानो ढाँचामा काम गर्छ भने त्यो स्वयं त्यही ढाँचाको हिस्सा बन्न पुग्छ।

रास्वपाको धर्मसंकट यही हो कि यो त्यही रहन्छ, जो यो हो। वा, यो त्यही बन्न पुग्छ, जोसँग यो लड्दै आएको हो। सत्ता केवल अवसर होइन, एक संरचना पनि हो। र, संरचनाले व्यक्तिलाई बदल्ने अद्भुत क्षमता राख्छ। के यो रास्वपा ती नैतिक आदर्शहरूमा अडिग रहन्छ, जो उसले आफ्ना दस्तावेजमा लेखेको छ, भलै राजनीतिक नोक्सानी नै बेहोर्नु परोस् ? कि व्यावहारिक बन्ने, भलै नैतिक छवि धूमिल हुँदै जाओस् ? रास्वपा सत्तारूढ भएको छोटो अवधिमै यस प्रकारको धर्मसंकटमा प्रवेश गरिरहेको छ। अर्को प्रश्न, के यो पार्टी रवि-वालेन्द्रको व्यक्तित्वभन्दा माथि उठेर संस्था बन्न सक्छ ? कि व्यक्तित्वकै ओभरलोडले थिचिन्छ ? वा 'उलार' भएर एकै जनाको प्रभुत्वमा पार्टी सीमित हुन्छ ? यही रास्वपाको धर्मसंकट छ।

नेपाली राजनीतिमा दलहरू बन्ने परिस्थितिको अध्ययन गर्दा कुनै पार्टी विचारबाट, कोही संघर्षबाट त कोही माहोलले बन्ने गरेको छ। रास्वपा एक यस्तो रासायनिक यौगिक (केमिकल कम्पाउन्ड) हो, जो अचानक बन्यो र तेज गतिले प्रतिक्रिया देखायो। रास्वपा निर्माणलाई एक रासायनिक प्रक्रियाका रूपमा हेर्नुपर्छ- जहाँ अलग-अलग तत्त्व, विभिन्न परिस्थिति र उत्प्रेरक मिलेर एक संयोजन बनाउँछ। कुनै पनि यौगिकको स्थायित्व यसको 'बौन्ड्स' (बन्धन) माथि निर्भर गर्छ। रास्वपाको बौन्ड्स के हो ? के यो साझा विचारधारा हो ? के यो संगठनात्मक अनुशासन हो ? वा, केवल सत्तासम्म पुग्ने साझा आकांक्षा ? रास्वपा के नयाँ राजनीतिक संस्कृति हो ? के यो पुरानै ढाँचाको नयाँ प्याकेजिङ हो ?

रास्वपामा संगठन पछि झल्किन्छ, चेहरा पहिला। रास्वपाभित्रको यो द्वन्द्व मूलतः अस्तित्व र संरचनाको संघर्ष हो। के एक व्यक्तिले सामूहिक चेतनाको प्रतिनिधित्व गर्न सक्छ ? के पार्टीभित्र 'म' निकै ठूलो भयो, 'हामी' चेपुवामा परिरहेको छ ? रास्वपामा 'म' ठूलो हुँदै छ, 'हामी' सानो। यो संकेत राम्रो होइन। लोकतन्त्रमा पार्टी बलियो हुन्छ, व्यक्ति होइन। जब व्यक्ति पार्टीभन्दा ठूलो हुन्छ, त्यहाँबाट संस्थागत क्षय सुरु हुन्छ। रास्वपा नेतृत्वको सरकार सन्दर्भमा अधिनायकवादी प्रवृत्तिका संकेतबारे प्रश्न उठिरहेका छन्। भुइँ तहमा अनेकौं संशय फिँजिएको छ। सरकार जसरी अघि बढिरहेको छ, संसद्को नेताको जुन तौरतरिका छ, यसबारे रास्वपा चुप छ। संसदीय अभ्यासका केही प्रक्रिया, मान्यता र अभीष्ट हुन्छन्। आशा र भ्रमबीचको यो मसिनो रेखा नै रास्वपाको असली परीक्षा हो।

रास्वपाबारे व्याख्या गरिन्छ- 'आइडोलोजी-ड्राइवेन' भन्दा बढी 'एंगर-ड्राइवेन' पोलिटिकल फोर्मेसन हो। यो जनताको निराशाको संस्थागत रूप हो। तर, यसको संस्थागत संरचना कमजोर छ। विचारधारामा अस्पष्टता छ। हामी पुराना दलजस्तो होइनौं तर स्पष्ट वैचारिक ढाँचा छैन। पार्टीभित्र आन्तरिक लोकतन्त्र कमजोर छ भनेर सूचनाहरू चुहिँदै छ। निर्वाचित प्रतिनिधिहरू निरीह भइयो भनेर गुनासो राख्दै छन्। आखिर रास्वपा कुन रिक्ततालाई पुर्ने दावा गरिरहेको छ ? कतै जवाफको खोजीमा हिँडेको दाबी गर्ने रास्वपा आफैंमा प्रश्न ज्यादा, उत्तर कम हुँदै गएको त होइन ?

रोटी होस् कि सत्ता- सधैं उलटपुलट गरिराख्नुपर्छ। रोटी नपल्टाउँदा जल्छ र सत्ता भ्रष्टाचारी हुन जान्छ। यी मान्यतालाई रास्वपाले बलियोसँग स्थापित गऱ्यो। एन्टी-इस्टाब्लिसमेन्ट ऊर्जालाई संस्थागत बनायो। युवा र नयाँ वर्गको भागीदारी बढायो। बहसलाई 'पर्फर्मेन्स' तर्फ सिफ्ट गरायो। तर, उसले आन्तरिक लोकतन्त्र, संस्थागत प्रक्रिया, मानवीय संवेदना र जवाफदेहीलाई प्राथमिकता दिनुको साटो 'जुगाड' लगाएर प्रयोजन सिद्धमा लाग्ने हुने ? रास्वपा आफ्नो सरकारमार्फत संस्थागत न्यायका लागि अग्रसर छ कि प्रतिशोधलाई नै न्यायको नाम दिँदै छ ? बहुमतको रापतापमा पञ्चायत २:० ल्याउने हुन कि ? रास्वपा राजनीतिको असली धर्मसंकट यो होइन कि बाटो कुन हो ? बरु यो हो कि बाटो छनोट गरिराख्दा के गुमाउन तयार हो ? स्थायी सत्तासँग सम्झौता गरेर शक्तिमा टिकिरहने कि टर्बुलेन्समा फसेर पनि आफ्नो शुद्धता बचाउने ?

राजनीतिक रूपान्तरण प्रायः दुई तरिकाले हुन्छ। भित्रबाट (कनविक्सन) वा बाहिरको दबाबबाट (कम्पल्सन)। रास्वपाको यात्रा कुन दिशातर्फ जान्छ ? यदि यसको लोकतान्त्रिक निष्ठा केवल 'इमेज' हो भने त्यो चाँडै भत्किन्छ। यदि त्यो आन्तरिक चेतनाबाट आएको हो भने त्यो संरचनालाई पनि बदल्न सक्छ। तर, यहाँ धर्मसंकट गहिरो छ। उसले स्थायी सत्ताको बढ्दो महत्त्वाकांक्षालाई कसरी सामसुम पार्छ ? स्थायी सत्ता दोधारे तरबार हो। यसले बनाउँछ पनि, भत्काउँछ पनि। रास्वपा अहिले चौराहामा छ।

स्थायी सत्तालाई नियमन गर्न यसले पुराना दलसँग एक समझदारी बनाउनै पर्छ। या त यसले चक्र तोड्छ वा आफैं चक्रको हिस्सा बन्छ ? निर्णय यसैको हातमा छ। तर, परिणाम सम्पूर्ण लोकतन्त्रले भोग्नेछ।

कहिलेकाहीं समाजले कुनै संगठन वा व्यक्तिमाथि यति गहिरो आस्था राख्न पुग्छ तब आफ्नो झूटोलाई पनि सत्य देखाउने दबाब सिर्जना हुन्छ। ६० वर्षअघि एक हिन्दी फिल्म 'गाइड' आएको थियो। यो फिल्मले यही प्रश्न उठाउँछ, 'हामी जो देखिन्छौं, के हामी त्यही हौं ?' यसका पात्र राजुको परिवर्तन भित्रबाट स्वयं स्फूर्त हुँदैन। बरु समाजद्वारा निर्मित दबाब र अपेक्षाको परिणामले हुन्छ। इरभिंग गोफमैनका 'ड्रामैच्युर्गी' सिद्धान्तअनुसार समाजले हामीलाई 'भूमिकाहरू' दिन्छ र हामी ती भूमिका निर्वाह गर्छौं। राजु पहिले 'अभिनय' गर्छ तर बिस्तारै-बिस्तारै त्यही अभिनय उसको वास्तविकता बन्न पुग्छ। राजुको भित्र 'गिल्ट' र 'रेस्पोन्सबिलिटी' पैदा हुन्छ। उसले बुझ्न थाल्छ कि उसको 'झूटो' ले अब अरूको जिन्दगी प्रभावित गरिरहेको छ। र, यही विन्दु ऊभित्र परिवर्तनको सुरुआत हुन्छ।

चार्ल्स होर्टन कुलेको भनाइ छ- हामी स्वयंलाई त्यसरी नै देख्न थाल्छौं जस्तो कि समाजले हामीलाई देखिरहेको हुन्छ। राजुलाई जब लगातार 'महात्मा' भनिन थालिन्छ, तब उसले आफूलाई त्यही नजरले हेर्न थाल्छ। बाहिरी छवि बिस्तारै-बिस्तारै उसको आन्तरिक पहिचानमा अनूदित हुन्छ। जब समाजले उसलाई एक नैतिक प्रतीक बनाइदिन्छ, तब राजुले आफ्नो जीवनलाई पुनर्गठित गर्ने कोसिस गर्छ। त्यसले गर्दा ऊ 'परफर्मर' बाट 'बिलिवर' बन्छ। जनआस्थाको दबाबले उसलाई त्यो विन्दुसम्म लैजान्छ, जहाँ उसले स्वयंलाई रूपान्तरित गर्छ वा यसरी भनौं बदलिन बाध्य भइहाल्छ। रास्वपाको कथा पनि यही मोडमा छ। जनताको आस्था यसका लागि अवसर मात्र होइन, परीक्षा पनि हो।

# नियन्त्रित संरचना हुनेछ स्टुडेन्ट काउन्सिल



जेन-जी अभिमत

प्रतिभा पौडेल

(पौडेल राजनीतिशास्त्रकी विद्यार्थी (त्रिवि गोल्ड मेडलिस्ट-२०७९) हुन्। उनी अखिल क्रान्तिकारीकी नेता पनि हुन्)

सरकारले विश्वविद्यालयबाट ६० दिनभित्र दलसम्बद्ध विद्यार्थी संगठनहरूको संरचना हटाउने र ९० दिनभित्र 'स्टुडेन्ट काउन्सिल/भ्वाइस अफ स्टुडेन्ट' जस्ता नयाँ संरचना स्थापना गर्ने निर्णय गरेको छ। क्याम्पसबाट झन्डा, ब्यानर, भित्ते लेखन र कार्यालय हटाउने निर्णय पनि गरेको छ। विश्वविद्यालयका उपकुलपति लगायतको तर्क विद्यार्थी संगठनले गर्दा काम गर्न सकिएन भन्ने छ। विश्वविद्यालय ज्ञान उत्पादन र अनुसन्धानका केन्द्र हुन्, जहाँ राजनीतिक गतिविधिले शैक्षिक गुणस्तरमा असर पारिरहेको छ भन्ने तर्क केही प्राध्यापकहरूको छ। सरकारले अघि सारेको प्रमुख अवधारणा शिक्षालाई राजनीतिमुक्त बनाउने कुरा आकर्षक सुनिए पनि व्यवहारमा जटिल छ। यो निर्णय समाजलाई विचारविहीन बनाउने प्रयास हो। शिक्षा स्वयं सामाजिक र राजनीतिक सन्दर्भसँग गाँसिएको हुन्छ। पाठ्यक्रम, अनुसन्धान, विश्वविद्यालय प्रशासन, बजेट आदि विषय सबै राजनीतिक निर्णयका परिणाम हुन्। यस्तो अवस्थामा विश्वविद्यालयलाई पूर्ण रूपमा 'राजनीतिमुक्त' बनाउने प्रयास सैद्धान्तिक रूपमा नै गलत देखिन्छ।

यथार्थमा विश्वविद्यालयको शैक्षिक गुणस्तर सुधारको बहसमा महत्त्वपूर्ण पाटो विश्वविद्यालयको आधारभूत नीतिगत तथा संरचनागत हुनुपर्नेमा शैक्षिक गुणस्तर बिग्रिएको सम्पूर्ण दोष विद्यार्थी संगठनहरूलाई दिइएको छ। सरकार सबै समस्याको जिम्मा विद्यार्थी संगठनमाथि देखाएर वास्तविक समस्या समाधानको बाटोतर्फ लागेको देखिँदैन।

नेपालको संविधानको धारा १७ (घ) ले प्रत्येक नागरिकलाई संघसंस्था खोल्ने स्वतन्त्रता सुनिश्चित गरेको छ। यसले लोकतन्त्रको आधारभूत मूल्यमान्यताबमोजिम सांगठनिक स्वतन्त्रतालाई संवैधानिक संरक्षण दिन्छ। यस्तो अवस्थामा विश्वविद्यालयभित्रका विद्यार्थी संगठनहरू हटाउने निर्णयलाई केवल प्रशासनिक सुधारका रूपमा मात्र नभई मौलिक अधिकारमाथिको हस्तक्षेप हो। सरकारको लोकतान्त्रिक अधिकारमाथि कुठाराघात गर्ने प्रयासमा बौद्धिक जमातहरू नतमस्तक साक्षी बस्नु गम्भीर चिन्ताको विषय हो। विद्यार्थी संगठनहरू लोकतान्त्रिक अभ्यासका आधारभूत संरचना हुन्। तिनीहरूमार्फत विद्यार्थीले नेतृत्व विकास गर्ने, आफ्नो हकहितका विषयहरू उठाउने र राज्य तथा सामाजिक विषयमा सक्रिय सहभागिता जनाउने अवसर पाउँछन्। विगतका दिनहरूलाई हेरियो भने पनि त्यो देखिन्छ। विश्वविद्यालयहरू सार्वजनिक क्षेत्र हुन्, विचारहरूको बहस र संवादले लोकतन्त्रलाई सुदृढ बनाउँछ। यदि त्यस्तो क्षेत्रलाई 'राजनीतिमुक्त' बनाउने नाममा नियन्त्रित गरिन्छ भने त्यो लोकतान्त्रिक अभ्यासको सीमितीकरण हो।

अहिले चर्चामा ल्याइएको स्टुडेन्ट काउन्सिल प्रायः शैक्षिक संस्थाहरूको प्रशासनको प्रभावमा सञ्चालन हुने गरेको पाइन्छ। सीमित सहभागितासहित चयन गरिन्छ। यसले विद्यार्थीहरूलाई स्वतन्त्र रूपमा संगठित हुने, आफ्ना विचार खुल्ला रूपमा बहस गर्ने, आफ्ना हकहितका लागि आवाज बुलन्द गराउने पक्षमा ध्यान दिँदैन। शैक्षिक विषयमा मात्र जोड दिने हुँदा राजनीतिक, सामाजिक, राष्ट्रियता, जनजीविकाको सवालमा आवाज उठाउनुपर्ने तप्का कतै छुट्ने सम्भावना रहन्छ।




स्केच : कान्तिपुर

सरकारले 'स्टुडेन्ट काउन्सिल' लाई वैकल्पिक संरचनाका रूपमा अगाडि सारेको छ। तर यसको प्रभावकारिता र विश्वसनीयताबारे प्रश्नहरू उठेका छन् : के स्टुडेन्ट काउन्सिल वास्तवमै स्वतन्त्र हुन्छ ? यसको चयन प्रक्रिया कति लोकतान्त्रिक हुन्छ ? के यसले विद्यार्थीहरूको विविध आवाज प्रतिनिधित्व गर्न सक्छ ?

स्टुडेन्ट काउन्सिल प्रशासनद्वारा नियन्त्रित संरचना हुने हुँदा विद्यार्थीहरूको वास्तविक प्रतिनिधित्व गर्न सक्दैन। त्यसैले सुधारका नाममा गरिएको परिवर्तन केवल सामान्य संरचनात्मक सुधार हुन्छ, वास्तविक हुँदैन।

## सुधारको वैकल्पिक मार्ग

विद्यार्थी संगठनहरूको योगदानलाई अवमूल्यन गर्न मिल्दैन। नेपालमा लोकतन्त्र स्थापना र सुदृढीकरणमा विद्यार्थी आन्दोलनको भूमिका अत्यन्त महत्त्वपूर्ण छ। यदि सरकारको उद्देश्य वास्तवमै शैक्षिक सुधार हो भने विद्यार्थी संगठनमाथि प्रतिबन्ध होइन, नियमन हुनुपर्छ। शैक्षिक सुधारका लागि त विश्वविद्यालयहरूको संरचनगत सुधार आवश्यक छ। स्वतन्त्र विद्यार्थी युनियन र विद्यार्थी संगठनहरूले त खबरदारी गर्ने हो, त्यो गर्न पाउनुपर्छ।

विद्यार्थी संगठन भनेका विश्वविद्यालयमा प्रतिपक्षहरू हुन्, जसले शैक्षिक विकृतिका विरुद्ध आवाज बलियोसँग उठान गर्छ। त्यसकारण विद्यार्थी संगठनहरूको खारेज होइन, उनीहरूको पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नुपर्छ। क्याम्पस/विश्वविद्यालयमा हिंसात्मक गतिविधिविरुद्ध कडा नियम लागू गर्ने, हिंसात्मक गतिविधिमा सामेल हुने विद्यार्थी वा शिक्षक दुवैलाई निष्कासनको व्यवस्था गर्ने, विद्यार्थी संगठनहरूलाई शैक्षिक र रचनात्मक गतिविधितर्फ उन्मुख गराउने, स्ववियु जस्ता संरचनामा सुधार ल्याउनुपर्छ। जसले लोकतान्त्रिक अभ्यासलाई कायम राख्दै शैक्षिक वातावरण सुधार गर्न सहयोग पुऱ्याउँछ।

**सरकारले अघि सारेको प्रमुख अवधारणा शिक्षालाई राजनीतिमुक्त बनाउने कुरा आकर्षक सुनिए पनि व्यवहारमा जटिल छ। यो निर्णय समाजलाई विचारविहीन बनाउने प्रयास हो।**

## निष्कर्ष

यदि सरकार शैक्षिक गुणस्तर बढाउन प्रतिबद्ध हो भने सबै दोष विद्यार्थी संगठनमाथि देखाएर स्थायी संरचना सुधारको बाटोबाट भाग्न मिल्दैन। विद्यार्थी संगठन हटाउने प्रयास यो सरकारलाई महँगो पर्न जानेछ। यसले विद्यार्थीहरूको राजनीतिक सहभागिता, अभिव्यक्ति स्वतन्त्रता र संगठित हुने अधिकारलाई कुण्ठित गर्छ। त्यसबाट दमनको विरुद्धमा आक्रोश र विस्फोटको जन्म हुन्छ।

विगतमा मातृपार्टी सत्तामा गए सत्ताधारी बन्ने र सडकमा भए सडकधारी बन्ने अवसरवादी प्रवृत्तिले आज विद्यार्थी आन्दोलन कमजोर बनेको सत्य हो। तर विद्यार्थी राजनीतिको इतिहासलाई भुलेर प्रतिबन्ध लगाउनु हुँदैन। लोकतन्त्रको सुदृढीकरणका लागि विश्वविद्यालयहरूलाई खुला, समावेशी र आलोचनात्मक बहसका केन्द्रका रूपमा कायम राख्न आवश्यक छ। विद्यार्थी राजनीति न त पूर्ण रूपमा हटाउन सकिन्छ, न त यसको वर्तमान विकृत रूपलाई स्वीकार गर्न। त्यसैले समाधान उन्मूलन होइन, रूपान्तरण हो। विद्यार्थी संगठनहरू जिम्मेवार, पारदर्शी र लोकतान्त्रिक मूल्यमा आधारित हुनुपर्छ।

आज देशमा आम विद्यार्थीहरूमा राजनीतिप्रतिको जुन प्रकारको वितृष्णा पैदा भइरहेको छ, त्यो देशका लागि शुभ संकेत होइन। वास्तवमा आज देशमा क्रियाशील रहेका राजनीतिक दलहरूको क्रियाकलाप, चरित्र, उनीहरूको राज्य र जनताप्रतिको व्यवहारलाई हेर्दा राजनीतिप्रति वितृष्णा उत्पन्न हुनु नयाँ त होइन। हाम्रो मात्र देशमा नभएर अन्य देशमा पनि त्यस प्रकारका परिस्थितिहरू सिर्जना भएका इतिहास पाइन्छन्। तर सत्य के हो भने राजनीतिलाई घृणा गरेर र राजनीतिक दलका नेताहरूलाई मात्र सत्तोसराप गरेर वा उनीहरूलाई गाली मात्र गरेर समस्याको समाधान सम्भव छैन। देशको व्यवस्थासम्बन्धी चरित्रलाई नबुझीकन हामीले उच्च विकसित देशका जस्ता सुखसुविधाहरू खोजेर पनि सम्भव छैन। अहिले विद्यालय तथा विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीमा आफूले राजनीति गर्नुहुन्न भन्ने धारणाले जरा गाडेको छ। त्यसको पछाडि हाम्रो चिन्तन पद्धतिले काम गरेको छ।

अर्कोतर्फ राजनीति गरे पनि ठूलो भएर गरे हुन्छ, पछि गरे हुन्छ, विद्यालय पढ्ने समयमा राजनीति गर्नु हुँदैन, पाठ्यक्रममा भएको विषयवस्तु मात्र अध्ययन गर्नुपर्छ, अरू साहित्य तथा सामाजिक शिक्षाको आवश्यकता छैन भन्ने जस्ता सोचाइ पनि व्याप्त छन्। तर यी सबै भ्रम हुन्। जुनसुकै क्षेत्रमा काम गरे पनि त्यस व्यक्तिमा नेतृत्वसम्बन्धी कला भएन भने त्यो पछाडि पर्नेमा दुईमत छैन। नेतृत्व विकास र कला आवश्यक परेको समयमा रहस्यमयी ढंगबाट एकै पटक हुने कुरा पनि हैन। त्यो सानैदेखि सिक्दै र बुझ्दै जाने विषय हो। तसर्थ, भविष्यमा परिपक्व नेतृत्वको विकास गर्नका लागि पनि सानैदेखि विद्यार्थी संगठनमा सामेल हुनुपर्दछ। विद्यार्थी संगठनमा सामेल र सक्रिय भएर नै समाज, मानव जीवन र राज्यको चरित्रलाई बुझ्न सकिन्छ। तसर्थ, विद्यालय तथा विश्वविद्यालयमा अध्ययन गर्दा नै राजनीतिक आन्दोलन र राजनीतिसँग जोडिनुपर्दछ। किनभने विद्यार्थी राजनीति नै केन्द्रीय राजनीतिको सिकाइको थलो हो।

# समावेशिताको अपूर्ण बहस



नीलम शर्मा

(शर्मा पर्पल फाउन्डेसनकी संस्थापक हुन्)



तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

प्रतिनिधित्वलाई केवल संख्यामा सीमित गरेर त्यसै आधारमा मूल्यांकन गरियो भने गम्भीर भ्रम सिर्जना गर्छ । संसद्, मन्त्रालय वा कार्यकारी निकायमा उपस्थित हुनु र वास्तविक निर्णय प्रक्रियामा प्रभाव राख्नु दुई फरक पक्ष हुन् ।

वर्तमान सरकार गठन भएलगत्तै एक जना युवाले मसँग रमाइलो भावमा प्रश्न गर्नुभयो- 'राजनीतिमा पुस्तान्तरण भयो, समावेशिताका मुद्दाहरू पनि सम्बोधन भए, अबको तपाईंहरूको एजेन्डा के हुन्छ ?' मैले पनि रमाइलो पारामा नै जवाफ दिएँ, 'देश अब तपाईंहरूको हातमा छ, विगतमा स्थापित मुद्दाहरूलाई तपाईंहरूले कसरी निरन्तरता र स्थिरता दिनुहुन्छ, हामी त्यसको निगरानी गर्नेछौं ।'

ती युवाको प्रश्न झट्ट सुन्दा सामान्य र समसामयिक थियो । प्रश्न जति सरल थियो, त्यति नै जटिल र गहिरो अर्थ बोकेको । प्रश्न प्रतीकात्मक र आम धारणालाई प्रतिध्वनित गर्ने खालको थियो । त्यो एक प्रश्न र त्यस्तै आशयका अन्य धेरै भनाइले यो लेखलाई जन्म दिएको हो । यस लेखमा वर्तमान राजनीतिक परिवेश र समावेशिताको मर्मबीचको अवधारणा, सम्बन्ध र सान्दर्भिकतालाई केलाउन खोजिएको छ ।

नेपालको संविधानले देशका विविध जात, लिंग, धर्मलगायत सबैको संवैधानिक हक सुरक्षित गरेको छ । महिलाको ३३ प्रतिशत राजनीतिक प्रतिनिधित्वलगायत सबैको समानुपातिक प्रतिनिधित्व र सहभागितालाई समावेशी लोकतन्त्रको ऐतिहासिक उपलब्धि मानिन्छ । संसद्, मन्त्रिपरिषद्देखि स्थानीय तहसम्म महिला र अन्य पछाडि पारिएका समुदायको उपस्थिति बढेको छ । युवाले नेतृत्व गरेको हाल निर्वाचित सरकारको मन्त्रिपरिषद्मा इतिहासमै पहिलो पटक ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित भएको छ । सरकारले दलित समुदायप्रति विगतका विभेदपूर्ण अभ्यासका लागि माफी माग्ने घोषणा गरेको छ । यी सबै घटनाक्रम र प्रगतिहरू पक्कै पनि निकै उत्साहजनक र आशालाग्दा देखिएका छन् । यद्यपि, यिनै घटनाक्रमहरूलाई केन्द्रमा राख्दै आम धारणाले एउटा सहज निष्कर्षतर्फ पनि डोर्‍याइरहेको जस्तो देखिन्छ- देशको राजनीतिमा आएको ऐतिहासिक परिवर्तनसँगै समावेशिताका सवालहरू पनि सम्बोधन भइसकेको छ, अब यसबारे थप बहस त्यति सान्दर्भिक छैन ।

तर के यति मात्रले ऐतिहासिक अन्याय, असमानता र संरचनागत विभेदको अन्त्य हुन्छ ? के संख्यात्मक प्रतिनिधित्वले स्वतः शक्ति, प्रभाव र न्याय सुनिश्चित गर्छ ? यी प्रश्नहरू आजको सन्दर्भमा केवल सैद्धान्तिक प्रश्न मात्र नभएर लोकतन्त्रको मर्म, गुणस्तर र सुशासनसँग जोडिएर आउने बहस हुन्, जसको सान्दर्भिकता वर्तमानमा अझै गहिरिएर गएको छ ।

### संख्यात्मक प्रतिनिधित्व : उपस्थिति वा शक्ति सम्बन्धको हेरफेर ?

निश्चय नै नेतृत्वमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व होस् वा सीमान्तकृतको उपस्थिति होस्, दुवै निकै महत्त्वपूर्ण उपलब्धि हुन् । यी सबै लामो राजनीतिक संघर्ष, महिला आन्दोलन र समावेशी नीति तथा अभ्यासका लागि भएको निरन्तर दबाब र वकालतका परिणामहरू हुन् । यसले निश्चित मात्रामा राज्यका संरचनामा बहिष्कृत वर्ग र लिंगको औपचारिक उपस्थितिलाई सुनिश्चित गरेको छ, जुन सकारात्मक हो । यसले सार्वजनिक जीवनमा उनीहरूको प्रभावलाई पनि बढाएको छ । तर प्रतिनिधित्वलाई केवल संख्यामा सीमित गरेर त्यसै आधारमा मूल्यांकन गरियो भने गम्भीर भ्रम सिर्जना गर्छ । संसद्, मन्त्रालय वा कार्यकारी निकायमा उपस्थित हुनु र वास्तविक निर्णय प्रक्रियामा प्रभाव राख्नु दुई फरक पक्ष हुन् । उपस्थित छन् तर यदि निर्णायक शक्ति संरचनाबाट टाढा छन् वा त्यसमा प्रभाव र परिवर्तन ल्याउन सक्दैनन् भने यो उपलब्धि अधुरो नै रहन्छ । अध्ययनहरूले पनि देखाउँछन् कि संख्यात्मक प्रतिनिधित्व बढे पनि नेतृत्व र निर्णय प्रक्रियामा महिला र सीमान्तकृत समुदायको पहुँच अझै सीमित छ ।

राजनीतिक प्रतिनिधित्वको वास्तविक अर्थ कुनै पदमा पुग्नु मात्र होइन, नीति निर्माण, स्रोत वितरण र प्राथमिकता निर्धारणमा प्रभाव पार्न सक्नु हो । महिलाको प्रतिनिधित्वलाई नै उदाहरण मानेर हेर्ने हो भने संसद्मा महिला प्रतिनिधि विगतमा पनि ३३ प्रतिशत नपुगेको होइन । केही महिला वा दलित मन्त्रिमण्डलमा समावेश नभएका पनि होइनन् । व्यक्तिगत सहभागितालाई मात्र हेर्ने हो भने देशमा लोकतन्त्र आउनुअघि पनि महिला वा दलित प्रभावशाली पदमा नपुगेका होइनन् । तर त्यसले संरचनागत परिवर्तनमा कति भूमिका खेल्यो ? त्यसले आम समुदायको जीवन र शक्ति सम्बन्धमा कस्ता परिवर्तन ल्यायो ? यो भने मुख्य प्रश्न हो । साधारणतया महिला, बालबालिका, शिक्षा वा स्वास्थ्यसँग सम्बन्धित विषयमा महिलाको सक्रियता देखिए पनि बजेट प्राथमिकता, स्रोतको वितरण, ठूला पूर्वाधारका सवाल, वैदेशिक नीति, शक्ति सन्तुलनका विषयमा उनीहरूको सक्रियता र पहुँच सीमित देखिन्छ । यस्ता विषयमा महिला वा सीमान्तकृत वर्गका अनुभव र विचारलाई प्राथमिकतामा राखिँदैन । तिनलाई पार्टीगत निर्णयहरूले निर्देशित गरेको हुन्छ, जसमा निश्चित व्यक्ति (पहुँचयुक्त पुरुष) नै हुन्छन् । यसले के देखाउँछ भने महिला महिलाकै मुद्दामा मात्र सीमित गराइन्छन्, जबकि राज्यको मुख्य शक्ति र स्रोतसँग सम्बन्धित निर्णयहरू पुरुष प्रधान संरचनाले नै निर्धारण गर्दछ ।

अर्को उदाहरण, स्थानीय तहको उपप्रमुखमा महिला सहभागितालाई हेर्न सकिन्छ । यस व्यवस्थाले संख्यात्मक प्रगति उत्साहजनक देखिए पनि गुणात्मक रूपमा महिलाको निर्णायक क्षमता र शक्ति अभ्यासलाई कति स्थान दिएको छ भन्ने प्रश्न अगाडि ल्याएको छ । प्रतिनिधित्व र प्रभावबीचको फरकलाई केलाउन उपप्रमुख पदमा पुगेका महिलाले निर्णायक तहमा हासिल गरेका उपलब्धि र भोग्नुपरेका बाधा, असहजता, महिला नेतृत्वलाई स्वीकार नगर्दा खेप्नुपरेका अपमान, हिंसा र राजनीतिबाटै उत्पन्न वितृष्णाका विषयहरूलाई व्यापक बहसमा ल्याउन जरुरी छ । के उनीहरूले प्रतिनिधित्वसँगै स्वतन्त्र र निर्णायक भूमिका खेल्ने अवसर पाएका छन् ? यसमाथि विश्लेषण र बहस हुनैपर्छ । अन्यथा प्रतिनिधित्वले ल्याएको प्रतीकात्मक प्रगतिभित्र शक्तिको समान वितरण र अभ्यासका गम्भीर विषय हराएर जानेछन् ।

### दलित समुदायसँग माफी : विभेदको स्वीकारोक्ति कि न्यायको सुनिश्चितता ?

नयाँ सरकारलाई नेतृत्व गर्ने पार्टीका अध्यक्षले दलित समुदायसँग आजसम्मको विभेद र बहिष्करणका लागि माफी माग्नुभएको छ । यो निकै सकारात्मक र लोकप्रिय कदम हो । कानुनले दशकौंअगाडि वर्जित गरेको विषय आज पनि समाजमा अभ्यासमा छ भन्ने विषयलाई स्वीकार गर्नु विभेदविरुद्धको पहिलो खुड्किलो हो । तर यस अभिव्यक्तिले आम दलित समुदायको दैनिक जीवनमा के परिवर्तन ल्याउँछ ? उनीहरूले शताब्दीदेखि भोगेको र भोगिरहेको विभेद, बहिष्करण, अपमान र मानसिक आघातको क्षतिपूर्ति गर्न यस भनाइसँगै सरकारका नीति, व्यवहार र अभ्यासहरू कस्ता हुन्छन् ? प्रश्न त्यहाँनिर छ । समाजमा हुने शक्तिको असमान वितरण र अन्यायपूर्ण अभ्यासलाई सुधार्न कस्ता कार्य वा योजना बने भन्ने विषयले मात्र यसको जवाफ दिन्छ । राज्यले माफी माग्नु वा केही समावेशी सांकेतिक कदम चाल्नु सकारात्मक संकेत हुन्, तर यस्ता कदमलाई अन्तिम समाधानका रूपमा प्रस्तुत गर्न खोज्नु खतरनाक हुन्छ । माफीले विगत स्वीकार गर्दछ, तर न्याय सुनिश्चित गर्दैन । न्यायका लागि संरचनागत सुधार आवश्यक हुन्छ । आगामी दिनमा दलित समुदाय लक्षित नीतिगत परिवर्तन, संस्थागत उत्तरदायित्व र स्रोतको पुनर्वितरण भएन भने यस्ता कदमहरू प्रतीकात्मक मात्र हुनेछन् । सामाजिक न्याय केवल स्वीकारोक्ति होइन, परिवर्तन हो, जुन प्रणालीगत हुनुपर्दछ । सरकारले आगामी दिनहरूमा दलित र अन्य बहिष्कृत समुदाय लक्षित गर्ने व्यवहार र नीतिहरू यसमा भएको प्रगतिलाई मापन गर्ने आधार हुन् ।

### अदृश्य सामाजिक संरचना र अनौपचारिक नियम

समाज औपचारिक र लिखित नियमहरूभन्दा बढी अनौपचारिक र अलिखित नियमहरूबाट निर्देशित छ । औपचारिक र लिखित नीतिहरूले महिला र सीमान्तकृतको उपस्थिति र प्रतिनिधित्वलाई जति बाध्यात्मक रूपमा अगाडि ल्याएको छ, जकडिएको पितृसत्तात्मक सोच, अभ्यास र अनौपचारिक नियमहरूले उसरी नै उनीहरूको उपस्थितिलाई प्रभावहीन बनाएको पनि छ । उदाहरणका लागि निर्वाचनपछि र सरकार गठन हुनुभन्दा अगाडि हाल सत्तामा रहेको पार्टीका एक प्रभावशाली नेताले सामाजिक सञ्जालमा राख्नुभएको तस्बिरलाई लिऔं । हुन त त्यो एक व्यक्तिगत पेजमा राखिएको व्यक्तिगत फोटो थियो, जसमा सत्तासीन पार्टीका चार जना पुरुष नेताहरू बस्नुभएको थियो र फोटोको क्याप्सनलाई 'राजकाजको चर्चा' नाम दिइएको थियो । सामान्य लाग्ने त्यो पोस्ट अर्थपूर्ण मात्र थिएन, सत्ता र शक्तिको चाबीको नियन्त्रण कोसँग छ ? स्पष्ट संकेत दिएको थियो । प्रतिनिधित्व र प्रभावलाई तुलनात्मक रूपमा हेर्ने हो भने यस फोटोको दृश्य र पुराना भनिएका राजनीतिक दलहरूका दृश्यमा अनुहार र उमेरबाहेक खासै भिन्नता देखिँदैन थियो ।

नेपालको राजनीतिमा अनौपचारिक संरचनाहरू र नियमहरूले गहिरो मात्र होइन, निर्णायक भूमिका खेल्दछन् । कतिपय अवस्थामा निर्वाचित प्रनिनिधिहरू अगाडि देखिए पनि निर्णयहरू सीमित व्यक्ति वा समूहले नै नियन्त्रण गर्दछन् । खासगरी राजनीतिक दलहरूभित्रको शक्ति संरचना अत्यन्त केन्द्रीकृत र पुरुषप्रधान छ । यस्ता निर्णायक तहहरूमा महिला वा सीमान्तकृत समूहको उपस्थिति सीमित (वा शून्य) हुँदा उनीहरूको कार्यान्वयनको भूमिका पनि सीमित नै हुन्छ । नीतिगत प्राथमिकता निर्धारण गर्ने ठाउँमा पहुँच नहुँदा प्रतिनिधित्वको प्रभाव स्वतः कमजोर हुन्छ । यस्ता बेलामा पदको औपचारिकताभन्दा सामाजिक, आर्थिक र अन्य शक्ति सम्बन्धहरू बढी प्रभावशाली हुन्छन् । हाम्रो सन्दर्भमा पनि औपचारिक नीतिभन्दा अनौपचारिक नियम र व्यवहारले नै धेरैजसो 'राजकाज' सञ्चालन गर्छ । अगाडि देखिने नेतृत्व र पछाडिबाट निर्णय गर्ने शक्तिबीचको अन्तर राजनीतिमा सबैभन्दा बढी देखिन्छ । जबसम्म यी र यस्ता अनौपचारिक शक्ति सम्बन्ध र संरचनाहरूलाई चुनौती दिइँदैन र निर्णयहरू सोही संरचनालाई कायम राख्दै अगाडि बढ्छन्, परिवर्तन सीमित व्यक्तिहरूका लागि र कागजी उपलब्धिमा मात्र रहने खतरा हुन्छ ।

### अन्त्यमा, समावेशिताको सन्दर्भ

वर्तमान नेपालको परिवर्तित राजनीतिक दृश्यले राजनीतिमा पुस्तान्तरणको दृश्य त देखाउँछ, तर सामाजिक, राजनीतिक रूपान्तरणको चित्र धमिलो छ । समाजको तह-तहमा रहेको वर्ग, जात, लिंग र न्यायको पहुँचको गहिरो असमानतालाई कसरी सम्बोधन गर्ने स्पष्ट चित्र देखिँदैन । उच्च र पहुँच भएका वर्ग र समूहको प्रभुत्वले वास्तविक समावेशितालाई प्रतिस्थापन गरेको छ, जसले सबैभन्दा पछाडि पारिएका समुदायहरूलाई अझै पनि निर्णय प्रक्रियाबाट टाढा राखेको छ । यदि हाल निर्वाचित सरकार साँच्चै समावेशी र लोकतन्त्रप्रति प्रतिबद्ध छ भने प्रतीकात्मक प्रतिनिधित्व र निर्णयहरूभन्दा अगाडि बढेर संरचनात्मक परिवर्तनतर्फ उन्मुख हुनैपर्छ । यसका लागि वर्तमान सरकारले केही स्पष्ट कदमहरू चाल्न आवश्यक छ । जस्तैः राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्र र समावेशितालाई कानुनी रूपमा नै संस्थागत गर्ने, निर्वाचन प्रणाली र कानुनलाई सुधार गर्ने, हरेक नीति निर्माणका स्थानहरूमा वर्ग, जात, भूगोल, लैंगिक विविधतालाई अन्तरसम्बद्धताका आधारमा समेट्ने, सार्वजनिक बजेट र नीतिमा सबैभन्दा सीमान्तकृत समुदायलाई पहिलो प्राथमिकतामा राख्ने ।

यस्तै अनौपचारिक शक्ति संरचना तथा पितृसत्तात्मक अभ्यासलाई चुनौती दिने प्रभावकारी संयन्त्रको विकास र अभ्यास गर्ने । समावेशिता केवल उपस्थितिको प्रश्न होइन, शक्तिको पुनर्वितरण र अभ्यास हो, सुशासनको मुद्दा हो । जबसम्म राज्यले यसलाई नीतिगत, संरचनागत र व्यावहारिक रूपमा लागू गर्दैन र यसको प्रत्यक्ष महसुस समाजका सबै वर्ग, लिंग, जात र आजसम्म बहिष्करणमा पारिएका व्यक्ति र समुदायले समान रूपमा गर्न सक्दैनन्, तबसम्म समावेशिता बहसको मुख्य एजेन्डाका रूपमा रहिरहनेछ, रहनुपर्नेछ ।

# लुम्बिनीमा निजी लगानी जोखिममा



महेन्द्र थापा

(थापा बुटवलमा क्रियाशील पत्रकार हुन्)

२०७१ मा सिद्धार्थनगर (भैरहवा) स्थित गौतम बुद्ध विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रियस्तरमा स्तरोन्नति गर्न शिलान्यास गरिएको थियो । त्यसको लक्ष्य थियो- शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनीको पर्यटकीय विकास र प्रवर्द्धनमार्फत राष्ट्रको अर्थतन्त्र बलियो बनाउने । सरकारको यो कदमपछि लुम्बिनी क्षेत्रका मात्रै होइन, मुलुकभरिकै उद्यमी उत्साहित भए ।

भैरहवा-लुम्बिनी क्षेत्रमा खासगरी होटल तथा आतिथ्यता एवं पर्यटनमा लगानी वृद्धि भयो । होटल एसोसिएसन अफ नेपाल (हान) लुम्बिनी प्रदेश समितिको तथ्यांकअनुसार भैरहवा-लुम्बिनी क्षेत्रमा मात्रै अहिले ४ पाँचतारे होटल, ९ चारतारे होटल र १ तीनतारे होटल सञ्चालनमा छन् । गौतम बुद्ध विमानस्थल सञ्चालनमा आएपछि पर्यटन उद्योग फस्टाउने अपेक्षाका साथ विमानस्थललाई लक्षित गरी यी होटल खुलेका हुन् । होटल व्यवसायमा मात्र भैरहवा-लुम्बिनी क्षेत्रमा एक खर्ब रुपैयाँभन्दा बढी लगानी भइसकेको छ । यो विमानस्थल बन्ने भएपछि ठूला तारे होटल मात्रै होइन, मझौला तथा साना होटल, रेस्टुरेन्ट पनि थपिए । लुम्बिनी प्रदेश क्षेत्रमा मात्रै साना-ठूला गरी २ हजारभन्दा बढी संख्यामा होटल तथा रेस्टुरेन्ट सञ्चालनमा छन् । यी सबैको लगानी जोड्ने हो भने खर्बौं रुपैयाँ भइसकेको छ । २ जेठ २०७९ मा विमानस्थलको उद्घाटन भएपछि उद्योगी-व्यवसायीमा हर्षको सीमा रहेन ।

नयाँले लगानी गर्न र पुरानाले लगानी थप्न हौसिए । हामीले देख्दादेख्दै भैरहवा-लुम्बिनी क्षेत्र पर्यटकीय पूर्वाधारले भरियो । र, पर्यटकीय पूर्वाधारको नगरी बन्यो भैरहवा-लुम्बिनी क्षेत्र । तर, उद्घाटन भएको ४ वर्ष बितिसक्दासम्म विमानस्थल पूर्ण क्षमतामा सञ्चालनमा नआएपछि अहिले यस क्षेत्रका उद्योगी-व्यवसायीहरू निराश र दुःखी छन् । यो विमानस्थललाई लक्षित गरी रूपन्देही अतिरिक्त बर्दिया र बाँके जिल्लामा पनि होटल व्यवसायमा ठूलो परिमाणमा रकम लगानी भएको छ । भैरहवा र नेपालगन्जमा पनि होटल व्यवसायमा ठूलो रकम लगानी भएको छ । सोसाइटी अफ ट्राभल एन्ड टुर अप्रेटर्स नेपाल (सोट्टो नेपाल) को लुम्बिनी प्रदेश समितिको तथ्यांकअनुसार, ट्राभल टुर क्षेत्रमा पनि झन्डै एक खर्ब रुपैयाँ लगानी भएको छ । लुम्बिनी प्रदेश क्षेत्रमा २ सय बढी यस्ता संस्था सञ्चालित छन् । सरकारको पनि पूर्वाधार क्षेत्रमा खर्बौं रुपैयाँ लगानी भइसकेको छ ।

विमानस्थल पूर्ण क्षमतामा सञ्चालनमा नआएपछि यो लगानी अहिले जोखिममा छ । उद्योगी व्यवसायीले यो विमानस्थल सञ्चालनका लागि सरकारसँग धेरै पटक माग राखे । दबाबमूलक कार्यक्रमहरू पनि सञ्चालन गरे तर विमानस्थल पूर्ण क्षमतामा सञ्चालनमा आउन सकेको छैन ।

नवगठित दुईतिहाइ बहुमतको सरकारसँग आफूहरूले ठूलो अपेक्षा राखेको यस क्षेत्रका व्यवसायीको भनाइ छ ।

अब यो सञ्चालनका लागि नयाँ सरकारले पहल गरोस् र समस्या समाधानको उपाय खोजोस् भन्ने चाहना व्यवसायीको छ । भारतका पर्यटकीय सहरहरूमा आवतजावतका लागि हवाई र रेलमार्गको सुविधा मिलाउनसमेत सरकारले यथाशीघ्र पहल गर्नुपर्छ । व्यवसायीहरूले माग गरेजस्तै श्रम, राहदानी, स्वास्थ्य परीक्षण र प्रवेशाज्ञाको सुविधा भैरहवाबाटै दिने व्यवस्था मिलाउन ठूलो कठिनाइ नहोला ।

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश समितिका अध्यक्ष ठाकुरप्रसाद श्रेष्ठको भनाइमा यो विमानस्थल पूर्ण क्षमतामा सञ्चालन नहुँदा व्यवसायी र सरकारको खर्बौं रुपैयाँ लगानी जोखिममा परेको छ । अतः सरकारले यसको सञ्चालनका लागि भारत सरकारसँग कूटनीतिक पहल गर्नुपर्छ । भैरहवादेखि भारतको दिल्ली उडानको व्यवस्था मिलाउनेबित्तिकै समस्या समाधानको वातावरण सिर्जना हुन्छ । यात्रुको समस्या छैन । गौतम बुद्ध विमानस्थल सञ्चालनको माग लुम्बिनी प्रदेश क्षेत्रको माग मात्रै होइन, नेपाल राष्ट्रकै माग हो । यो क्षेत्र राष्ट्रिय अर्थतन्त्रकै आधारस्तम्भ बन्न सक्छ । यो विमानस्थल पूर्ण क्षमतामा सञ्चालनमा आउने हो भने लुम्बिनी प्रदेश क्षेत्रको पर्यटन उद्योगमा कायापलट हुनेछ । यसकारण यो विमानस्थल सञ्चालनको माग भैरहवा एवं रूपन्देहीवासीको मात्र नभई समग्र लुम्बिनी प्रदेशवासी र राष्ट्रकै हो । यो विमानस्थल लुम्बिनी प्रदेश र गण्डकी प्रदेशवासीको भाग्यरेखा हो ।

लुम्बिनी दर्शन गर्न आएका विदेशी पर्यटक चितवन र पोखराको भ्रमणमा समेत पुग्छन् । यदि हामीले गौतम बुद्ध विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्ने हो भने वर्षमा करोडौं संख्यामा बुद्धमार्गी पर्यटक लुम्बिनी आउँछन् । यसले नेपाल राष्ट्रकै समृद्धिमा ठूलो टेवा पुर्‍याउँछ । त्यसैले यो विमानस्थल सञ्चालनका लागि हामी सबै जुर्मुराएर जागौं, उठौं । यदि यो विमानस्थल सञ्चालनमा ल्याउन नेपाल सरकार सफल हुन नसके नेपालले आर्थिक र सामाजिक क्षेत्रमा ठूलो नोक्सानी बेहोर्नुपर्नेछ ।

यदि सरकार, खासगरी पर्यटन मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणको प्रतिबद्धता हुने हो भने यो विमानस्थल सञ्चालनमा ल्याउन सहजै सकिन्छ । सरकारले व्यावसायिक योजना राम्रोसँग बनाउनुपर्छ । त्रिभुवन, पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय- तीन वटै विमानस्थल एकसाथ सञ्चालनमा ल्याउने गरी व्यावसायिक योजना बनाउनुपर्छ । लुम्बिनीमा बुद्धिस्ट मात्रै नभई, अन्य धार्मिक पर्यटक पनि प्रशस्त संख्यामा आकर्षित गर्न सकिन्छ । किनकि लुम्बिनी विश्व शान्तिको मुहान हो । लुम्बिनी प्रदेश क्षेत्रको आर्थिक विकासको मुख्य आधार पर्यटन हो । अतः यस क्षेत्रमा शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनीलाई केन्द्रमा राखेर यहाँ आउने पर्यटकको बसाइ अवधि लम्ब्याउन यो प्रदेश क्षेत्रका अन्य पर्यटकीय सम्पदाहरूको समेत समुचित विकास र प्रवर्द्धन गर्नुपर्छ ।

# प्रविधिमैत्री सुरक्षा-सुशासन



भीमप्रसाद ढकाल

(ढकाल पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) हुन्)

जबसम्म समाज र राष्ट्रमा शान्ति-अमनचयन हुँदैन, तबसम्म व्यक्ति, समाज, संस्कृति र राष्ट्रले उन्नति-समृद्धिको मार्ग पहिल्याउन सक्दैन । अतः सुरक्षा र यसको नागरिक अनुभूति आजको मूल आवश्यकता हो । सुरक्षामा सुशासन भनेको बिनाभेदभाव, इमानदारिता, व्यावसायिकताको कसीमा रहेर चुस्त, दुरुस्त, पारदर्शी र जवाफदेही तवरले आम नागरिकमा सुरक्षा सेवा सम्प्रेषण हुने प्रक्रिया अनि वातावरण हो । अब सुशासनका प्रक्रिया परम्परागतबाट आधुनिक बन्दै गएका छन् । प्रविधिको तीव्र विकाससँगै शासन सञ्चालनका हरेक नसामा प्रविधि छाउन थालेको छ ।

अहिले धेरै देशले डिजिटल प्रहरी सेवा विकास गरेका छन्, जसले एआई जडित अपराध रिपोर्टिङदेखि भर्चुअल प्रमाण पेस गर्नेसम्मका सुविधा प्रदान गर्छन् । नेपालको सन्दर्भमा प्रहरीले विगतदेखि नै प्रविधिमैत्री सेवा दिने हुटहुटीस्वरूप अपराध अनुसन्धान नियन्त्रण तथा नागरिकलाई दिने सुरक्षा सेवामा केही प्रविधिगत उपाय सुरु गरेको छ । प्रहरी रिपोर्ट, चारित्रिक प्रमाणपत्र, ट्राफिक जरिवाना, कर्मचारीको अभिलेख, दैनिक घटना अभिलेख, अपराध अनुसन्धान आदि विषयमा प्रविधि अनुसरण सुरु भएका छन् । तर, नेपालैभरि विस्तार गर्ने तथा विशेषगरी प्रत्यक्ष रूपमा नागरिकलाई प्रदान गरिने सेवा एकीकृत र स्थायित्व हुने गरी प्रविधिमैत्री बनाउन सकिएको छैन । प्रविधिले प्रणालीलाई आत्मसात् गर्छ । दलाली, सोर्सफोर्स, नातावाद, कृपावाद, बेथिति र भ्रष्टाचार निर्मूल गरी नेपाल प्रहरीको सेवालाई अब यस्ता विकृतिबाट मुक्त गरेर बढीभन्दा बढी प्रविधिमैत्री बनाउँदै सुरक्षा-सुशासनतर्फ अग्रसर बनाउनु अत्यावश्यक छ ।

नागरिकलाई समस्या पर्नासाथ तिनले पहिले सम्झिने प्रहरी नै हो । र, उनीहरूले प्रहरीबाट चुस्त सेवा चाहन्छन् । त्यसका लागि उजुरी, निवेदन र खबर गर्न प्रहरी कार्यालय नधाई डिजिटल माध्यमबाटै व्यवस्था गर्नु आवश्यक छ । सार्वजनिक स्थानमा उजुरी क्यूआर वा नागरिकका मोबाइलमा उजुरी एप राखेर नागरिकलाई सहजता दिन सकिन्छ । प्रहरीमा उजुरी दिएपछि उजुरी सम्बन्धमा के भयो ? कहाँ पुग्यो ? प्रमाण फेला पर्‍यो वा परेन ? मान्छे पक्राउ भयो वा भएन ? वकिल कार्यालय पुग्यो वा पुगेन ? त्यो अदालत पुग्यो वा पुगेन ? यस्ता विषयमा पीडितले जानकारी पाउन बारम्बार प्रहरी कार्यालय धाउनुपर्ने, बिचौलिया अनि दलालको सहारा खोज्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्छ ।

कुनै आपराधिक घटना घटेपछि घटनास्थलबाट उठाइएका र चेकजाँच गर्न ल्याबमा पठाइएका प्रमाण एवं वस्तुको रिपोर्ट कहिले आउँछ ? वकिल वा अदालतमा पेस भयो कि भएन ? जस्ता विषयमा पीडितले सरोकार राख्ने अनि सोध्न/बुझ्न प्रहरी कार्यालय धाउँदा पीडित झन् धेरै पीडामा परेको देखिन्छ । यो विषयलाई पनि डिजिटल माध्यमबाट जानकारी दिने व्यवस्था गर्न सकिन्छ ।

प्रहरी चौकी, इलाका, जिल्ला, प्रदेश एवं केन्द्रअन्तर्गत भइरहेका प्रशासनिक एवं अपराध अनुसन्धान र शान्तिसुरक्षासँग सम्बन्धित गतिविधिलाई छिटोछरितो जानकारी लिन अनि विश्लेषण गर्न हाल कार्यालयमा रहेका कम्प्युटराइज्ड डाटामा च्याटजीपीटी जस्ता एआई टुल्स राखेर सम्बन्धित कार्यालय प्रमुखले काम प्रभावकारी बनाउन सक्छन् । प्रहरी संगठनभित्रका सरुवा-बढुवाका काम पारदर्शी, जवाफदेही र प्रणालीबद्ध बनाउन निश्चित मापदण्ड अपनाएर डिजिटल प्लेटफर्ममार्फत अटोमेसनमा लैजानुपर्छ । यसो गरे सरुवा-बढुवामा हालसम्म भोग्नुपरिरहेको विभेद र अन्याय स्वतः कम गर्न सकिन्छ । प्रत्येक प्रहरी कर्मचारीले आ-आफ्नो जिम्मेवारीमा गरेका प्रत्येक कामकारबाहीलाई डिजिटल अभिलेखमा राखी प्रत्येक महिना कामको मूल्यांकनमार्फत नम्बर दिने व्यवस्था गर्नुपर्छ । यसो गरे बढुवा प्रक्रियालाई वस्तुनिष्ठ र न्यायिक बनाउन सकिन्छ ।

प्रहरी कार्यालयमा प्रविधिजन्य साधनस्रोत जुटाई सबै कामकाजलाई पेपरलेस बनाउन सके हाल कार्यरत जनशक्तिको एक तिहाइ संख्या फिल्डमै नागरिकको सुरक्षामा खटाउन सकिन्छ । प्रहरीका हरेक कार्यालय तथा अन्तरकार्यालय बैठक सञ्चालन गर्दा जुम प्रविधि अपनाउन सके कार्यालयको कामकाजको गोपनीयता, सञ्चार तथा बैठक निर्णय अभिलेख सहज भई प्रहरी परिचालन र सेवा अझ सरल बनाउन सकिन्छ ।

> सरकारले प्रहरीलाई डिजिटल्ली सक्षम र योग्य बनाउँदै आवश्यक साधनस्रोत जुटाउनुपर्छ । नागरिकलाई सुरक्षामा डिजिटल सुशासन दिन उल्लेख्य बजेट विनियोजन गरी आगामी आर्थिक वर्षलाई 'प्रहरी सेवामा डिजिटल वर्ष २०८३' घोषणा गर्नुपर्छ ।

अहिले साइबर सुरक्षाको संवेदनशीलता बढिरहेको छ । बेलाबेलामा प्रहरीका प्रोसेड्युर, डाटा ह्याक भएको खबर आउने गर्छन् । यस्तोमा नहोस् भन्न डेटा सुरक्षाका लागि उपयुक्त र प्रभावकारी साइबर सुरक्षा प्रविधि अपनाउनु आवश्यक छ । अत्याधुनिक टुल्स र तालिम सञ्चालन गर्नुपर्छ । नेपाल प्रहरीको सूचना प्रविधि, संरचना, डेटा सुरक्षा तथा राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष सम्बन्धित संवेदनशील प्रणालीको सुरक्षा सुदृढ गर्न सेक्युरिटी अपरेसन सेन्टर स्थापना गरी क्रियाशील बनाउन सकिन्छ । साइबर अपराध र सामाजिक सञ्जाल दुरुपयोगका घटनाले समाजमा शान्तिसुरक्षाको नयाँ चुनौती खडा गरेको छ । वर्तमान परिवेशमा यो चुनौतीसँग जुध्न हाल केन्द्रमा साइबर ब्युरो क्रियाशील छ । तर, साइबरसँग सम्बन्धित गुनासो र उजुरी पछिल्ला वर्षमा अत्यधिक बढेको छ । त्यसैले प्रत्येक जिल्लामा साइबर डेस्क सुरु त गरिएको छ तर यसलाई थप सक्षम र योग्य बनाउनु आवश्यक छ ।

प्रहरी कार्यालयबाट नागरिकका लागि प्रदान हुने सेवा लिन घण्टौं हिँडेर धाउनुपर्ने, कुर्नुपर्ने, आर्थिक बोझ खेप्नुपर्ने, दलाल-बिचौलिया गुहार्नुपर्ने विद्यमान अवस्थाबाट नागरिकलाई मुक्त गरी प्रहरीले दिने सेवा, सिफारिस पत्र, उजुरी, प्रमाणित कागज दिने प्रक्रिया अनलाइनमार्फत गरे नागरिकलाई धेरै सहज अनुभूति दिलाउन सकिनेछ । यसबाहेक प्रहरी क्लियरेन्स तथा भेरिफिकेसन सेवा, अपोइन्टमेन्ट बुकिङ सिस्टम, नागरिक गुनासो र फिड ब्याक प्रणाली, ट्राफिक सर्भिस एन्ड फाइन म्यानेजमेन्ट सिस्टम, लस्ट एन्ड फाउन्ड रिपोर्टिङ पोर्टल, जाहेरी दरखास्त दर्ता प्रणाली, हराएका र फेला पारेको जानकारी प्रणाली अनलाइनमार्फत गर्ने व्यवस्था सुरु गर्न सके नागरिकलाई सुशासनको थप अनुभूति दिन सकिन्छ ।

केन्द्रमा मात्रै सीमित प्रहरीको डिजिटल फरेन्सिक ल्याबलाई प्रदेशस्तरमा विस्तार गर्नुपर्छ । यसो भए अपराध अनुसन्धानको प्रक्रियामा तत्कालै ल्याब रिपोर्ट प्राप्त भई अपराध अनुसन्धान र अभियोजन बलियो हुन्छ । र, पीडितले छिटोछरितो र सही न्याय पाउन सक्छ । यसबाहेक प्रहरीले अपराध नियन्त्रण, रोकथाम एवं शान्तिसुरक्षा र अपराध अनुसन्धानका कार्य गर्दा तत्कालै अन्य निकायका डेटामा पनि पहुँच पुर्‍याउनुपर्ने हुन्छ । अध्यागमन, यातायात, वन, राजस्व, तथ्यांक विभाग, टेलिकम आदिसँग प्रत्यक्ष सरोकार राख्ने डेटामा अनुसन्धान अधिकारीको तत्काल डिजिटल पहुँच पुर्‍याउने व्यवस्था भए अपराध अनुसन्धान र नियन्त्रण कार्य थप छिटो र प्रभावकारी हुन्छ ।

मुख्य सहर, बजार, चोक, राजमार्गमा सिसिक्यामेरा विस्तार गर्ने, सबै जिल्लाका मुख्य बजारका चोकमा ट्राफिक लाइट जडान गर्ने कार्यलाई पनि तीव्रता दिन आवश्यक छ । यसो गरे अपराध रोकथाम, नियन्त्रण तथा ट्राफिक नियम पालना प्रविधिमार्फत हुन्छ । र, नागरिकहरूमा सुशासनको अनुभूति दिलाउन सकिन्छ । सीमाका मुख्य र सहायक नाकामा सीमा अपराध, तस्करी, लागूऔषधसमेतका अपराध नियन्त्रण गर्न ठूलो संख्यामा सशस्त्र र नेपाल प्रहरी परिचालित छ । प्रहरी कर्मचारीबाट म्यानुअल चेकजाँच प्रभावकारी नहुनुका साथै बेलाबेला विवाद पनि हुने गरेको छ । यस्तो पृष्ठभूमिमा नेपालका अन्तर्राष्ट्रिय सीमानाकामा सिसिक्यामेरा, एआई जडित डिजिटल गेट तथा एक्सरे मेसिन स्टल विस्तार गरे सीमा वरपर हुने चिजवस्तु र व्यक्तिको रेकर्ड हुन्छ । र, आपराधिक गतिविधि अनुसन्धान-नियन्त्रण सहज हुनेछ ।

सरकारले प्रहरीलाई डिजिटल्ली सक्षम र योग्य बनाउँदै आवश्यक साधनस्रोत जुटाउनुपर्छ । नागरिकलाई सुरक्षामा डिजिटल सुशासन दिन उल्लेख्य बजेट विनियोजन गरी आगामी आर्थिक वर्षलाई 'प्रहरी सेवामा डिजिटल वर्ष २०८३' घोषणा गर्नुपर्छ । यसो गरेमा प्रहरी सेवा प्रवाहसँग जोडिएका क्षेत्रमा देखिएका ढिलासुस्ती, बेथिति, भ्रष्टाचार, कुशासन, दण्डहीनता, अपारदर्शिता स्वतः कमी हुन गई नागरिकहरूले निष्पक्ष, छिटोछरितो, प्रभावकारी र प्रणालीगत सेवा प्राप्त गर्नेछन् ।

# पश्चिम बंगालमा दोस्रो चरणमा ९२ प्रतिशत मतदान

### बंगालको २ सय ९४ विधानसभा सिटमध्ये दोस्रो चरणमा दक्षिणतर्फका १ सय ४२ निर्वाचन क्षेत्रमा मतदान




एजेन्सी (कोलकाता)- भारतको पश्चिम बंगाल राज्यमा बुधबार दोस्रो चरणको निर्वाचनमा ९२ प्रतिशत हाराहारीमा मत खसेको छ। यसअघि पहिलो चरणमा २३ अप्रिलमा उत्तरतर्फका १ सय ५२ क्षेत्रमा सम्पन्न निर्वाचनमा ९३.२ प्रतिशत हाराहारीमा मत खसेको थियो। पश्चिम बंगालको कुनै पनि निर्वाचनमा यति ठूलो मत खसेको यो पहिलो पटक हो।

भारतीय सञ्चारमाध्यम टाइम्स अफ इन्डियाका अनुसार धेरैजसो एक्जिट पोलले यस पटक भारतीय जनता पार्टी (भाजपा) ले बहुमत ल्याउने वा पहिलो दल बन्ने देखाएका छन्। पी मार्कले गरेको सर्वेक्षणले १५०-१७५ सिटमा भाजपा विजयी हुने तथा ११८-१३८ सिटमा तृणमूल कंग्रेस (टीएमसी) विजयी हुने पूर्वानुमान गरेको छ। पोल्स डायरीले १४२-१७१ सिटमा भाजपा र ९९-१२७ सिटमा टीएमसी विजयी हुन सक्ने आकलन गरेको छ। जेभीसीले १३८-१५९ सिटमा भाजपा र १३१-१५२ सिटमा टीएमसी विजयी हुन सक्ने देखाएको छ।

बंगालको २ सय ९४ विधानसभा सिटमध्ये दोस्रो चरणमा दक्षिणतर्फका १ सय ४२ निर्वाचन क्षेत्रमा मतदान भयो। राजधानी कोलकातासहित हाउरा, होग्ली, नादियालगायत ठूला सहरी इलाकामा बुधबार मतदान भएको हो। प्रधानमन्त्री नरेन्द्र मोदीले बंगालमा ६-७ दशकपछि बंगालमा पहिलो पटक भयरहित निर्वाचन सम्पन्न भएको दाबी गरेका छन्।

उत्तर प्रदेशमा गंगा एक्सप्रेस वे उद्घाटन गर्न पुगेका मोदीले बुधबार बंगालको सत्तारूढ टीएमसीमाथि निसाना साँध्दै भने, 'पहिलो चरणमा जसरी नै यस पटक पनि ठूलो संख्यामा मतदाता आए। लामो लाइन बसेका मानिसहरूको तस्बिरले सामाजिक सञ्जाल भरिएको छ। अघिल्ला ६-७ दशक नियाल्दा बंगालमा भयरहित वातावरणमा मत खस्ने कल्पना गर्न पनि गाह्रो थियो।'

टीएमसी अध्यक्ष तथा पश्चिम बंगालकी मुख्यमन्त्री ममता बेनर्जीले मतदान केन्द्रमा खटिएका केन्द्रीय सुरक्षाकर्मीहरूले निष्पक्ष व्यवहार नदेखाएको आरोप लगाइन्। 'केन्द्रीय फौजको तानाशाही अनपेक्षित छ। यहाँ निष्पक्ष र स्वतन्त्र काम भइरहेको छैन,' भवानीपुर निर्वाचन क्षेत्रमा मित्र इन्स्टिच्युसन स्कुलमा मतदान गरेपछि उनले भनिन्। उनले २ सय ९४ मध्ये कम्तीमा २ सय सिट टीएमसीले जित्ने दाबी गरिन्। यसअघि सन् २०२१ मा टीएमसीले २ सय १५ सिट जितेको थियो। त्यसैगरी प्रमुख प्रतिपक्षी दल भाजपाले ७७ सिट जितेको थियो। त्यहीकारण यस पटक पनि यी दुई दलबीच मुख्य प्रतिस्पर्धा हुने आकलन गरिएको छ।

सन् २०२१ को निर्वाचनमा शून्य सिटमै समेटिएका भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवाद) र कंग्रेस आईले पनि केही ठाउँमा जित हासिल गर्दै विधानसभामा आफ्नो उपस्थिति फर्काउने लक्ष्यअनुसार चुनावी अभियान सञ्चालन गरेका थिए।

पश्चिम बंगालमा यस पटक कुल ६ करोड ८२ लाख मतदाता सूचीकृत थिए। निर्वाचन आयोगले ल्याएको स्पेसल इन्टेन्सिभ रिभिजन (एसआईआर) ले झन्डै ९१ लाख मानिसहरूको नाम मतदाता सूचीबाट हट्यो। भाजपा नेतृत्वको केन्द्र सरकारले

> भाजपाले बहुमत ल्याउने एक्जिट पोलहरूको प्रक्षेपण, यसअघि सन् २०२१ मा कुल २९४ सिटमा टीएमसीले २१५ र भाजपाले ७७ सिट जितेको थियो

निर्वाचन आयोगलाई प्रभावित गरेर यस नीतिमार्फत विभिन्न राज्यहरूमा मुस्लिम तथा अल्पसंख्यक मतदातालाई मताधिकारबाट वञ्चित गर्ने प्रयास गरेको मुख्यमन्त्री बेनर्जीले आरोप लगाएकी छन्। उनले यस नीतिको विरोधस्वरूप विधानसभामा ऐतिहासिक मत खसेको बताएकी छन्।

यसै महिना भारतमा असम, केरला र केन्द्र शासित पुडुचेरी प्रदेशमा निर्वाचन सम्पन्न भइसकेको छ। यी सबै राज्य तथा प्रदेशको मतगणना ४ मेबाट सुरु हुनेछ। यसले केन्द्रमा सत्ता चलाइरहेको भाजपाको नीतिलाई हेर्ने जनमत तथा विपक्षी दल र क्षेत्रीय शक्तिहरूको लोकप्रियता पनि परीक्षण गर्नेछ।

१७ अप्रिलमा भाजपा नेतृत्वको केन्द्र सरकारले संविधान संशोधनका लागि लोकसभामा पेस गरेर असफल भइसकेको डिलिमिटेसन विधेयकको मुद्दा पनि तामिलनाडु र पश्चिम बंगालको निर्वाचनमा बहसमा थियो। विपक्षीहरूले यसलाई हिन्दी भाषा, हिन्दु पहिचान र धार्मिक राजनीतिका आधारमा भारतमा विभाजन ल्याउन खोजेको षड्यन्त्रको आरोप लगाएका छन्। जबकि, भाजपाले महिलाको सम्मानका लागि एक तिहाइ आरक्षण व्यवस्था गर्न यो विधेयक ल्याइएको दाबी गरेको छ।

यी विषयलाई हेर्ने जनताको दृष्टिकोण पनि विधानसभा परिणामले उजागर गर्नेछ। निर्वाचनमा महिला सुदृढीकरण, किसानलाई सहयोग, औद्योगिक केन्द्रहरूको निर्माण, पश्चिम बंगाललाई अन्तर्राष्ट्रिय व्यापार हबका रूपमा विकास गर्ने लक्ष्यलगायत एजेन्डा सबै पार्टीहरूले अघि सारेका छन्।

---

हार्वर्ड-एमआईटीमा 'द नेपाल डिस्कोर्स'

# एआईदेखि नेपालीको भविष्यसम्मको बहस

**कान्तिपुर संवाददाता** (काठमाडौं)



हार्वर्ड विश्वविद्यालय र म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआईटी) का विद्यार्थीहरूले यस सप्ताहन्त 'द नेपाल डिस्कोर्स' को पहिलो संस्करण सफलतापूर्वक सम्पन्न गरेका छन्। सम्मेलनमा नेपाली विचारक, नीति निर्माता, उद्यमी, शैक्षिक क्षेत्रका व्यक्तित्व तथा डायस्पोरा सरोकारवालाहरू सहभागिता थियो।

हार्वर्ड र एमआईटीमा दुई दिनसम्म भएको उक्त सम्मेलनमा ५० भन्दा बढी वक्ता र करिब ४ सय सहभागी उपस्थित थिए। सम्मेलनमा नेपालबाट ३५ प्रतिनिधि सहभागी थिए। १६ वटा पूर्ण सत्र (प्लेनरी) र प्यानल छलफलमार्फत सहभागीहरूले नेपालको आगामी दशकलाई दिशा दिने चार प्रमुख स्तम्भहरू- कृत्रिम बुद्धिमत्ता र कामको भविष्य, नयाँ पुस्ताको नेतृत्व, सबल संस्थाहरू तथा डायस्पोरा र विश्वभर छरिएका नेपालीको भविष्यमा केन्द्रित रणनीतिक संवाद गरेका थिए।

अर्थमन्त्री स्वर्णिम वाग्लेले भर्चुअल रूपमा सम्मेलनको उद्घाटन गर्दै 'द नेपाल डिस्कोर्स' जस्ता कार्यक्रमहरूले विश्वभर रहेका नेपाली विज्ञतालाई नेपालको दीर्घकालीन विकाससँग जोड्न महत्त्वपूर्ण भूमिका खेल्ने बताएका थिए। सम्मेलनमा सरकार, शिक्षा क्षेत्र, व्यवसाय र विकास क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरूको सहभागिता थियो। तीमध्ये फ्युजमेसिन्सका संस्थापक समीर मास्के, एनसेलका प्रमुख कार्यकारी अधिकृत माइकल फोले, 'टिच फर नेपाल' की प्रमुख कार्यकारी अधिकृत स्वस्तिका श्रेष्ठ, हार्वर्ड विश्वविद्यालयका प्राध्यापक पिटर ब्लेयर, माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि विश्व बैंकका निर्देशक डेभिड सिस्लेन, एएपीआई न्यु जर्सीकी आयुक्त विष्णुमाया परियार, प्रतिनिधिसभा सदस्य पुकार बम, सिद्धार्थ बैंकका अध्यक्ष राहुल अग्रवाल तथा किम्बु टेकको सीईओ कर्विका थापालगायत रहेका थिए।

कार्यक्रमको महत्त्वबारे अन्त्यमा डा. अरुण जोशीले भने, 'उदीयमान नयाँ पुस्ताका उत्कृष्ट नेताहरूसँग मिलेर हामी डायस्पोराको बौद्धिक र आर्थिक शक्ति नेपाल विकासका लागि उपयोग गर्न सक्ने विश्वसनीय मञ्च निर्माण गर्न चाहन्छौं।' परम्परागत सम्मेलनभन्दा फरक ढंगले डिजाइन गरिएको यस कार्यक्रमका छलफलहरू कृत्रिम बुद्धिमत्ताले सञ्चालित विश्वमा नेपालले कसरी प्रतिस्पर्धात्मक लाभ हासिल गर्न सक्छ भन्नेमा केन्द्रित थिए। साथै संस्थागत विश्वसनीयता सुदृढ गर्ने, नयाँ पुस्ताको नेतृत्व विकास गर्ने तथा डायस्पोरा सञ्जाललाई अझ रणनीतिक रूपमा उपयोग गर्ने विषयमा पनि जोड दिइएको थियो। कार्यक्रम 'लिडरसिप एकेडेमी नेपाल' र 'कान्तिपुर मिडिया ग्रुप' को सहकार्यमा आयोजना गरिएको थियो, जसले सम्मेलनको रूपरेखा निर्माण र सरोकारवाला संलग्नतामा महत्त्वपूर्ण योगदान दिएका थिए।

आयोजकका अनुसार, यो सप्ताहन्त भएका छलफलहरूले 'स्ट्राटेजिक फोरसाइट २०३५' नामक दीर्घकालीन मार्गचित्र निर्माणमा सहयोग पुर्‍याउनेछन्, जसको उद्देश्य सम्मेलनबाट आएका विचारहरूलाई व्यवहारमा उतार्ने योजना बनाउनु हो। आयोजकहरूले यसलाई नियमित रूपमा आयोजना गर्ने लक्ष्यसहित सुरु गरिएको 'द नेपाल डिस्कोर्स' को पहिलो संस्करणले विचार, संस्था र पुस्ताबीचको सेतु निर्माण गर्दै अझ सुदृढ र विश्व प्रतिस्पर्धी नेपाल निर्माण गर्ने साझा प्रतिबद्धतासहित समापन गरेको छ।

---

# यूएईले किन छाड्यो ओपेक ?




एजेन्सी (अबुधाबी)- यूएईले पेट्रोलियम तेल निर्यातकर्ताहरूको संगठन ओपेक र बृहत्तर मञ्च ओपेक प्लस फ्रेमवर्कबाट बाहिरिने निर्णय गरेको छ। १ मेदेखि यो निर्णय लागू हुनेछ। राष्ट्रिय हितलाई ध्यानमा राखेर यस्तो निर्णय गरिएको यूएईका ऊर्जामन्त्री सोहेल मोहम्मद अल मजरोईले बताएका छन्।

आफ्नो उत्पादन क्षमतालाई पूर्ण उपयोग गरेर धेरैभन्दा धेरै तेल बिक्री गर्ने र त्यसरी प्राप्त हुने आम्दानीलाई वित्तीय तथा पर्यटन क्षेत्रमा लगानी गर्ने यूएईको योजना छ। 'यो नीतिगत निर्णय हो। वर्तमान र भविष्यका नीतिलाई उत्पादनसँग दाँजेर यो निर्णय लिइएको छ। यसका लागि अन्य कुनै देशसँग पनि परामर्श गरिएको छैन,' रोयटर्ससँग ऊर्जामन्त्री मजरोईले भने।

सन् १९६० मा स्थापना भएको ओपेकले आफ्ना सदस्य राष्ट्रहरूले उत्पादन गर्न पाउने कच्चा तेलको सीमा र मूल्य तोक्ने काम गर्छ। ओपेकबाट बाहिरिएपछि यूएईले स्वतन्त्र रूपमा उत्पादन र मूल्य तोक्न पाउनेछ।

'विद्युतीय सामग्री तथा सवारीको बढ्दो प्रयोगले विश्वमा जीवाश्म तेलप्रतिको निर्भरता घट्दै गएको छ। यही ट्रेन्ड चल्ने हो भने विश्वमा तेलको माग र मूल्य निकट भविष्यमै धेरै घटेर जानेछ। त्यही कारण यूएई आफ्नो तेल भण्डारलाई धेरैभन्दा धेरै उपयोग गर्ने र अर्थतन्त्रलाई विविधीकरण गर्ने दिशामा छ,' बेलायती सञ्चारमाध्यम बीबीसीले जनाएको छ।

ओपेकमा धेरै कच्चा तेल निर्यात गर्ने राष्ट्रमध्ये यूएई एक हो। ओपेकको प्रतिवेदनअनुसार सन् २०२४ मा धेरै तेल उत्पादन गर्ने राष्ट्रको सूचीमा साउदी अरेबिया, इराक र इरानपछि यूएई चौथो स्थान थियो। यूएईसँग प्रतिदिन झन्डै ५० लाख ब्यारेल कच्चा तेल उत्पादन गर्न सक्ने सामर्थ्य छ। ओपेकको कोटाअनुसार यूएईले सन् २०२४ मा २९ लाख २० हजार ब्यारेल प्रतिदिन कच्चा तेल उत्पादन गरेको थियो।

'यूएईले उत्पादन क्षमता ५० लाख ब्यारेल प्रतिदिन हाराहारी बनाउन ठूलो लगानी गरेको छ। तर, ओपेक प्लसको कोटाले एउटा उदीयमान अर्थतन्त्रलाई सुस्त गराउन खोजेको देखिन्छ,' उनले भने।

वित्तीय सेवा प्रदायक पेपरस्टोनका वरिष्ठ रणनीतिक अनुसन्धानकर्ता माइकल ब्राउनले सही समय छानेर यूएईले निर्णय लिएको बताए। 'यूएईले त्यस्तो समय घोषणा लिएको छ, जसले उसको अर्थतन्त्र र विश्व बजारमा तत्काल कुनै असर गर्नेछैन। तर भविष्यमा यसको अर्थ ठूलो हुनेछ,' उनले भने।

हर्मुज जलघाँटी बन्द भएकाले अहिले पश्चिम एसियाबाट तेल बाहिरिन पाएको छैन। र, ओपेक सदस्य राष्ट्रमा तोकेको कोटाभन्दा पनि कम तेल उत्पादन भइरहेको छ। 'तत्कालका लागि यूएईको यो निर्णयले विश्व बजारमा तत्काल धेरै प्रभाव राख्ने छैन। तर, पश्चिम एसियामा युद्ध अन्त्य हुनासाथ यूएईले ठूलो परिमाणमा कच्चा तेल बाहिर निकाल्ने योजना बनाएको छ। जसले तेलको बजारमा ठूलो हलचल ल्याउन सक्छ,' बीबीसीले भनेको छ। यूएईले हर्मुज बाइपास गर्ने गरी पाइपलाइनमार्फत अबुधाबीका तेल तथा ग्यास भण्डारबाट सोझै इन्धनलाई फुजैराह बन्दरगाहमा पुर्‍याउने प्रयास पनि गरिरहेको छ। यसका लागि पूर्वाधारहरू निर्माणाधीन छन्।

ओपेकमा मूल्य समायोजन र उत्पादन सीमा तोक्ने काममा साउदीको प्रभावशाली भूमिका रहँदै आएको छ। यूएईले उत्पादन बढाएपछि ओपेकमाथि मूल्य समायोजनको दबाब बढ्न सक्ने विश्लेषकहरू बताउँछन्। जसले तेलको विश्व बजारमा ओपेकको सबैभन्दा ठूलो उत्पादक राष्ट्र साउदीको प्रभुत्व कम गर्नेछ। ओपेकको प्रतिवेदनअनुसार सन् २०२४ मा साउदीले प्रतिदिन ८९ लाख ६० हजार प्रतिब्यारेल तेल उत्पादन गरेको थियो। बाहिरिने घोषणा गरेको यूएईसहित ओपेकमा अहिले १२ सदस्य राष्ट्र छन्। अन्य सदस्यहरूमा अल्जेरिया, कंगो, इक्वाटोरियल गिनिया, गाबोन, इरान, इराक, कुवेत, लिबिया, नाइजेरिया, साउदी अरेबिया र भेनेजुएला हुन्।

> स्वतन्त्र रूपमा तेल उत्पादन गरेर प्राप्त आम्दानीलाई अर्थतन्त्र विविधीकरणमा खर्च गर्ने यूएईको योजना

विश्वको झन्डै ३० प्रतिशत कच्चा तेल ओपेक राष्ट्रहरूबाट निर्यात हुन्छ। सन् २०१६ देखि ओपेकले रुस, अजरबैजान, काजकिस्तान, बहराइन, ब्रुनाई, मलेसिया, मेक्सिको, ओमान, दक्षिण सुडान र सुडानसँग पनि सहकार्य गर्दै आएको छ। जसलाई ओपेक प्लस फ्रेमवर्क भनिन्छ। ओपेक प्लस फ्रेमवर्कअन्तर्गत रहेका देशहरूमा विश्व आपूर्तिको ४१ प्रतिशत तेल उत्पादन हुन्छ।

क्षेत्रीय मुद्दाहरूमा साउदीसँगको टकरावले पनि यूएईलाई यस निर्णय लिन प्रेरित गरेको विश्लेषकहरूले बताएका छन्। अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले ओपेकबाट यूएईको बहिर्गमनलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको जितका रूपमा पनि व्याख्या गरेका छन्। सन् २०१८ मा संयुक्त राष्ट्रसंघ महासभामा बोल्दै ट्रम्पले भनेका थिए, 'तेलको मूल्य बढाएर ओपेक राष्ट्रहरूले विश्वलाई लुटिरहेका छन्।'

ट्रम्पले खाडी राष्ट्रलाई दिइँदै आएको सैन्य समर्थनलाई पनि तेलको मूल्यसँग जोड्दै आएका छन्। 'अमेरिकाले ओपेक सदस्यहरूलाई सुरक्षा दिइरहेको छ। उनीहरूले तेलको मूल्य बढाएर त्यसको दुरुपयोग गरिरहेका छन्,' ट्रम्पले भनेका थिए।

पछिल्ला वर्षहरूमा अमेरिका र इजरायलसँग यूएई नजिकिँदो छ। सन् २०२० मा अब्राहम सन्धिअन्तर्गत यूएईले इजरायलसँग कूटनीतिक सम्बन्ध अघि बढाएको थियो।

क्षेत्रीय प्रभुत्व बढाउन र अमेरिकासँग नजिक हुनका लागि इजरायलसँगको सम्बन्ध महत्त्वपूर्ण सावित हुने यूएईको बुझाइ छ। इरान युद्धका कारण आफ्ना पूर्वाधारमा आक्रमण हुँदा खाडी देशहरूले पर्याप्त विरोध गर्न नसकेको यूएईको बुझाइ छ। ओपेक छाड्ने यूएई पहिलो देश भने होइन। यसअघि इन्डोनेसिया, कतार, इक्वेडर र एंगोलाले यस संस्थालाई छाडिसकेका छन्। १९९५ मा ओपेक छाडेको गाबोन फेरि २०१६ मा यस संस्थामा फर्किएको थियो।

---

# राजा चार्ल्स तृतीय र ट्रम्पबीच भेट, अमेरिका-बेलायत सम्बन्धमा जोड

> अमेरिकी संघीय संसद् (कंग्रेस) लाई सम्बोधन गर्दै राजा चार्ल्सले लोकतान्त्रिक मूल्य, कानुनी शासन र शक्ति सन्तुलनको सिद्धान्तप्रति बेलायतको प्रतिबद्धता दोहोर्‍याए



**अमेरिकाको चारदिने भ्रमणका क्रममा ह्वाइट हाउसमा बेलायतका राजा चार्ल्स तृतीय तथा रानी क्यामिला, साथमा राष्ट्रपति डोनाल्ड ट्रम्प र पत्नी मेलनिया।**
**तस्बिर** : एएफपी/रासस

एएफपी (वासिङ्टन)- पश्चिम एसिया तनाव चर्किरहेका बेला बेलायतका राजा चार्ल्स तृतीय र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच ह्वाइट हाउसमा भएको भेटवार्ताले दुई देशबीचको पुरानो साझेदारीलाई पुनः केन्द्रमा ल्याएको छ। राज्यस्तरीय रात्रिभोजका क्रममा दुवै नेताले 'विशेष सम्बन्ध' को खुलेर प्रशंसा गरे। यद्यपि इरानको आणविक कार्यक्रमबारे ट्रम्पले सार्वजनिक रूपमा राखेको धारणा विवादको विषय बन्यो।

भव्य स्वागत र औपचारिक कार्यक्रमबीच आयोजित रात्रिभोजमा ट्रम्पले इरानलाई संकेत गर्दै आफूहरूले 'विशेष प्रतिद्वन्द्वीलाई सैन्य रूपमा पराजित गरेको' दाबी गरे। उनले राजा चार्ल्स पनि आफ्नो विचारसँग सहमत रहेको बताउँदै उक्त देशलाई कहिल्यै आणविक हतियार विकास गर्न नदिने अडान दोहोर्‍याए। तर यस विषयमा चार्ल्सले प्रत्यक्ष समर्थन जनाएको कुनै संकेत दिएनन्। चार्ल्सले आफ्नो सम्बोधनमा खाडी युद्धको सिधा उल्लेख पनि गरेनन्। बरु लन्डन र वासिङ्टनबीचको ऐतिहासिक सहकार्यलाई अझ मजबुत बनाउनुपर्ने आवश्यकता रहेको औंल्याए। उनले बदलिँदो विश्व परिवेशमा साझा चुनौतीहरू सामना गर्न मिलेर अघि बढ्नुपर्ने धारणा व्यक्त गरे।

उनले अन्तर्राष्ट्रिय गठबन्धनहरूको महत्त्व, विशेषगरी नाटोजस्ता संरचनाहरूको भूमिका महत्त्वपूर्ण रहेको बताए। जबकि, ट्रम्पले नाटोको आलोचना गर्दै आएका छन्। त्यस्तै, युक्रेनमाथि रुसको आक्रमणविरुद्ध निरन्तर खडा हुनु आवश्यक रहेको बताए।


रात्रिभोजमा एप्पलका प्रमुख टिम कुक, अमेजनका जेफ बेजोस, एनभिडियाका जेन्सेन हुआङ तथा गल्फ खेलाडी रोरी म्याक्लरोयजस्ता प्रविधि र व्यवसाय क्षेत्रका चर्चित व्यक्तित्वहरूको उपस्थिति थियो।

सम्बोधनका क्रममा दुवै नेताले हल्का मजाक पनि गरे। ट्रम्पले चार्ल्सले कंग्रेसमा दिएको भाषणको प्रशंसा गर्दै डेमोक्रेट सांसदहरूलाई समेत उठ्न बाध्य बनाएको उल्लेख गरे। जवाफमा चार्ल्सले ऐतिहासिक सन्दर्भ जोड्दै बेलायत र फ्रान्सबीचको प्रतिस्पर्धाको प्रसंग उठाएर रमाइलो टिप्पणी गरे। यसअघि कंग्रेसलाई सम्बोधन गर्दै राजा चार्ल्स तृतीयले लोकतान्त्रिक मूल्य, कानुनी शासन र शक्ति सन्तुलनको सिद्धान्तप्रति बेलायतको प्रतिबद्धता दोहोर्‍याएका थिए। उनले 'म्याग्नाकार्टा' को सन्दर्भ उल्लेख गर्दै यसले अमेरिकी न्याय प्रणालीमा समेत प्रभाव पारेको बताए। उक्त अभिव्यक्तिले विशेषगरी विपक्षी डेमोक्रेट सांसदहरूबाट सकारात्मक प्रतिक्रिया पाएको थियो।

राष्ट्रपति ट्रम्पले स्वागत समारोहमा बेलायतलाई अमेरिकाको सबैभन्दा नजिकको सहयोगीका रूपमा चित्रण गरे। उनले अमेरिकी स्वतन्त्रतापछि पनि दुई देशबीचको सम्बन्ध निरन्तर सुदृढ रहेको बताए। चारदिने भ्रमणअन्तर्गत शाही दम्पतीले बुधबार न्युयोर्कको भ्रमण गर्ने कार्यक्रम छ। त्यसपछि बर्मुडातर्फ प्रस्थान गर्ने तालिका रहेको छ।

---

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष**: कुनै कुरामा आर्थिक लाभ हुन सक्छ। कतै जाने प्रबन्ध मिल्न सक्छ। समयानुसार सबै कामकुराहरू मिल्दै जानेछन्।

**वृष**: मध्याह्नपछिको समयमा केही सहजता हुनेछ। क्रमशः कुराहरू मिल्दै जानेछन्। अपेक्षित व्यक्तिबाट सहयोग प्राप्त हुनेछ।

**मिथुन**: अपराह्नसम्म व्यस्त भइनेछ। प्राथमिकताका कुरामा जोड दिइनेछ। सकेसम्म आफूनिम्ति पनि समय छुट्याइएला।

**कर्कट**: बिहानको समय आफू अनुकूल भए पनि मध्याह्नपछि केही प्रतिकूल हुन सक्छ। काममा खासै जाँगर नलाग्न सक्छ। सकेसम्म शान्त र धैर्य रहन खोजिनेछ।

**सिंह**: कुनै कुराले मनमा प्रसन्नता दिलाउनेछ। समयावस्था विचारेर आफूलाई प्रस्तुत गरिनेछ। समयलाई आफू अनुकूल तह लगाउन खोजिनेछ।

**कन्या**: तपाईंको कुराको मान राखिनेछ। इच्छानुसार समयलाई निर्धारण गरिनेछ। कुनै कुराले मन ढुक्क रहला।

**तुला**: मनमा भएको तनाव हट्दै जानेछ। समयलाई आफूखुसी नचाउन खोजिनेछ। व्यक्तिगत काममा सफलता मिल्नेछ।

**वृश्चिक**: कुनै कामका लागि समयसीमा निर्धारण गरिनेछ। कुनै कुरालाई लिएर कतै बैठक बस्न सक्छ। आफू असम्बद्ध कुरामा तर्किन सके मन शान्त रहला।

**धनु**: समयावस्था विचारेर आफ्नो विचार अभिव्यक्त गरिनेछ। समसामयिक कुरामा जोड दिँदै अघि बढ्न खोजिनेछ। कुनै साथीसित कतै चियागफ हुन सक्छ।

**मकर**: के कुरालाई कति प्राथमिकता दिने आफैंले विचार गर्नुपर्नेछ। समय र कामको तालमेल मिलाउँदै अघि बढ्न खोजिनेछ। कसैसितको कुराकानीले मन चंगा हुनेछ।

**कुम्भ**: समयावस्था विचारेर प्राथमिकतामा जोड दिइनेछ। आफ्नो जिम्मेवारी राम्ररी निर्वाह गर्न खोजिनेछ। व्यक्तिगत खुसीतिर पनि जोड दिने प्रयास हुनेछ।

**मीन**: कुनै कुनै कुराहरू आफ्नै अनुकूलतामा सम्पन्न हुनेछन्। कुनै कुनै कुरालाई समयकै भरमा छोड्नुपर्ला। आफूलाई समसामयिक कुरामा अद्यावधिक राख्ने प्रयत्न गरिनेछ।

| विदेशी मूद्रा | |
|---|---|
| अमेरिकी डलर | १५१.५७ |
| युरो | १७७.२७ |
| पाउन्ड स्टर्लिङ | २०४.३६ |
| अस्ट्रेलियन डलर | १०८.५६ |
| कतारी रियाल | ४१.५८ |

राष्ट्र बैंकको आधारमा

सुन रू. २,९४,५००

चाँदी रू. ४,९१५

# २० वाणिज्य बैंकको नाफा १९ प्रतिशतले बढ्यो, कमाए ४९ अर्ब

### ब्याज आयसँगै रेमिट्यान्स, डिजिटल कारोबार, प्रतीतपत्र ग्यारेन्टी, ट्रेजरी बिल, सेवा शुल्कलगायतबाट प्राप्त हुने आय (गैरब्याज आय) पनि कारण

**यज्ञ बञ्जाडे** (काठमाडौं)

चालु आर्थिक वर्षको ९ महिना (साउनदेखि चैतसम्म) २० वाणिज्य बैंकले करिब ४९ अर्ब रुपैयाँभन्दा बढी खुद नाफा कमाएका छन् । गत आर्थिक वर्षको तेस्रो त्रैमाससम्मको तुलनामा यस वर्षको सोही अवधिमा यस्तो नाफा करिब १९ प्रतिशतले बढेको बैंकहरूले प्रकाशन गरेको अपरिष्कृत वित्तीय विवरणमा उल्लेख छ ।


यस अवधिमा रेमिट्यान्स, डिजिटल कारोबार, प्रतीतपत्र ग्यारेन्टी, ट्रेजरी बिल, सेवा शुल्कलगायतबाट प्राप्त हुने आय (गैरब्याज आय) बढेकाले खुद नाफा करिब १९ प्रतिशतले बढेको बैंकहरूले बताएका छन् । यस अवधिमा बैंकहरूले निष्क्रिय कर्जाका लागि राख्नुपर्ने प्रावधान रकम घट्नु र ब्याज आम्दानीमा पनि बढे पनि नाफा वृद्धिमा सकारात्मक प्रभाव परेको उनीहरूको भनाइ छ । गत आर्थिक वर्षको तेस्रो त्रैमासमा २० वाणिज्य बैंकले करिब ४१ अर्ब रुपैयाँ खुद नाफा आर्जन गरेका थिए ।

औसतमा वाणिज्य बैंकहरूको नाफा बढे पनि गत चैतसम्म ७ वटा बैंकको नाफा घटेको देखिन्छ । बैंकहरूमा न्यूनतम चारदेखि अधिकतम ५५ प्रतिशतसम्मले नाफा घटेको वित्तीय विवरणमा उल्लेख छ । यद्यपि समग्रमा तेस्रो त्रैमासमा बैंकहरूको नाफा बढेको बैंकरहरूले बताएका छन् ।

ब्याजदर सस्तिएकाले ऋणीको भुक्तानी क्षमता बढेको र यसले बैंकको खराब सम्पत्ति (ननप्रफमिङ एसेट-एनपीए) घटेकाले नाफामा सकारात्मक प्रभाव परेको पूर्वबैंकर एवं चार्टर्ड एकाउन्टेन्ट अनलराज भट्टराईको भनाइ छ । 'ब्याज धेरै घटेको छ । उदाहरणका लागि पहिले १२ करोड ब्याज भुक्तानी गर्नुपर्ने स्थानमा अहिले ६ करोड तिरे पुग्ने भएको छ । यसले ऋणीको भुक्तानी क्षमता बढाएको छ,' उनले भने, 'राष्ट्र बैंकको पछिल्लो निर्देशनले उत्पादनमूलकलगायत निश्चित क्षेत्रमा प्रवाह भएको ऋणको खराब कर्जा नबढ्ने अवस्था छ । यसरी ब्याददरमा कमी र नीतिगत सहजताले बैंकको नाफा वृद्धिमा सकारात्मक प्रभाव पारेको भट्टराईले जनाए ।

२१ फागुनको निर्वाचनको समयमा बजारमा पैसाको आपूर्ति बढेकाले केही हदसम्म व्यापार व्यवसाय चलायमान हुनुले पनि बैंकको वासलातमा सकारात्मक प्रभाव परेको उनले बताए । 'अन्तरिम सरकारको पालामा ब्याज अनुदानबापतको ९ अर्ब रुपैयाँभन्दा बढी रकम अर्थ मन्त्रालयले निकासा गरिदिएको थियो,' उनले भने, 'यसले बैंकहरूको एकातिर उठ्न नसकेको ब्याज असुली भएको छ भने अर्कोतिर ब्याज तिरेपछि खराब कर्जा घटेको छ ।'

लक्ष्यअनुसार कर्जा प्रवाह हुन नसके पनि करिब साढे ४ प्रतिशतले कर्जा विस्तार हुनु पनि खराब कर्जा घट्नुको करण भएको भट्टराईले बताए । 'विगतमा धेरैले नयाँ कर्जा प्रवाह हुन्थ्यो, जसका कारण खराब कर्जा कम देखिन्थ्यो, केही वर्षयता कर्जा प्रवाह धेरैले बढ्न नसक्दा खराब कर्जा बढेको देखिएको हो । अहिले फेरि बिस्तारै कर्जा बढ्न लागेकाले खराब कर्जामा सुधारको संकेत देखिएको हो ।'




गत चैत मसान्त (तेस्रो त्रैमास) मा नाफा घट्ने बैंकहरूमा प्रभु, नेपाल इन्भेस्टमेन्ट मेगा, कृषि विकास, एनआईसी एसिया, ग्लोबल आईएमई, एभरेस्ट र स्ट्यान्डर्ड चार्टर्ड बैंक छन् । यसरी नाफा रकमका आधारमा नबिल बैंक सबैभन्दा अघि छ । तेस्रो त्रैमासमा नबिल बैंकले ६ अर्ब ७६ करोड रुपैयाँ खुद नाफा कमाएको छ । ४ अर्ब ४० करोड नाफासहित ग्लोबल आईएमई बैंक दोस्रो, ४ अर्ब १७ करोडसहित कुमारी बैंक तेस्रो, ३ अर्ब ३२ करोड नाफासहित एभरेस्ट चौथो र ३ अर्ब १४ करोड नाफासहित नेपाल इन्भेस्टमेन्ट मेगा बैंक पाँचौं नम्बरमा छन् । वित्तीय विवरण हेर्दा उल्लिखित बैंकहरूको वासलातको आकार नै ठूलो भएकाले नाफा पनि धेरै देखिएको हो । उल्लिखित पाँच बैंकमध्ये गत वर्षको तेस्रो त्रैमासको तुलनामा यस वर्षको सोही अवधिमा नबिल र कुमारीबाहेक तीन वटाको नाफा घटेको छ ।

गएको नौ महिनामा बैंक तथा वित्तीय संस्थाबाट अपेक्षित रूपमा कर्जा विस्तार हुन नसके पनि ऋण असुली बढेको, खराब कर्जा घटेको र गैरब्याज आय बढेकाले खुद नाफा करिब १९ प्रतिशतले बढेको देखिएको नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले जनाए । 'पछिल्ला महिनामा रेमिट्यान्स, डिजिटल कारोबार, प्रतीतपत्र ग्यारेन्टी, ट्रेजरी बिल, सेवा शुल्कलगायत ब्याज आयबाहेकका आम्दानी बढेको देखिन्छ,' उनले भने, 'मुख्यगरी ससानो कर्जा असुली बढेको छ । ग्राहकमा ऋण लिएपछि तिर्नुपर्छ है भन्ने प्रवृत्तिमा सकारात्मक सुधार देखिएको छ ।' असारमा बैंकको वित्तीय अवस्थामा थप सुधार हुने उनको भनाइ छ । असार आर्थिक वर्षको अन्त्य भएकाले पनि धेरै ऋण असुलीको सम्भावना रहने भएकाले बैंकहरूको नाफामा सुधार आउने उनको भनाइ छ ।

तेस्रो त्रैमासमा बैंकहरूको खराब कर्जा ०.२७ प्रतिशत विन्दुले बढेको छ । गत आर्थिक वर्षको तेस्रो त्रैमासमा बैंकहरूको खराब कर्जा औसतमा ४.९८ प्रतिशत रहेकामा यस वर्षको सोही अवधिमा बढेर ५.२५ प्रतिशतसम्म पुगेको छ । पाँच बैंकको खराब कर्जा ७ प्रतिशतभन्दा माथि देखिन्छ ।

सामान्यतया बैंक तथा वित्तीय संस्थाको खराब कर्जा ५ प्रतिशतभित्रै राख्नुपर्ने प्रावधान छ । त्यो सीमाभन्दा माथि जाँदा पनि राष्ट्र बैंकले बैंकलाई कारबाही गर्न भने सक्दैन । किनकि यस्तो अवस्थामा राष्ट्र बैंकले गर्ने कारबाही भनेको आफूले राख्ने मुद्दती निक्षेप बैंकहरूलाई नदिने हो । राष्ट्र बैंकले आफ्नो विभिन्न कोषमा रहेको रकम मुद्दती निक्षेपमा राख्न बैंकहरूबाट बोलकबोल माग्दा पूरा हुनुपर्ने योग्यतामध्ये एक खराब कर्जाको सीमा पनि हो । यद्यपि पछिल्ला वर्षमा राष्ट्र बैंकले यस्तो सीमा ५ प्रतिशतबाट बढाएर ८ प्रतिशत बनाएको छ । यसको अर्थ ८ प्रतिशतसम्म खराब कर्जा भए पनि राष्ट्र बैंकको कारबाहीमा परिँदैन भन्ने हो ।

गत चैतसम्म खराब कर्जाबापतको नोक्सानी व्यवस्थामा बैंकहरूले ३४ अर्ब ४० करोड रुपैयाँ छुट्याएका छन् । गत वर्षको सोही अवधिमा यस्तो सीमा ३४ अर्ब ८१ करोड रुपैयाँ थियो । केही बैंकहरूले अघिल्ला वर्षहरूमा खराब कर्जाबापत छुट्याएको रकम यसवर्ष असुली (रिकभरी) भएको देखिन्छ । तेस्रो त्रैमासका बैंकहरूको खुद ब्याज आम्दानी करिब दुई प्रतिशतले बढेको देखिन्छ । यसअनुसार गत वर्षको तेस्रो त्रैमासमा एक खर्ब ३९ अर्ब रुपैयाँ रहेको खुद ब्याज आय यस वर्षको सोही अवधिमा एक खर्ब ४२ अर्ब रुपैयाँ पुगेको वित्तीय विवरणमा देखिन्छ ।

यसअनुसार राष्ट्रिय वाणिज्य बैंकको खुद ब्याज आम्दानी सबैभन्दा धेरै २३ प्रतिशतले बढेको छ । तर आधा दर्जन बैंकको खुद ब्याज आय भने घटेको छ । नाफा बढे पनि करिब डेढ दर्जन बैंकहरू मात्र लाभांश विवरण गर्ने क्षमतामा छन् ।

चालु आर्थिक वर्ष वित्तीय र बिमा क्षेत्रको वृद्धिदर ९.१६ प्रतिशत हुने प्रारम्भिक अनुमान राष्ट्रिय तथ्यांक कार्यालयले गरेको छ । यसअनुसार आर्थिक वर्ष २०८२/८३ मा वित्तीय तथा बिमा क्षेत्रले कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा ६.७२ प्रतिशत योगदान पुग्ने कार्यालयको अनुमान छ ।

बैंकमा निक्षेप तथा ऋण प्रवाहमा भएको वृद्धि, निर्जीवन बिमा तथा जीवन बिमाको नवीकरण बिमाशुल्क प्रिमियम कलेक्सनमा वृद्धि तथा सामाजिक सुरक्षा कोष, सञ्चय कोष, नागरिक लगानी कोष तथा धितोपत्र कारोबार व्यावसायिक तथा मर्चेन्ट बैंकसमेत वृद्धिका कारण यस क्षेत्रको वृद्धिदर बढ्ने अनुमान गरिएको हो । आर्थिक वर्ष २०८१/८२ मा वित्तीय र बिमा क्षेत्रको वृद्धिदर ७.५५ प्रतिशत रहने संशोधित अनुमान छ ।

# वेबसाइट र एप अनुकूल नहुँदा सूचना र रोजगारीबाट वञ्चित छन् अपांगता भएकाहरू

### डिजिटल पहुँचको अभावले अपांगता भएका विद्यार्थीदेखि कर्मचारीले भोग्छन् संविधान र नियमावली पढ्न सास्ती

**सजना बराल** (काठमाडौं)

२७ चैतमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले 'अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४' संशोधनको मस्यौदामा रायसुझाव उपलब्ध गराउन भन्दै वेबसाइटमा सूचना प्रकाशन गर्‍यो । उक्त सूचना र मस्यौदा ऐन अहिले पनि मन्त्रालयको वेबसाइटमै छ । तर जसका लागि कानुन बनाउन वा सुधार गर्न खोजिएको हो, सम्बन्धित पक्ष नै सूचनाबाट वञ्चित छन् । दस्तावेजमा 'सूचनाहरू पहुँचयोग्य बनाउने' उल्लेख भए पनि प्रकाशित सूचना आफैं पहुँचयोग्य छैन ।

सूचना र मस्यौदाको फाइल 'प्रीति फन्ट' र 'इमेज' फर्म्याटमा छन् । त्यसलाई दृष्टिविहीन व्यक्तिले प्रयोग गर्ने 'स्क्रिन रिडर' सफ्टवेयरले पढ्न सक्दैन । फाइलभित्र शीर्षक, अनुच्छेद, सूचीलगायतलाई पनि राम्ररी ट्यागिङ गरिएको छैन । यस्तो हुँदा, स्क्रिन रिडरले कुन भाग शीर्षक हो, कुन बुँदा हो, छुट्याउनै सक्दैन । प्रयोगकर्ताले अक्षरहरू ठूलो पार्न, अनुवाद गर्न वा एसिस्टिभ टुलमा राख्न खोजे, मिल्दैन वा असाध्यै झन्झटिलो हुन्छ । अपांगता अधिकारसम्बन्धी कानुन संशोधनको सूचना नै अपांगतामैत्री नहुनुले सरकारको डिजिटल समावेशिताको नारालाई गिज्याएको छ ।

'जसका लागि ऐन संशोधन गरिँदै छ, उसैले पढ्न नमिल्ने गरी वेबसाइटमा मस्यौदा राख्नु विडम्बना हो,' नेपाल वायुसेवा निगमका कर्मचारीसमेत रहेका र दृष्टिविहीन विद्यार्थीका लागि परीक्षामा लेखन सहयोगी व्यवस्थापन गर्दै आएको सर्वोदय अभियानका संयोजक सौगात वाग्ले भन्छन्, 'हाम्रै एकजना साथीले त्यसलाई पहुँचयुक्त बनाएर सामाजिक सञ्जालमा राखेपछि मात्रै हामीले कानुनमा के-के संशोधन गरिएछ भनेर पढ्न पायौं ।' सौगातका अनुसार सरकारी सेवाहरूलाई एकीकृत गरिएको 'नागरिक एप'समेत पछिल्लो महिनायता आइफोन प्रयोगकर्ता दृष्टिविहीनका लागि पहुँचयोग्य हुन छोडेको छ ।



**फाइल तस्बिर** : कान्तिपुर

बेवसाइट र मोबाइल एपका कन्टेन्ट युनिकोडमा राखिदिए मात्रै पनि आफूहरूका लागि ठूलो राहत हुने सौगातको भनाइ छ । डिजिटल पहुँचको अभावले गर्दा अपांगता भएका विद्यार्थीदेखि कर्मचारीसम्मले सरकारका संविधान र नियमावली पढ्न निकै सास्ती खेप्नुपरेको छ । धेरैजसो वेबसाइट डिजाइन गर्नेहरूले आँखालाई सुन्दर देखिने विषयमा मात्र ध्यान दिँदा दृष्टिविहीन वा न्यूनदृष्टि भएका व्यक्तिले प्रयोग गर्ने सफ्टवेयरले वेबसाइटका सामग्री बुझ्न नसकेको टोकियो विश्वविद्यालयका वरिष्ठ अनुसन्धानकर्ता एवं लेखक कमल लामिछाने औंल्याउँछन् । उनका अनुसार रङ परिवर्तन वा किबोर्डबाट चल्ने सुविधाले मात्र पनि अपांगता भएका व्यक्तिलाई ठूलो सहयोग पुग्छ ।

डिजिटल युगमा प्रविधिको विकासले सबैभन्दा बढी लाभ र सहज अपांगता भएका व्यक्तिलाई नै हुनुपर्नेमा त्यसो नभएको प्राध्यापक लामिछानेको धारणा छ । 'प्रविधि बनाउँदा सुरुदेखि नै सबैका लागि उपयोगी हुने गरी बनाइनुपर्छ,' उनले भने, 'पहुँचयोग्य प्रविधि बनाउन महँगो पर्छ भनेर धेरैजना पन्छिन खोज्छन्, तर यो गलत बुझाइ हो । सुरुदेखि नै पहुँचयुक्त बनाइयो भने धेरै खर्च लाग्दैन । बनिसकेको संरचनालाई सुधार गर्न बढी खर्च लाग्ने हो । यो खर्चको समस्याभन्दा पनि हाम्रो सोच र व्यवहारको समस्या हो ।'

रास्वपा सरकारले भने शासकीय सुधारको सयदिने कार्यसूचीमा सरकारी वेबसाइटलाई अपांगतामैत्री बनाउने घोषणा गरेको छ । सरकारी तवरबाट भइरहेका सुधारका प्रयासबारे जानकारी दिँदै सूचना प्रविधि विभागका निर्देशक सुवास ढकालले वेबसाइटहरूलाई पहुँचयुक्त बनाउन ५५ वटा जति सुधार गरिएको बताए । 'हामीले प्रणालीलाई अपांगतामैत्री बनाउन थुप्रै हेरफेर गरिरहेका छौं,' उनले भने, 'सबै वेबसाइटलाई पूर्ण रूपमा पहुँचयुक्त बनाउन ठूलो स्रोत साधन आवश्यक पर्ने भए पनि अहिले आधारभूत सुधारका काम भइरहेका छन् । अन्तर्राष्ट्रिय मापदण्डअनुसार नै सुधार गरिएको छ ।'

शासकीय सुधारको सयदिने कार्यसूचीअन्तर्गत सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले ३० दिनभित्र २५० भन्दा बढी सरकारी वेबसाइटलाई अपांगतामैत्री बनाउने लक्ष्य राखेको छ । सूचना प्रविधि विभागले हालै तालिम आयोजना गरी सरकारी वेबसाइटलाई समावेशी र सहज बनाउने पहल अघि बढाएको जनाएको छ । विभागका महानिर्देश श्री चन्द्र शाहले यस पहललाई ऐतिहासिक कदमका रूपमा व्याख्या गरेका छन् । साधन-स्रोत सीमित भए पनि सरकारी एप र पोर्टलहरूलाई अपांगता भएका व्यक्तिको पहुँचमा पुर्‍याउनु सरकारको कर्तव्य भएको उनले यसै साता सम्पन्न तालिमका क्रममा बताएका थिए ।

सूचना प्रविधि प्रणालीहरू पहुँचयुक्त बनाउन 'वेब कन्टेन्ट एक्सेसिबिलिटी गाइडलाइन्स' वा डब्लूसीएजी २.२ लाई मूल अन्तर्राष्ट्रिय मापदण्डका रूपमा लिइन्छ । यसले डिजिटल सामग्रीलाई सबैका लागि पहुँचयोग्य बनाउन चारवटा मुख्य सिद्धान्त अघि सारेको छ । त्यसमा कन्टेन्टहरू बुझ्न सकिने (पर्सिभेबल), चलाउन सकिने (अपरेबल), बोध गर्न मिल्ने (अन्डरस्ट्यान्डेबल) र सुदृढ (रोबस्ट) हुनुपर्ने उल्लेख छ । **बाँकी पृष्ठ ८**

# सरकारले सुरु गर्‍यो १५-१५ दिनमा तलब वितरण

**यज्ञ बञ्जाडे** (काठमाडौं)

सरकारले कर्मचारीलाई १५/१५ दिनमा तलब वितरण सुरु गरेको छ । परीक्षणका रूपमा बुधबार अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयका कर्मचारीहरूलाई तलब पठाइएको अर्थ मन्त्रालयले जनाएको छ । संघीय सरकारसँगै प्रदेश, स्थानीय तह र सरकारी शिक्षकको हकमा पनि यही व्यवस्था सुरु गर्ने सरकारको योजना छ ।

पहिलो चरणमा परीक्षणका रूपमा अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयका कर्मचारीलाई पाक्षिक रूपमा तलब भत्ता वितरण सुरु गरिएको हो । अर्थ मन्त्रालयले यही वैशाख पहिलो साता १५/१५ दिनमा कर्मचारीलाई तलबभत्ता वितरण गर्न ४ वैशाख २०८३ को महालेखा नियन्त्रकको कार्यालयलाई पत्र लेखेको थियो ।

> **परीक्षणका रूपमा अर्थ मन्त्रालय र महालेखा नियन्त्रकका कर्मचारीलाई पठाइयो**

१५ दिनमै तलब भुक्तानी कार्यको शुभारम्भ गर्दै अर्थमन्त्री वाग्लेले अर्थतन्त्र चलायमान बनाउन सरकारले यस्तो निर्णय गरेको बताए । '१५ दिनमा तलब दिदा बजार चलायमान हुन्छ । उपभोग र माग दुवै बढ्छ,' उनले भने, 'यो पाइलट परियोजनाका रूपमा संघीय निजामती कर्मचारीमा लागु गरिएको हो । विस्तारै सरकारी वेतनधारी सबैले यो सुविधा पाउँछन् ।'

अब विस्तारै प्रदेश तथा अन्य सेवाका सरकारी कर्मचारीले पनि १५ दिनमा तलब पाउने महालेखा नियन्त्रक शोभाकान्त पौडेलले जनाए । १५ दिनमा तलब दिन आफ्नो कार्यालय प्राविधिक रूपमा तयार रहेको र यसलाई क्रमैसँग अघि बढाउने उनको भनाइ छ ।

हरेक १५/१५ दिनमा कर्मचारीलाई तलब दिँदा प्रति १५ दिनमा बजारमा करिब साढे ८ अर्ब रुपैयाँ प्रवाह हुने देखिएको छ । उक्त निर्णय पूर्ण कार्यान्वयनमा आएपछि प्रतिमहिना करिब ८ अर्ब ६५ करोड रुपैयाँ बजारमा प्रवाह हुने देखिन्छ । **बाँकी पृष्ठ ८**

UNFPA

## REQUEST FOR PROPOSAL (RFP)

**Provision of services for Strengthening Mental Health through Private-Public Partnership in Nepal**

**(Reference: UNFPA-NPL-00003)**

1. UNFPA Nepal is seeking bids from registered organizations and firms for **the provision of services for strengthening Mental Health through Private-Public Partnership in Nepal.**
2. Eligible organizations may obtain the RFP and related documents from **https://www.ungm.org/Public/Notice/299227**
3. Completed Technical and Financial Proposals along with all mandatory documents in accordance with the RFP must be submitted using Quantum, an ERP platform based Oracle Cloud, which supports the United Nations procurement processes no later than **5:30 pm Wednesday, 27 May 2026 (Nepali time).**

# चक्रपथ दोस्रो खण्ड विस्तारका लागि कार्यान्वयन सम्झौतामा हस्ताक्षर

## चालु आर्थिक वर्षभित्रै ठेक्का सम्झौता गरेर निर्माण थाल्ने आयोजनाको तयारी

**विमल खतिवडा** (काठमाडौं)



**भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री सुनील लम्साल र नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङ बुधबार सम्झौतापत्रमा हस्ताक्षर गर्दै ।** **तस्बिर सौजन्य** : भौतिक मन्त्रालय

चक्रपथ दोस्रो खण्ड विस्तारका लागि आयोजना कार्यान्वयन सम्झौतापत्रमा हस्ताक्षर भएको छ । यससँगै सडक विभागलाई ठेक्का प्रक्रिया अघि बढाउन बाटो खुलेको हो । भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री सुनील लम्साल र नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङबीच बुधबार सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

कोटेश्वरदेखि कलंकीसम्म १०.३९ किमि सडक २०६९ मा निर्माण सुरु भएपछि काम सक्न ६ वर्ष लागेको थियो । कोटेश्वर-कलंकी पहिलो खण्डको ठेक्का २०६९ मा सुरु भई २०७५ मा निर्माण सकिएको थियो । त्यसलगत्तै ८.२ किलोमिटरको दोस्रो खण्ड (कलंकी-वसुन्धरा) विस्तार सुरु हुनुपर्नेमा नेपाल सरकार र त्यसपछि चीनको ढिलाइले गर्दा कामले गति लिन सकेको थिएन ।

सम्झौतापत्रमा हस्ताक्षरपछि मन्त्री लम्सालले परियोजना कार्यान्वयनका क्रममा समस्या उत्पन्न भए एक दिनमै समाधान गर्दै आवश्यक सहजीकरण गरिने प्रतिबद्धता व्यक्त गरे । उत्तर-दक्षिण जोड्ने सडक निर्माण सरकारको प्राथमिकतामा रहेको र नेपालको पूर्वाधार विकासमा चीन सरकारबाट थप लगानीको अपेक्षा रहेको उनले सुनाए । त्यस्तै चिनियाँ राजदूत माओमिङले उपयुक्त लगानीको वातावरण बनेमा धेरै चिनियाँ टोली नेपालमा लगानी गर्न इच्छुक रहेको बताए । कार्यान्वयन सम्झौतामा हस्ताक्षर भएकाले निर्माणको काम अघि बढाउन सहज भएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव एवं प्रवक्ता रामहरि पोखरेलको भनाइ छ ।

दोस्रो खण्ड विस्तारका लागि चीन सरकारले करिब ११ अर्ब रुपैयाँ अनुदान उपलब्ध गराउने मन्त्रालयले जनाएको छ । पहिलो खण्ड विस्तार सम्पन्न भएको ८ वर्षपछि बल्ल दोस्रो खण्ड विस्तारको काम अघि बढ्न लागेको हो । कलंकी-वसुन्धरा खण्डको ८.२ किलोमिटरमा सडक विस्तार गर्न लागिएको हो । कलंकीबाट वसुन्धरा चोक नजिकसम्म मात्र सडक विस्तारको काम हुनेछ । चीनसँग सन् २०१८ मा यो सडक खण्ड विस्तारका लागि जीटूजी सम्झौता भएको थियो । चीन सरकारले पूर्वतयारीका काम नटुंग्याई नआउने अडान लिँदै आएको थियो ।

यहीबीचमा कोरोना महामारीका कारण थप काम अघि बढ्न सकेको थिएन । नेपाल सरकारलाई पूर्वतयारीको काम सक्न पनि बीचमा निकै सकस परेको थियो । त्यसपछि फेरि प्रक्रिया लम्बिँदै जाँदा निर्माणको काम अहिलेसम्म सुरु हुन नसकेको हो । बीचमा चीन सरकारले निर्माण सामग्रीमा कर छुटको निर्णय गर्नुपर्ने माग अघि सारेपछि केही ढिलाइ हुन गएको थियो ।

१२ फागुनमा मन्त्रिपरिषद् बैठकबाट सरकारले निर्माण सामग्री र भन्सार छुटको निर्णय गरेसँगै चक्रपथ दोस्रो खण्ड विस्तारका लागि थप प्रक्रिया अघि बढाउन बाटो खुलेको थियो । वैदेशिक सहायता नीतिअनुसार अनुदानको रकम कर प्रयोजनमा नलगाइने भएकाले त्यहीअनुसार उक्त खण्डको निर्णय मन्त्रिपरिषद्बाट गराएको सडक विभागको भनाइ छ ।

आयोजना कार्यान्वयनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएकाले अब चिनियाँ प्राविधिकले दूतावासमार्फत सडक विभागमा डिजाइन पेस गर्ने सडक विभाग विकास सहायता कार्यान्वयन महाशाखाका प्रमुख अर्जुनप्रसाद अर्यालले बताए । यसका लागि पहिला मन्त्रालयले विभागलाई कार्यान्वयन सम्झौतापत्रमा हस्ताक्षर भएको जानकारी गराउनेछ ।

'सडक विभागमा फाइनल डिजाइन पेस भएपछि केही थपघट गर्न परे तत्काल सुझाव दिएर त्यसलाई अन्तिम रूप दिन्छौं,' अर्यालले भने, 'त्यसपछि डिजाइन र बिड डकुमेन्ट यताबाट स्वीकृत गराएर पठाएपछि चीनबाट निर्माण कम्पनी र परामर्शदाता छान्ने काम सुरु हुन्छ ।' चक्रपथ दोस्रो खण्डको सर्भे गर्न ६ वैशाख २०८२ मा चिनियाँ प्राविधिक टोली नेपाल आएको थियो ।

साढे दुई महिना लगाएर टोलीले डिजाइनका लागि सर्भे गरेको थियो । 'अब निर्माणमा जान धेरै काम बाँकी छैन,' अर्यालले भने, 'चालु आर्थिक वर्षभित्र ठेक्का सम्झौता भएर निर्माण व्यवसायी कार्यस्थलमा परिचालन हुनेछन् ।' चिनियाँ प्राविधिकले तयार पारेको डिजाइनअनुसार ढुंगेधारामा एउटा पक्की पुल बन्नेछ । तीन वटा आकाशे पुल अपांगमैत्री बन्नेछन् । सीतापाइला, बालाजु र माछापोखरीको बीच र सामाखुसी-वसुन्धरा प्रहरी चौकीको बीचमा आकाशे पुल बनाइनेछ । कलंकीदेखि वसुन्धरा चोकसम्म सडक बत्ती सडक विस्तारकै क्रममा चीनले बनाउने गरी डिजाइनमा राखिएको छ । डिजाइन विभागमा आएपछि यसलाई फाइनल गर्ने बेलामा केही कुरामा तलमाथि हुन सक्ने अर्यालले प्रस्ट्याए ।

गत ६ भदौमा नेपाल र चीन सरकारका प्रतिनिधिबीच सहयोग गर्नेसम्बन्धी पत्रमा हस्ताक्षर भएको थियो । अहिले चीन सरकारको अनुदानमा स्याफ्रुबेंसी-रसुवागढी सडक स्तरोन्नतिको काम पनि सुरु भइसकेको छ । सडक स्तरोन्नतिका लागि उतै ठेक्का गरेर चिनियाँ कम्पनी सिचाङ थियान्लु नेपाल आएको हो, जसको ठेक्का रकम साढे ६ अर्ब रुपैयाँ छ । निर्माण अवधि ३९ महिना तोकिएको छ । स्याफ्रुबेंसी-रसुवागढीसम्मको दूरी १५ दशमलव ५ किलोमिटर छ ।

# सरकारले सुरु गर्‍यो...

चालु आर्थिक वर्षका लागि सरकारले मुलुकभरका शिक्षक, संघीय निजामती कर्मचारी, सेवा, प्रहरीलगायत राष्ट्रसेवकका लागि ९८ अर्ब र संघीय सरकार, निजामती, आर्मी पुलिस, राष्ट्रसेवकहरूका लागि २ खर्ब २५ अर्ब रुपैयाँ विनियोजन गरेको छ । यसमध्ये शिक्षकका ९८ अर्ब र संघीय निजामती कर्मचारी, सेवा, प्रहरीलगायत राष्ट्रसेवकका लागि १ खर्ब २७ अर्ब छुट्याइएको छ ।

विनियोजन रकमबाट निजामती कर्मचारी, प्रहरी, सेनालगायतले दसैंमा एक महिनाको अतिरिक्त गरी १३ महिनाको तलब पाउँछन् । विनियोजित रकमलाई १३ महिनामा विभाजन गर्दा हाल प्रतिमहिना करिब १७ अर्ब ३० करोड रुपैयाँ शिक्षक, संघीय निजामती कर्मचारी, सेना, प्रहरीलगायत राष्ट्रसेवकको तलबमा खर्च हुने गरेको छ ।

सरकारको तयारीअनुसार कर्मचारीहरूका लागि १५/१५ दिनमा तलब दिने काम सुरु भएपछि हरेक पटक करिब ८ अर्ब ६५ करोड रुपैयाँ बजारमा प्रवाह हुनेछ । 'राष्ट्रसेवक कर्मचारीहरूको तलबभत्ता सुविधा वितरणको कार्य महिना भुक्तान भएपछि मासिक रूपमा गर्दै आइएकामा अब यसलाई अर्धमासिक रूपमा भुक्तानी गर्ने परिपाटी सुरुवात गर्ने सन्दर्भमा, अर्धमासिक रूपमा वितरण गर्ने आवश्यक व्यवस्था मिलाउन ४ वैशाख २०८३ (अर्थमन्त्रीस्तर) निर्णयको निर्णयानुसार अनुरोध छ,' अर्थ मन्त्रालयले महालेखा नियन्त्रकको कार्यालयलाई लेखेको पत्रमा भनिएको छ ।

पछिल्ला केही वर्षदेखि नेपालको अर्थतन्त्र सुस्त छ । उद्योग आधाभन्दा कम क्षमता उपयोगमा चलिरहेका छन् । पछिल्ला तीन वर्षदेखि बैंक तथा वित्तीय संस्थामा ऋणयोग्य रकम थुप्रिएको छ । ब्याजदर घटेर इतिहासकै न्यून विन्दुमा झरेको छ । बजारमा समग्र माग बढ्न सकेको छैन । निजी क्षेत्रको मनोबल इतिहासकै कमजोर अवस्थामा छ । यस्तो अवस्थाको अर्थतन्त्रमा सुधार ल्याउन नागरिकको हातमा पैसा पुर्‍याउनुपर्ने र त्यसले बजार माग बढाउने भएकाले आर्थिक गतिविधि चलायमान बनाउने अर्थविद्को सुझाव छ ।

प्रायः विकसित देशले कर्मचारीका लागि दुई सातामा तलबभत्ता दिँदै आएका छन् । यसरी विकसित देशको असल अभ्यास नेपालले पनि लागू गर्नुपर्ने र यसले न्यून आय भएका तथा तलबभत्तामा आश्रित परिवारलाई राहत हुने अर्थविद् बताउँछन् ।

# वेबसाइट र एप अनुकूल...

मापदण्डअनुसार तस्बिरहरूमा 'अल्ट टेक्स्ट' राख्नुपर्ने, भिडियोमा 'क्याप्सन' हुनुपर्ने, माउसबिना किबोर्डको सहायताले मात्र वेबसाइट चलाउन सकिने हुनुपर्ने र रङको कन्ट्रास्ट स्पष्ट हुनुपर्ने जस्ता प्रावधान छन् ।

सरकारले पाँच वर्षअघि नै जारी गरेको 'सरकारी कार्यालयको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७८' ले पनि वेबसाइट अपांगता भएका व्यक्तिका लागि पहुँचयोग्य हुनुपर्ने अनिवार्य व्यवस्था गरेको छ । निर्देशिकाअनुसार वेबसाइटमा प्रयोगकर्ताले सहजै उपयोग गर्न सक्ने नेभिगेसन हुनुपर्ने, सामग्रीहरू युनिकोडमा राखिनुपर्ने, फन्टको साइज बढाउन वा घटाउन मिल्ने सुविधा हुनुपर्ने र मोबाइल वा ट्याब्लेटजस्ता जुनसुकै उपकरणमा पनि वेबसाइटको लेआउट नबिग्रने गरी 'रेस्पोन्सिभ' डिजाइन हुनुपर्ने व्यवस्था छ ।

निर्देशिकाको नियम ४ मा वेबसाइटमा राखिएका सामग्री नेपाली (युनिकोड) र सम्भव भएसम्म अंग्रेजी भाषामा राखिनुपर्ने र आवश्यकताअनुसार एचटीएमएल, वर्ड वा पीडीएफमा उपलब्ध हुनुपर्ने भनिएको छ ।

सरकारी वेबसाइट तथा एप्लिकेसनहरूलाई अपांगतामैत्री बनाउन महासंघले लामो समयदेखि वकालत गर्दै आएको राष्ट्रिय अपांग महासंघका अध्यक्ष देवीदत्त आचार्यको भनाइ छ । उनका अनुसार पूर्वमन्त्री जगदीश खरेलको पालामा सबै सरकारी डिजिटल सामग्री पहुँचयुक्त हुनुपर्छ भनेर पहल थालिएको थियो । 'एउटा कार्यदल नै बनाएर यसलाई अगाडि बढाएको थियो र अहिलेको सयदिने कार्यसूचीमा पनि यसलाई समावेश गरिनु सकारात्मक छ,' आचार्यले भने, 'पहिले-पहिले त कर्मचारीले यस्तो पनि हुन्छ र भन्थे । त्यसले गर्दा कार्यान्वयनमा ढिलाइ भएको हो । अहिले सरकार प्रतिबद्ध देखिएको छ ।'

हाल करिब आठवटा मन्त्रालयको वेबसाइटको 'एक्सेसिबिलिटी अडिट' भइसकेको र प्राप्त रिपोर्टका आधारमा सुधारका काम भइरहेको महासंघ अध्यक्ष आचार्यले बताए । महासंघले यस प्रक्रियामा प्राविधिक सहयोग, अडिटरहरूलाई तालिम र नीतिगत सुझाव प्रदान गरिरहेको उनको भनाइ छ । 'अपांगतामैत्री डिजिटल प्रणाली नहुँदा सरकारी सूचनामा सबैको पहुँच पुग्दैन,' उनले भने, 'सूचनाको हक मौलिक हक हो । अपांगता भएका नागरिक सूचना नै नपाएर रोजगारीका अवसर र अन्य सरकारी सुविधाबाट वञ्चित भइरहेका छन् । डिजिटल प्रणालीले गर्दा घरमै बसेर सेवा लिन सकिने वातावरण बन्ने भएकाले यो अत्यन्तै आवश्यक छ ।'

अहिले सरकारको प्रयास सकारात्मक भए पनि डिजिटल समावेशितालाई दिगो र संस्थागत बनाउनुपर्ने प्रा. लामिछानेको राय छ । 'कुनै पनि सरकारी वेबसाइट बनेपछि त्यसले डब्लूसीएजीको मापदण्ड पूरा गरेको छैन भने त्यसलाई स्वीकृत नै नदिने कानुनी व्यवस्था हुनुपर्छ,' उनले भने, 'यसो गर्दा थप खर्च पनि लाग्दैन र सुरुदेखि नै सबैका लागि पहुँचयोग्य प्रविधिको विकास हुने सुनिश्चितता हुन्छ । आईटीका विद्यार्थीहरूलाई कलेजमै डब्लूसीएजीका बारेमा पढाइनुपर्छ, ताकि भोलि उनीहरूले बनाउने हरेक प्रणाली बाई-डिफल्ट समावेशी बनुन् । वास्तविक समावेशिता भनेको अपांगता भएका व्यक्तिका लागि छुट्टै केही बनाउनु होइन, बरु सबैका लागि बनाइने प्रणालीभित्रै हाम्रा आवश्यकतालाई सम्बोधन गर्नु हो ।'

अर्थ मन्त्रालयले सोमबार सार्वजनिक गरेको 'नेपालको वर्तमान आर्थिक स्थितिपत्र, २०८३' ले नेपालमा डिजिटल प्रविधिको विस्तार तीव्र गतिमा भए पनि डिजिटल असमानता (डिभाइड) लाई ठूलो चुनौतीका रूपमा औंल्याएको छ । यस्तो असमानता इन्टरनेटको पहुँचमा मात्र सीमित नभई अपांगता भएका व्यक्तिहरूका लागि प्रविधिको उपयोगिता र पहुँचसँग पनि जोडिएको छ । प्रणालीहरू अपांगतामैत्री नहुँदा प्रविधिको लाभ लिन सक्ने र नसक्नेबीचको दूरी थप बढ्दै जाने सरोकारवाला औंल्याउँछन् ।


## सुवर्ण अवसर

**विशेष बीमा पुनर्जागरण योजना २०८२/०८३**

**प्रकाशन मितिः २०८३/०१/१७**

कम्पनीले आफ्नो रजत जयन्तीको अवसरमा १८० दिनभन्दा माथि व्यतित भएका बीमालेखहरुमा मिति २०८३/०१/०७ देखि २०८३/०२/०५ गते सम्म नविकरण बीमाशुल्क भुक्तानी गरी सुचारु गरेमा बीमालेख नविकरण गर्दा लाग्ने बिलम्ब शुल्कमा छुट प्रदान गरिएकोमा हाल प्रदान भई रहेको योजनामा समावेश हुन नसकेका बीमितहरूको अनुरोधलाई मध्यनजर गरि कम्पनीले मिति २०८३/०१/१७ गते देखि सो छुट योजनामा आवश्यक संशोधन गरि बाँकी छुट अवधि मिति २०८३/०२/०५ सम्म लागु हुने गरि ५ बर्ष भन्दा माथि व्यतित भएका बीमालेखहरूमा तपसिल बमोजिमको बिलम्ब शुल्कमा थप छुटको व्यवस्था गरिएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

तपसिल

| क्र.सं | बीमा योजनाहरु | व्यतित अवधि | बिलम्ब शुल्कमा छुट |
|---|---|---|---|
| १. | नौलो सुरक्षित जीवन बीमा, जीवन ज्योति बीमा योजना, ग्रामीण सावधिक जीवन बीमा योजना, सावधिक लघु जीवन बीमा, सुनौलो भविष्य सावधिक बीमा योजना, सुनौलो भविष्य अग्रिम भुक्तानी बीमा योजना, नौलो धनवर्षा जीवन बीमा योजना, नौलो जीवन समृद्धि जीवन बीमा योजना, जीवन उन्नति जीवन बीमा योजना, नेपाल लाइफ केटा-केटी सुनौलो भविष्य जीवन बीमा योजना,जीवन सहारा बीमा योजना, जीवन सारथी बीमा योजना, सदाबहार जीवन बीमा योजना, अनमोल जीवन बीमा योजना, सम्मुनत जीवन बीमा योजना, iEnsure जीवन बीमा योजना | ५ वर्ष सम्म | १०० प्रतिशत |
| २. | सुरक्षित जीवन बीमा योजना, सुखमय जीवन बीमा योजना, धनवर्षा जीवन बीमा योजना, जीवन सम्बृद्धि १५ वर्षे जीवन बीमा योजना, जीवन सम्बृद्धि २० वर्षे जीवन बीमा योजना, केटा-केटी सावधिक जीवन बीमा योजना, छोरा-छोरी अग्रिम सावधिक जीवन बीमा योजना, नेपाल लाइफ सुनिश्चित भविष्य तथा शिक्षा जीवन बीमा योजना, नौलो केटा-केटी जीवन बीमा योजना, जीवन लक्ष्मी बीमा योजना | ५ वर्ष सम्म | ५० प्रतिशत |
| ३. | १ र २ मा तोकिएका तथा अन्य बीमा योजनाहरुमा | ५ वर्ष भन्दा माथि | २५ प्रतिशत |

शर्तहरु:

१. यस योजना अन्तर्गत १०० प्रतिशत बिलम्ब शुल्क छुटमा समावेश भएका बीमालेखहरु पुनर्जागरणको मिति देखि ३ वर्ष भित्र समर्पण भएमा निजहरूलाई प्रदान गरिएको बिलम्ब शुल्क छुट सुविधाको सम्पूर्ण रकम समर्पण रकममा कट्टा गरिनेछ । साथै, ५० प्रतिशत र २५ प्रतिशत बिलम्ब शुल्क छुटमा समावेश भएका बीमालेखहरु पुनर्जागरणको मिति देखि २ वर्ष भित्र समर्पण भएमा निजहरूलाई प्रदान गरिएको बिलम्ब शुल्क छुट सुविधाको सम्पूर्ण रकम समर्पण रकममा कट्टा गरिनेछ ।
२. बीमालेख १८० दिन भन्दा बढि समय व्यतित भएको हुनुपर्दछ। बिलम्ब शुल्कमा छुट सुविधा प्राप्त गर्नका लागी मिति २०८३/०१/०७ गते सम्म बीमालेख १८० दिन भन्दा बढि व्यतित भईसकेको हुनुपर्नेछ ।
३. बिलम्ब शुल्कमा छुट सुविधा प्राप्त गर्नका लागी बीमालेख पुनर्जागरण मितिबाट बीमा समाप्त (Policy Maturity) मिति कम्तिमा ३६५ दिन बाँकी भएको हुनुपर्नेछ ।
४. एक पटक बिलम्ब शुल्कमा छुट लिई सकेका बीमितहरुलाई पूरा बीमा अवधिभरी पुनः छुट दिइने छैन ।

नेपाल लाइफ इन्स्योरेन्स कं.
किनकि जीवन अमूल्य छ...

रजिष्टर्ड कार्यालयः वीरगञ्ज, पर्सा
केन्द्रिय कार्यालयः क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौं
फोन नम्बरः ९७७-१-५९७०९७१
इमेलः info@nepallife.com.np
वेबसाइटः www.nepallife.com.np


## अर्थ संक्षेप

### बिजनेस समिट आयोजना गर्दै नेपाल-भारत उवासंघ र एनबीआई



काठमाडौं (कास)- नेपाल बिजनेस समिटको दोस्रो संस्करण आउँदो ४ जेठमा काठमाडौंमा आयोजना हुने भएको छ । सम्मेलनको पहिलो संस्करण आयोजना गरेको नेपाल बिजनेस इन्स्टिच्युट (एनबीआई) र नेपाल-भारत उद्योग वाणिज्य संघ (निक्की) बीच सम्मेलन आयोजनासम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । निक्कीका तर्फबाट उपाध्यक्ष कुणाल केयाल र नेपाल बिजनेस इन्स्टिच्युटका तर्फबाट कार्यकारी अध्यक्ष विशाल गैरेले समझदारीपत्रमा हस्ताक्षर गरे । निर्यात, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, ऊर्जा, एआई, आईटी, फिनटेक र सूचना प्रविधि, स्टार्टअप, एसएमई र समावेशी आर्थिक उन्नयनको मुख्य विषय रहेको नेपाल बिजनेस समिटमा निक्कीले सहआयोजकका रूपमा साझेदारी गर्दै निर्यात, कृषि, पर्यटन र ऊर्जा क्षेत्रको विषयलाई सम्मेलनमा उठान गर्ने निक्कीका उपाध्यक्ष कुणाल केयालले बताए । आफूहरूले नेपालको आयात र निर्यातबीच सन्तुलन खोजिरहेको उपाध्यक्ष केयालको भनाइ छ ।

### विशेष क्षमताका सन्देशलाई शिवम् सिमेन्टको शैक्षिक सहयोग



काठमाडौं (कास)- सामाजिक उत्तरदायित्वप्रति प्रतिबद्ध शिवम् सिमेन्ट्स लिमिटेडले आर्थिक रूपमा कमजोर तथा विशेष क्षमता भएका विद्यार्थीको शिक्षामा सहयोग गर्ने उद्देश्यले रोल्पा जिल्ला, रोल्पा नगरपालिका-१० धाङ्सी निवासी १२ वर्षीय सन्देश बुढामगरको अध्ययनका लागि आवश्यक सहयोग गर्ने निर्णय गरेको छ । शारीरिक रूपमा अशक्त भई दुवै हात नचल्ने सन्देशलाई शिवम् सिमेन्टले सहयोग गर्ने भएको हो । जन्मजात नै दुवै हात नचल्ने अवस्थाबाट प्रभावित सन्देशले परिवारको कमजोर आर्थिक अवस्थाका बाबजुद खुट्टाको सहारामा लेख्दै आफ्नो अध्ययनलाई निरन्तरता दिँदै आएको उद्योगले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । हाल रोल्पामै रहेको विद्यालयबाट सन्देशले कक्षा ५ उत्तीर्ण गरेका छन् । तर रोल्पामा विशेष क्षमता भएका विद्यार्थीका लागि उपयुक्त अपांगमैत्री विद्यालयको अभाव र कमजोर पारिवारिक आर्थिक अवस्थाका कारण उनको थप अध्ययनमा समस्या देखिएको पारिवारिक स्रोतले जनाएको छ ।

## बुधबार ४ अर्ब ९८ करोडको कारोबार

**१६ वैशाख २०८३ को नेप्से परिसूचक**

| कम्पनीको नाम | अघिल्लो दिनको मूल्य | अन्तिम मूल्य | कारोबार संख्या | फरक |
|---|---|---|---|---|
| युनिलिभर नेपाल लिमिटेड | ४७०५० | ४७००० | ५० | -५० |
| राष्ट्रिय बिमा कम्पनी लिमिटेड | १५२५० | १५०१० | ६३ | -२४० |
| बोटलर्स नेपाल (तराई) लिमिटेड | ११६०० | ११६१० | ५५ | १० |
| आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लि. | ६२५१ | ६२७५ | १०१ | २४ |
| साल्ट ट्रेडिङ कर्पोरेसन | ५९३७ | ५८९५ | ९०२ | -४२ |
| विशाल बजार कम्पनी लिमिटेड | ४७८० | ४८४१ | ५१५ | ६१ |
| रिलायन्स स्पिनिङ मिल्स लिमिटेड | ४००० | ३८१० | ६२७३४ | -१९० |
| उपकार लघुवित्त वित्तीय संस्था लि. | ३०१३ | २९९४ | ३३९९ | -२० |
| स्वस्तिक लघुवित्त संस्था लि. | २५१७ | २४८० | १८९६ | -३७ |
| कर्पोरेट डेभलपमेन्ट बैंक लि. | २३५३ | २६७८ | ७८५९२ | ३२५ |
| सीईडीबी होल्डिङ लिमिटेड | २३१३ | २२९० | ९०९० | -२३ |
| ग्लोबल आईएमई बैंक डेबेन्चर | २२६२ | ११४० | ११३१ | -११२२ |
| हिमालयन बैंक लिमिटेड बोण्ड | २२३० | ११५२ | १११५ | -१०७८ |
| महिला लघुवित्त वित्तीय संस्था लि. | १८११ | १८०० | ३६१ | -११ |
| गुँरास लघुवित्त वित्तीय संस्था लि. | १८०० | १७८५ | १०८२ | -१५ |
| सागर डिष्टिलरी लिमिटेड | १७८० | १७३५ | ६९६९ | -४५ |
| सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था | १७६८ | १७३० | १२५४ | -३८ |
| सिटिजन्स इन्भेस्टमेन्ट ट्रस्ट | १७६७ | १७६८ | ६०३७ | १ |
| झापा इनर्जी लिमिटेड | १७३१ | १६३० | २४२१८ | -१०१ |
| स्वाभिमान लघुवित्त वित्तीय संस्था लि. | १६८५ | १६४३ | ७३ | -४२ |
| कुथेली बुखरी स्मल हाइड्रोपावर लि. | १६२० | १५९० | ५५५ | -३० |
| नेस्डो समृद्धि लघुवित्त वित्तीय संस्था लि. | १५५८ | १५४० | ११८५ | -१८ |
| एसवाई प्यानल नेपाल लिमिटेड | १५२० | १४४५ | १०२०९० | -७५ |
| सीवाईसी नेपाल लघुवित्त वित्तीय संस्था | १४९५ | १४८० | ९९४ | -१५ |
| विन नेपाल लघुवित्त वित्तीय संस्था लि. | १४८२ | १४६० | ७६२ | -२२ |
| सिर्जनशील लघुवित्त वित्तीय सस्था लि. | १४७६ | १४९० | ३९० | १४ |
| एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लि. | १४७५ | १४५० | ५४७४६ | -२५ |
| युनिक नेपाल लघुवित्त वित्तीय संस्था | १४५६ | १४३५ | १०७७ | -२१ |
| सालपा विकास बैंक लिमिटेड | १४२९ | १३६६ | ३७०९६ | -६३ |
| सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड | १४१४ | १४०० | ३२१३४ | -१४ |
| गणपती लघुवित्त वित्तीय संस्था लि. | १३५८ | १३२९ | ४१६ | -२९ |
| गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स | १३५० | १२९० | ४६८० | -६० |
| मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | १३३८ | १३१३ | २६१७ | -२५ |
| उन्नती सहकार्य लघुवित्त वित्तीय संस्था | १३२४ | १२९८ | २२११ | -२६ |
| मानुषी लघुवित्त वित्तीय संस्था लि. | १३१५ | १२७९ | २०५९ | -३६ |
| धौलागिरी लघुवित्त वित्तीय संस्था लि. | १२९० | १३२० | १२९२ | ३० |
| माहुली लघुवित्त वित्तीय संस्था लि. | १२८९ | १२६० | १३७४ | -२९ |
| जीवन विकास लघुवित्त वित्तीय संस्था लि. | १२७७ | १२७० | ४९१७ | -७ |
| सामुदायिक लघुवित्त वित्तीय संस्था लि. | १२३२ | १२२० | १०१९ | -१२ |
| मिथिला लघुवित्त वित्तीय संस्था लि. | १२२५ | १२२३ | १६६१ | -२ |
| सेन्चुरी डेबेन्चर २०८८ | १२१० | ११९७ | २७ | -१३ |
| नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | १२०९ | ११७० | ९६५० | -३९ |
| क्रेस्ट माइक्रो लाईफ इन्स्योरेन्स कम्पनी लि. | ११९५ | ११४० | १६९१५ | -५५ |
| सिभिल बैंक डेबेन्चर २०८८ | ११८२ | ११५५ | २ | -२७ |
| ओम मेघाश्री फमास्युटिकल्स लिमिटेड | ११७८ | ११६० | ३९३४ | -१८ |
| श्रीनगर एग्रीटेक इन्डष्ट्रिज् लिमिटेड | ११५५ | ११२२ | ३५०७० | -३३ |
| हिमालयन डिस्टिलरी लिमिटेड | ११४८ | ११४३ | २३५२१ | -५ |
| रिज लाइन इनर्जी लिमिटेड | ११४५ | ११३१ | ५१५९३ | -१४ |
| साइन रेसुङ्गा डेबेन्चर | ११४३ | ११४१ | १८१ | -२ |
| ग्रिन डेभलपमेन्ट बैंक लि. | ११४३ | ११०० | २३६९५ | -४३ |
| सांग्रिला डेभलपमेन्ट बैंक डेबेन्चर २०८७ | ११४२ | १०९५ | २ | -४७ |
| आशा लघुवित्त वित्तीय संस्था लि. | ११२४ | १११० | १४६४५ | -१४ |
| ग्लोबल आईएमई लघुवित्त वित्तीय संस्था लि. | ११२० | ११२० | १३३७ | ० |
| अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | १११६ | ११०० | ५२२० | -१६ |
| नेशनल लघुवित्त वित्तीय संस्था लि. | १११० | १११० | ४७५२ | ० |
| फोर्डवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय | ११०२ | ११२३ | ५०८२ | २१ |
| जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था | ११०१ | १०९४ | २०९७ | -७ |
| ग्लोबल आईएमई बैंक डेबेन्चर २०८७/८७ | ११०० | १०८० | २५ | -२० |
| गरिमा डेबेन्चर | १०९० | ११०० | २१९००० | १० |
| नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि. | १०८४ | १०२६ | १६०५५ | -५८ |
| एभरेष्ट बैंक लिमिटेड | १०७६ | १०७० | २५ | -६ |
| एभरेष्ट बैंक लिमिटेड डेबेन्चर २०९१ | १०७० | १०७० | ७५ | ० |
| एनआइसी ऋण्ढापत्र २०८८ | १०६८ | १०६९ | २५ | १ |
| होटेल फोरेष्ट इन लिमिटेड | १०६० | १००५ | ११९०५१ | -५५ |
| नबिल डेबेन्चर २०८५ | १०५३ | १०६१ | ७५ | ८ |
| निफ्रा ग्रीन इनर्जी डेबेन्चर ६% - २०८८/८९ | १०४१ | १०२८ | १२५ | -१४ |
| पाल्पा सिमेन्ट इण्डट्रीज लिमिटेड | १०३९ | ९५८ | २०८१४२ | -८१ |
| भुजुङ्ग हाइड्रोपावर लिमिटेड | १०१२ | १०३५ | ३९४४० | २३ |
| शिखर पावर डेभलपमेन्ट लिमिटेड | १००२ | ९०३ | १२६५४५ | -९९ |
| सुपर खुडी हाइड्रोपावर लिमिटेड | ९९५ | ९६२ | ४५७९७ | -३३ |
| आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि. | ९६० | ९४१ | १०९३ | -१९ |
| इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि. | ९४२ | ९४२ | ८९०८ | ० |
| लक्ष्मी लघुवित्त वित्तीय संस्था लि. | ९४० | ९६५ | २४३० | २५ |
| पियोर इनर्जी लिमिटेड | ९३९ | ९०७ | ११७२९ | -३२ |
| मातृभूमि लघुवित्त वित्तीय संस्था लि. | ९२४ | ९१४ | १८३८ | -१० |
| छिमेकी लघुवित्त वित्तीय संस्था लिमिटेड | ९१० | ९०२ | १६४४२ | -८ |
| नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेड | ९१० | ८९८ | ३९०३१ | -१२ |
| इमर्जिङ नेपाल लिमिटेड | ८९५ | ८९० | ८८४ | -५ |
| कालिका लघुवित्त वित्तीय संस्था लि. | ८८५ | ८६९ | २८५७ | -१६ |
| हिमालयन लघुवित्त वित्तीय संस्था लि. | ८८० | ८७६ | ९४४ | -४ |
| नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ८७६ | ८७४ | ९७२३ | -२ |
| हिम स्टार उर्जा कम्पनी लिमिटेड | ८७२ | ८२९ | १७२०२ | -४३ |
| सम्पदा लघुवित्त वित्तीय संस्था लि. | ८४६ | ८३८ | ३४१२ | -८ |
| कालिञ्चोक दर्शन लिमिटेड | ८४१ | ८१६ | ४९०७ | -२५ |
| सर्वोत्तम सिमेन्ट लिमिटेड | ८४० | ८३३ | ५२७२ | -७ |
| सप्तकोशी डेभलपमेन्ट बैंक लि. | ८३८ | ८३२ | ८०८७० | -६ |
| हाथवेय इन्भेष्टमेन्ट नेपाल लिमिटेड | ८३५ | ८२६ | ४८५२ | -९ |
| बन्दीपुर केबलकार एण्ड टुरिजम लि. | ८३१ | ८१४ | २८५३४ | -१७ |
| डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. | ८३० | ८२६ | ५००१ | -४ |
| मन्डु हाइड्रोपावर लिमिटेड | ८२३ | ८०६ | ६५३ | -१७ |
| लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल लि. | ८१८ | ८१६ | ५७४८ | -२ |
| स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. | ८१४ | ८१५ | ४३५५ | १ |
| चन्द्रागिरी हिल्स लिमिटेड | ८१२ | ८०९ | १४१५५ | -३ |
| ट्रेड टावर लिमिटेड | ८०७ | ७९४ | १८५८० | -१३ |
| फर्स्ट माईक्रो फाईनान्स लघुवित्त वित्तीय संस्था | ८०२ | ८१० | १३३१७ | ८ |
| नेपाल वेयरहाउस कम्पनी लिमिटेड | ७९२ | ७८८ | २०९२ | -४ |
| राधि जलविद्युत कम्पनी लि. | ७८० | ७६५ | ५७५१० | -१५ |
| मञ्जुश्री फाइनान्स लिमिटेड | ७७२ | ७६५ | ४७१०० | -७ |
| नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि. | ७६८ | ७६२ | २२१४३ | -६ |
| समता घरेलु लघुवित्त वित्तीय संस्था लि. | ७६६ | ७६० | ११०४४ | -६ |
| साना किसान विकास लघुवित्त वित्तीय संस्था | ७६५ | ७६१ | ९३८५ | -४ |
| ग्रामिन विकास लघुवित्त वित्तीय संस्था लि. | ७६३ | ७५२ | ३७८४ | -११ |
| सोलु हाइड्रोपावर लिमिटेड | ७६० | ७४१ | २४१५६७ | -१९ |
| सिन्धु विकास बैंक लिमिटेड | ७५९ | ७४७ | ९७६२ | -१२ |
| नाडेप लघुवित्ति वित्तीय संस्था लि. | ७५६ | ७५० | ९८५ | -६ |
| तारागाउँ रिजेन्सी होटेल लिमिटेड | ७४५ | ७४३ | २०५१ | -२ |
| भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. | ७४० | ७३० | १५७३ | -१० |
| स्वाबलम्बन लघुवित्त वित्तीय संस्था लि. | ७२९ | ७२५ | २६८९ | -४ |
| मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि. | ७२५ | ७१५ | ५५५४ | -१० |
| विजय लघुवित्त वित्तीय संस्था लि. | ७२५ | ७०५ | १०१५३ | -२० |
| सुभम पावर लिमिटेड | ७२४ | ७१९ | ८५६ | -५ |
| सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | ७२० | ७१२ | १००३८ | -९ |

**कुल कारोबार मूल्य** : ४,९८६,३०३,३१३।३८ **कारोबार संख्या** : १०४,००५

**सेयर संख्या** : १२,१३४,३६० **नेप्से** : २,७४४।४५ (–२५।८१)

# ‘चिसो भुइँमा बच्चा सुत्दैन...

स-साना बाबुनानीसहित होल्डिङ सेन्टरमा पुगेका सविनाजस्ता अरू महिलाको अनुभव समान छ। उनीहरूले बच्चाहरू राति रुने, बारबेरा नभएकाले एक ठाउँको हल्ला सजिलै अन्त पुग्ने जस्ता समस्या सुनाए। २१ र १६ वर्षका अन्य दुई छोरासहित त्यहाँ बसिरहेकी सविनाले भनिन्, ‘आफ्नो घर जस्तो झुपडी भए पनि आफ्नै हो रहेछ। बच्चालाई पनि यो कुरा थाहा हुँदो रहेछ। त्यहाँ मान्छेको होहल्लाले छोरी बेलुकाभर रुन्छिन्।’

सविनाका श्रीमान् बनस्थलीको एक गार्मेन्ट कारखानामा काम गर्छन्। साताको एक दिन बिदामा उनी सिनामंगलस्थित सुकुमवासी बस्तीमा आउने गर्थे। श्रीमान्को एक्लो कमाइले मात्रै घरखर्च नधान्ने भएकाले सविना छोरी दुई महिना भएदेखि नै एक जनाको घरमा काम गर्न जान्थिन्। तर विस्थापित भएर कीर्तिपुर पुगेपछि उनको यही काम पनि टुटेको छ। ‘मैले दिउँसो केही समय एउटा घरमा काम गरेर कमाएको पैसाले पनि घरखर्चमा राहत भएको थियो,’ उनले भनिन्, ‘दिउँसो काम गरे पनि बेलुका ज्वानोको झोल नै खाए पनि, मासु या जे खाए पनि पकाएर आफ्नै घरमा खान्थें।’ १९ वर्षदेखि बसेको घर भत्किँदाको चोट एकातिर र चारमहिने छोरी लिएर होल्डिङ सेन्टरमा बस्नुपर्दाको दुःख अर्कोतिर। उनले सुनाइन्, ‘आफ्नै घर त रहेन। अरू सामान रोडमा राख्न किन ल्याउनु भनेर खाट, दराज सबै त्यहीं छोडिदिएँ।’

महानगरीय प्रहरी प्रमुख विष्णु जोशीले आफूहरूले सहयोगी भूमिका नै निर्वाह गरिरहेको दाबी गरे। उनले भने, ‘राधास्वामीमा रहेकाहरूको व्यवस्थापनमा हामीले सहयोगी भूमिका निर्वाह गरिरहेका छौं। केन्द्रले भोजनको व्यवस्थापन मिलाइरहेको छ।’ उनले त्यहाँ रहेका ४८ जना महिला तथा बालबालिकामध्ये दुई गर्भवती महिलालाई अस्पताल पठाउने र बालबालिकाको शिक्षादीक्षाका लागि पहल भइरहेको बताए। भने, ‘ उनीहरूको दीर्घकालीन पुनःस्थापनाका लागि सरकार र सहरी विकास मन्त्रालयले योजना ल्याउन बाँकी रहे तापनि हामीले स्थानीयस्तरमा व्यवस्थापनलाई सहज बनाइरहेका छौं।’



आस्मा स्याबा ७ महिने छोरासहित।

सरकारले विस्थापितहरूलाई होल्डिङ सेन्टरका अलावा केही होटलमा पनि ल्याएर राखेको छ। तर त्यहाँ पनि दुधे शिशुसहित बसेकाहरूलाई अप्ठ्यारो उस्तै छ। २७ वर्षीया आस्मा स्याबा ७ महिने छोरासहित मनोहरास्थित सुकुमवासी बस्तीबाट विस्थापित भएर शनिबार नयाँ बसपार्क छेउको एक लजमा आइपुगिन्। उनी बुधबार दिउँसोतिर ५ वर्षकी जेठी छोरी र सातमहिने छोरा लिएर नयाँ बसपार्कको छेउछाउमा डुलिरहेकी थिइन्। उनले होटलमा सबैका लागि जे पाक्छ त्यही खाइरहेको बताइन्। ‘जे दिनुभएको छ। त्यही खाने गरेकी छु। हामीले जे खायो त्यही बच्चाले पाउने हो,’ उनले भनिन्, ‘के गर्नं म सुत्केरी हो, मलाई फरक खाना दिनु भन्ने कुरा भएन। जे सबैका लागि पाकेको छ। त्यही मेरो भागमा पर्छ।’

सुकुमवासी बस्ती भए पनि आस्मा डेरा भाडामा बस्थिन्। एक वर्षअघि वार्षिक ३० हजार तिर्ने गरी उनका श्रीमान्ले टहरा भाडामा लिएका थिए। गर्भवती श्रीमती र सानो छोरा छाडेर अनि भएको पुरानो स्कुटर र जोगाएको केही सुन बेचेर श्रीमान् कमाउन कुवेत गएको उनले बताइन्। आस्मा शनिबार टहरो भत्काएपछि सुरुमा आफन्तीको घर गएर बसेको र अर्को दिन रंगशाला पुगेर नाम टिपाएको बताउँछिन्। भनिन्, ‘रंगशाला गएर नाम टिपाएपछि त्यहाँबाट यो होटलमा बस्न पठाउनुभएको हो।’

उनले होटलमा सुविधा भए पनि दुधे बच्चाको खानपानमा समस्या परिरहेको र बच्चाको सरसफाइ राम्रो हुन नसकेको बताइन्। अनि कहिलेबाट आफूहरूलाई अस्थायी आवासमा लगेर राखिने हो भन्नेबारे पनि आफूले जानकारी नपाएको बताइन्।

नयाँ बसपार्कको अर्को होटलमा १८ महिने छोरीसहित भेटिइन्, ४० वर्षीया संगीता सिंह। शान्तिनगरस्थित सुकुमवासी बस्तीबाट उनी ७ र ८ वर्षका दुई छोरा अनि दुधे छोरीसहित विस्थापित भएर आइपुगेकी रहेछिन्। उनले केही महिनाअघि श्रीमान् कमाउन खाडी पुगेको र मासिक ६ हजार भाडामा सुकुमवासी बस्तीमा बस्दै आएको सुनाइन्।

श्रीमान् विदेश भएको र ससाना बच्चाहरूसहित बसेका बेला एक्कासि डोजर आएर घर भत्काउँदा आफूलाई निकै गाह्रो भएको अनुभव उनले सुनाइन्। भनिन्, ‘एक्लै थिएँ। सानो बच्चाहरू मात्र डर लागिहाल्यो। डोजर चल्ने भएपछि छोराछोरी लिएर कोठा खोज्न गएँ। बच्चा धेरै भएको, सानो भएको भनेर कसैले दिएनन्।’

खोज्दा पनि डेरा नभेटेपछि उनले रंगशालामा नाम टिपाउन पुगेको र त्यहाँबाट होटलमा आइपुगेको बताइन्। होटलमा ससाना छोराहरू चकचक गरिराख्ने भएकाले बस्न अप्ठ्यारो भइरहेको पनि उनले सुनाइन्। होटर परिसरमा साँझतिर धेरै मान्छे ओहोरदोहोर हुने र त्यतिबेला छोरीको सुत्ने समय भए पनि होहल्लाले नसुत्ने र रुने गरेकाले पनि समस्या थपिएको उनले बताइन्। सगोलमा खाने खाना बच्चाहरूलाई नमिल्ने भएकाले पनि समस्या थपिएको गुनासो पनि उनले सुनाइन्। ‘बस्ने ठाउँ त छ। तर अहिले यो बच्चा बोकेर म कता जाने भन्ने भएको थियो। मन बुझाएको छु,’ उनले भनिन्, ‘के गर्ने सोच्दा नै गाह्रो भएको छ। दुई छोराको पढाइ पनि लागिसक्यो। छिटो पढाउन पाए हुन्थ्यो। अब छिट्टै हाम्रो व्यवस्था सरकारले गरोस् भन्ने लागेको छ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलका अनुसार, घरजग्गा नभएर सरकारको सहयोग चाहनेको नामावली संकलन जारी राखिएको छ। समस्यामा परेकालाई विभिन्न होटल, लजदेखि कीर्तिपुरस्थित राधास्वामी सत्संग नेपालको भवनमा राखिएको उनले बताए। ‘आगामी १५ दिनभित्र उहाँहरूको कतै घरजग्गा भए, नभएकोदेखि सम्पूर्ण विवरणको कठोर स्क्रिनिङ हुन्छ,’ उनले दुई दिनअघि कान्तिपुरसँग भनेका थिए, ‘यदि घरको कुनै सदस्यको नाममा समेत जग्गाजमिन रहेनछ भन्ने भयो भने व्यवस्थापन गरिनेछ।’

# ४० भन्दा बढी कानुन...

सरकारले सार्वजनिक निकायमा हुने नियुक्तिलाई पारदर्शी र प्रतिस्पर्धी बनाउने, दलीय राजनीतीकरण अन्त्य गर्ने, सार्वजनिक निर्माणलाई तीव्रता दिने, सहकारीका साना बचतकर्ताको रकम फिर्ता गर्ने तथा भूमि, मालपोत र नापीलगायतका सेवा प्रभावकारी बनाउने उद्देश्यसहित सरकारले अध्यादेश अघि बढाएको दाहालको भनाइ छ।

शीतल निवास स्रोतका अनुसार अध्यादेशले जग्गाको दर्ता मालपोत कार्यालयमै गएर गर्नुपर्ने विद्यमान कानुनी व्यवस्थालाई संशोधन गर्दै स्थानीय तहलाई नै अधिकार दिने व्यवस्था गरेको छ। वन र निकुञ्ज ऐन संशोधन गर्दै राष्ट्रिय वनको भूउपयोगसम्बन्धी विशेष व्यवस्था अध्यादेशमा राखिएको छ। निजामती सेवा ऐन संशोधन गरेर दलीय आबद्धता रहेका ट्रेड युनियन नरहने व्यवस्था गरिँदै छ।

सोमबार सिफारिस गरिएको सहकारीसम्बन्धी अध्यादेश भने भाषागत त्रुटि थुप्रै रहेको भन्दै सच्याएर पठाउन राष्ट्रपति कार्यालयले सरकारलाई फिर्ता पठाएको छ। ‘सहकारीसम्बन्धी अध्यादेश समयसापेक्ष छ, यो आवश्यक पनि छ। तर सरकारले पठाएको अध्यादेशमा कतै दफा नमिलेको र कतै भाषा नमिलेको देखियो, सहकारी भन्नुपर्ने ठाउँमा सरकारी लेखिएको पनि देखियो,’ राष्ट्रपति कार्यालयका एक अधिकारीले भने, ‘यसलाई हामीले मिलाउँदा किर्ते गरेको आरोप आउन सक्छ। त्यसैले सरकारका प्रतिनिधिहरूलाई नै मिलाएर पठाउन भनेका छौं।’ राष्ट्रपतिले अध्ययन गरिसकेका कारण सहकारीसम्बन्धी अध्यादेश जारी गर्न समस्या नभएको ती अधिकारीले बताए। अन्य अध्यादेश भने राष्ट्रपति पौडेल आफैं, कानुनी सल्लाहकार र कर्मचारीले ऐनका प्रबन्धसँग भिडाएर अध्ययन गरिरहेका छन्।

यता संसद्मा प्रतिनिधित्व गर्ने विपक्षी दलहरू कांग्रेस, एमाले, नेकपा र राष्ट्रिय प्रजातन्त्र पार्टीले संवैधानिक रूपमा ‘अत्यावश्यक’ र ‘तत्काल’ को अवस्थामा मात्र प्रयोग गर्नंपर्ने अध्यादेशलाई नियमित विधायिकी जस्तो औजार बनाएको भन्दै विरोध गरेका छन्। आह्वान भइसकेको संसद् स्थगन गरेर सरकारले अध्यादेशको सहारा लिनु कार्यपालिकाले विधायिकामाथि हस्तक्षेप भएको उनीहरूको ठहर छ।

८ वैशाखको मन्त्रिपरिषद् निर्णयअनुसार सिफारिस गरिएबमोजिम राष्ट्रपति रामचन्द्र पौडेलले १७ वैशाखका लागि संघीय संसद्को अधिवेशन बोलाएका थिए। तर १० वैशाखमा मन्त्रिपरिषद्ले संसद् अधिवेशन स्थगन गर्न सिफारिस गरेको थियो, त्यहीबमोजिम अधिवेशन स्थगनको सूचना जारी गरिएको थियो।

सरकारले सिफारिस गरेका अध्यादेश जारी नगर्न विपक्षी दलका नेताहरूले राष्ट्रपति पौडेलको ध्यानाकर्षण गराएका छन्। यस सम्बन्धमा छलफल गर्न कांग्रेस, एमाले, नेकपा र राप्रपाको संयुक्त बैठक बुधबार सिंहदरबारमा बसेको थियो। ‘अध्यादेशहरू संसद् छल्ने उद्देश्यसाथ सिफारिस भएकाले स्वीकृत नगर्न राष्ट्रपतिसमक्ष हार्दिक अनुरोध गर्छौं,’ चार दलले जारी गरेको संयुक्त विज्ञप्तिमा उल्लेख छ।

राष्ट्रपति पौडेलका लागि सबैभन्दा पेचिलो संवैधानिक परिषद्सम्बन्धी अध्यादेशमा भएको छ। शीतल निवासका एक अधिकारीका अनुसार यससम्बन्धमा कानुनी राय बुझ्न राष्ट्रपतिले बिहीबार वा शुक्रबार संविधानविद्सँग छलफल गर्ने योजना बनाएका छन्। ‘संवैधानिक परिषद्सम्बन्धी अध्यादेशमा राष्ट्रपतिले दोहोरो मापदण्ड राख्ने कि नराख्ने भन्ने समस्या छ। यसअघि संसद्का दुवै सदनबाट पारित भएर प्रमाणीकरणका लागि आएको विधेयक राष्ट्रपतिले संविधानको मर्मविपरीत रहेको भन्दै फिर्ता गर्नुभएको थियो। गत मंसिरमा सुशीला कार्की नेतृत्वको सरकारले संसद्बाट पारित त्यही विधेयकको हुबहु व्यवस्था राखेर सिफारिस गरेको अध्यादेश होल्ड गरियो,’ ती अधिकारीले भने, ‘यस पटक के गर्ने भन्नेमा एक पटक संविधानविद्सँग छलफल गर्ने राष्ट्रपतिको योजना छ।’

संवैधानिक परिषद्मा प्रधानमन्त्री अध्यक्ष, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभा अध्यक्ष, उपसभामुख र प्रमुख प्रतिपक्षी दलको नेता सदस्य रहने संवैधानिक व्यवस्था छ। कार्यकारीको स्वेच्छारिता रोक्दै शक्ति सन्तुलन र नियुक्तिको निष्पक्षता कायम राख्ने गरी राज्यका सबै अंगको प्रतिनिधित्व हुने गरी परिषद् गठन हुने व्यवस्था संविधानमा गरिएको हो। तर सरकारले अध्यक्षसहित तीन सदस्यबाटै नियुक्तिको सिफारिस गर्न सक्ने गरी अध्यादेशबाट संवैधानिक परिषद्सम्बन्धी ऐन संशोधन गर्न लागेको हो। यस्तो व्यवस्थाले लोकतान्त्रिक प्रक्रिया, संस्थागत स्वायत्तता र शक्ति सन्तुलनको मान्यतालाई कमजोर बनाउने संविधानविद्हरूले बताउँदै आएका छन्।

राष्ट्रपति पौडेलले संघीय संसद्का दुवै सदनबाट पारित भई प्रमाणीकरणका लागि पठाइएको विधेयक फिर्ता पठाउँदा पनि न्यूनतम कुल सदस्यको बहुमत हुनुपर्ने स्मरण संसद्लाई गराएका थिए। ‘कथंकदाचित सर्वसम्मति हुन नसके कुनै पनि तरहले कुल संख्याको बहुमत ओझेलमा पर्नं हुँदैन र बहुमतका आधार नै निर्णयको अन्तिम आधारस्तम्भ मानिनुपर्छ,’ विधेयक फिर्ता पठाउनुपर्नाको कारण उल्लेख गर्दै राष्ट्रपति पौडेलले भनेका थिए। ‘यो अध्यादेश जारी गर्दा दोहोरो मापदण्ड अपनाएको देखिन्छ, त्यसैले राष्ट्रपतिले तत्काल जारी नगर्न पनि सक्नुहुन्छ,’ शीतल निवासका एक अधिकारीले भने, ‘अरू अध्यादेश भने अध्ययन गरेर आवश्यकता र औचित्यका आधारमा जारी हुन्छन्।’

## सरकारको निर्णयको रास्वपा संसदीय दलद्वारा बचाउ

काठमाडौं (कास)- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को संसदीय दलको अनौपचारिक बैठकले सुकुमवासी बस्ती खाली गराउने र अध्यादेश जारी गर्ने सरकारको कदमको बचाउ गरेको छ। बुधबार दिउँसो सिंहदरबारस्थित रास्वपा संसदीय दलको कार्यालयमा बसेको राजधानीमा उपलब्ध सांसदहरूको बैठकले सरकारले सुकुमवासीलाई घरबारविहीन बनाउन नखोजेको र सही नियत र उद्देश्यले अध्यादेश जारी गर्न खोजेको निष्कर्ष निकालेको हो।



**सरकारले सुकुमवासीलाई घरबारविहीन बनाउन नखोजेको र सही नियत र उद्देश्यले अध्यादेश जारी गर्न खोजेको रास्वपाको निष्कर्ष**

रास्वपा प्रवक्ता मनीष झाका अनुसार छलफलमा काठमाडौंमा उपलब्ध कम्तीमा ५५ सांसद उपस्थित थिए। छलफलमा २५ सांसदले संसदीय भूमिका, सरकारका निर्णय र सांगठनिक विषयबारे जिज्ञासा र प्रश्न राखेका थिए। ‘सभापतिले सबैको जिज्ञासा सुन्नुभयो र उहाँ र महामन्त्रीसमेत रहनुभएका प्रमुख सचेतक कवीन्द्र बुर्लाकोटीले प्रश्नको जवाफ दिनुभयो,’ झाले भने।

बैठकमा सभापति लामिछानेले ‘जोखिमपूर्ण स्थानमा रहेका सुकुमवासीलाई पटकपटक सूचना दिएर सुरक्षित स्थानमा सरल तरिकाले सारिएको’ बताएका थिए। ‘लगत संकलन र व्यवस्थापनमा सरकार जिम्मेवार भएर काम गर्दै छ, कतै कुनै थप सजकता आवश्यक छ भने ध्यानाकर्षण गराउन अनुरोध छ,’ उनले भने, ‘ढलको छेउमा, बाढीको छेउमा बस्न बाध्य नागरिकको सुरक्षित बासस्थानबारे चिन्ता छ र सबैको भविष्यबारे चिन्ता गर्नु यो सरकारको कर्तव्य हो।’ देशभरि नै रहेको समस्यालाई विशेष आयोग बनाएर शीघ्र काम गरिनेसमेत उनले बताए।

बैठकपछि लामिछानेले कसैलाई विस्थापित र घरबारविहीन बनाउने उद्देश्य सरकारको नभएको बताएका थिए। ‘दुई दिन, चार दिन अलिकति दुःख भयो होला, स्रोत साधनको सीमितताले पनि दुःख भएको हुन सक्छ,’ उनले भने, ‘तर, कसैलाई पनि विस्थापित वा घरबारविहीन बनाउने, सडकमा ल्याउने अवस्था सरकारले सिर्जना गर्दैन।’ सरकारले शुक्रबारदेखि काठमाडौंको थापाथली, गैरीगाउँ, मनोहरालगायत क्षेत्रका सुकुमवासी बस्ती खाली गराएको थियो। सुकुमवासीलाई पहिले विकल्प दिएर हटाउनुपर्ने भन्दै रास्वपाका कतिपय सांसदहरूले समेत टिप्पणी राखेका थिए। तर, लामिछानेले ‘नदी आसपास खतरा भएको स्थानको हकमा खाली गराउने काम मात्र भएको’ बताएका छन्। ‘अहिले प्रतिपक्षीसहित अन्य दलले राजनीतिक रूपमा गलत व्याख्या गरेको सुनेको छु,’ उनले भने, ‘सरकारले उहाँहरूले पाउने अधिकारको पनि ख्याल गरेको छ।’

लामिछानेले ‘खतरापूर्ण रूपमा ज्यान जोखिममा राखेर खोला किनारमा बसेको र हडपिएको अवस्था जोकोहीले प्रस्ट देख्ने अवस्था भएको ठाउँमा मात्र त्यस्तो कदम चालिएको समेत जिकिर गरे। ‘प्रधानमन्त्रीले आफैंसमेत यी ठाउँहरू प्राथमिकतामा थिए भन्नुभएको छ, अन्य ठाउँको हकमा स्थानीय सरकारका क्षेत्राधिकारमा केन्द्र सरकार प्रवेश गर्ने कुरा रहँदैनन्। कतिपय ठाउँमा स्थानीय सरकारले पनि त्यस्ता काम गरेका छन्। तर, उनीहरूको लगत राखेर व्यवस्थापन हुने प्रतिबद्धता व्यक्त भएका छन्,’ उनले भने। कतिपयले सुकुमवासी बस्ती खाली गराएको हकमा विरोधको गरेको सन्दर्भमा उनले ‘योभन्दा अझ राम्रो उपाय, अभ्यास भए त्यो सिक्न र हेर्न तयार’ रहेको बताएका छन्।

अर्को प्रसंगमा लामिछानेले गृहमन्त्रीबाट राजीनामा दिएका सुधन गुरुङमाथि छानबिनको प्रक्रिया चाँडै सुरु हुने बताए। संसद् बैठक स्थगित गरेर अध्यादेश जारी गरिएका विषयमा समेत प्रश्न उठेका थिए। त्यसमा उनले सुशासनका एजेन्डासँग जोडिएका कतिपय विषयमा तत्काल सुधार गर्न अध्यादेश ल्याइएको जिकिर गरे। विगतमा भएका दलीयकरण र गलत नियुक्तिलाई नसच्याएसम्म जनताले चाहेअनुसार यो सरकारले काम गर्न नसक्ने बताउँदै लामिछानेले भने, ‘पहिले अध्यादेश दल फुटाउन वा विपक्षीलाई थुन्न ल्याइने अभ्यास थियो। अहिलेको अभ्यास कसैलाई दुःख दिन वा कसैलाई सुविधा दिन हैन, यो आवश्यक सुधारका लागि हो। यो कदम कानुनी दायरामा बसेर गरिँदै गरेको एक अभ्यास हो।’

रास्वपाले प्रमुख प्रतिपक्षी दललाई लेखा समितिको सभापति दिएको उदाहरण प्रस्तुत गर्दै उनले आफूहरू राजनीतिक व्यवहार र लोकतान्त्रिक पद्धतिप्रति गम्भीर रहेको बताए। उनले अगाडि थपे, ‘कैयौं संवैधानिक आयोग, नियोगमा खाली स्थानहरू छन्, महत्त्वपूर्ण निर्णयहरू लिन व्यावहारिक कठिनाइ हुँदै छ वा कार्यवाहकले सम्झौता गरेर चलाउन बाध्य छन्। धेरै कुरामा समय कुरेर मात्र बसिरहन सकिँदैन। जनअपेक्षाअनुसार काम गर्न केही सक्रियता र नम्र राजनीतिक आक्रामकता देखाउन आवश्यक छ।’

झन्डै दुईतिहाइ बहुमतको रास्वपा सरकार प्रतिनिधिसभाको अधिवेशन स्थगित गरेर अध्यादेशबाटै राजकाज चलाउन लागिपरेको भन्दै आलोचना भएका बेला सभापति लामिछानेको यो प्रस्टीकरण आएको हो। बैठकमा सहभागी सांसद रमेश प्रसाईंले पनि सरकारले प्रक्रियागत रूपमा जाँदा धेरै समय लाग्ने तर तत्काल गर्नुपर्ने कामलाई सम्बोधन गर्न अध्यादेश ल्याएको बताए। ‘हामीले १०० दिने कार्यसूची सार्वजनिक गर्दा डेडलाइनसहित गरेका छौं, त्यसलाई यथाशीघ्र पूरा गर्न यो आवश्यक थियो,’ उनले भने, ‘हामीले दुरुपयोग गर्न अध्यादेश ल्याएको होइन, राष्ट्र हितमा कहिलेकाहीँ राज्यले शीघ्र निर्णय प्रक्रिया अपनाउनुपर्ने हुन्छ।’

रिपोर्टरको डायरी

# होल्डिङ सेन्टरको यथार्थ बुझ्न पनि अब ‘माथिको आदेश’

**सुकुमवासी विस्थापितलाई राखिएको होल्डिङ सेन्टरभित्रको फोटो र भिडियो महानगर प्रहरीले किन डिलिट गर्न लगायो, मैले बुझ्न सकेको छैन**

**दया दुदराज** (काठमाडौं)

एउटा गाडीमा काठमाडौं महानगर प्रहरीहरूको ठूलो समूह आइपुग्यो। मलाई पाखुरामा समात्दै एक नगर प्रहरीले अन्य प्रहरीलाई सुनाए, ‘उहाँ भित्र छिरेर भिडियो खिच्दै हुनुहुन्थ्यो, अब के गर्ने ?’ उनीहरूले पालैपालो केरकार गरे, ‘तपाईंले कसको अनुमतिमा खिच्नुभयो ?’ मैले सबैलाई एउटै जवाफ फर्काएँ, ‘खिच्न नदिने आदेश के हो, कसको हो ?’ एक महानगर प्रहरीले झोक्किँदै प्रश्न गरे, ‘तपाईं केका आदेशमा यहाँ खिच्न आउनुभएको ? कागज देखाउनुस्। ‘मैले पत्रकार परिचयपत्र देखाएँ र भनें, ‘यो खिच्न पाउने मेरो अधिकार हो। यही हो मेरो कागज।’ ती प्रहरीले कुतर्क गरे, ‘हामीसँग पनि बन्दुक छ भन्देमा पड्काउँदै हिँड्नु त ?’

गलफती लम्बिने भएपछि मैले भनें, ‘फोटो-भिडियो खिच्दिनँ, मलाई त्यहाँको अवस्था मात्र बुझ्न दिनुस् न त।’ पाखुरा समात्ने प्रहरीले अड्डी कसे, ‘पहिले त्यो भिडियो डिलिट गर्नुहोस्। अनि कुरा गर्न पाउनुहुन्छ।’ मैले भनें, ‘खिचिसकेको कुरा किन डिलिट गर्नु ? डिलिट गर भन्नै मिल्दैन।’ उनले ढिपी गरिरहे, ‘डिलिट गर्नु भन्या सुन्नुभएन ?’ बिस्तारै उनको स्वर ठूलो हुँदै आयो। नजिकै रहेकी उकेरा डटकमकी पत्रकार मेनुका वाइबाले पनि सुनिरहेकी थिइन्। उनी पनि सेन्टरभित्र जाने प्रयासमा हैरानी भोगिरहेकी थिइन्। उनले पछि सुनाइन्, ‘मलाई पनि हैरान पारे।’

मलाई विस्थापित पात्रहरूसँग कुराकानी गर्नु थियो। तर प्रहरीहरू मलाई जानै नदिन अड्डी कसिरहेका थिए। ‘पहिले डिलिट गर्नुस् अनि जानुहोस्,’ ती नगर प्रहरीले भने। मैले अलि नरम हुँदै भनें, ‘अब खिच्दिनँ, बरु मेरो फोन तपाईं नै राख्नुस्। म कापीमा टिप्छु मात्रै।’ तर नगर प्रहरीहरू मान्दै मानेनन्। मैले मोबाइल खोल्दै थिएँ। उनी नियालेर हेरिरहेका थिए र भने, ‘त्यो डिलिट गर्नुस् भन्या मान्नुहुन्न ?’ मैले डिलिट गरेझैं गरें तर ती नगर प्रहरीले मेरो फोन नै थुते र ‘रिसाइकल बिन’ बाट समेत डिलिट गरे। तर, त्यसअघि नै मैले ती तस्बिर र भिडियोहरू सम्पादकीय कक्षमा पठाइसकेको थिएँ।

बुधबार म कीर्तिपुरस्थित राधास्वामी सत्संग केन्द्रस्थित ‘होल्डिङ सेन्टर’ मा पुग्दा बिहानको ११ बज्दै थियो। गत शनिबार सरकारले थापाथली, गैरीगाउँ, शान्तिनगर र मनोहराबाट हटाइएका सुकुमवासीलाई विस्थापन गरेर त्यहाँ राखेको थियो। म त्यहाँ पुग्दा गेटमै थिए, नेपाल प्रहरीका दुई हवल्दार। उनीहरूले मलाई रोकेनन्। म भित्र पुगें। त्यहाँको दृश्य सरकारले भनेभन्दा फरक थियो। ठूलो टहराजस्तो हल तर पर्खाल नभएको। पहेंलो रङको च्यादरले चारैतिरबाट घेरिएको थियो। जहाँ विस्थापितका सरसामानका थुम्काथुम्का देखिन्थे। अनि भुइँमै बिछ्याएको बिस्तारा र त्यही छेउछाउमा लेखिएको ‘फ्याम्ली नम्बर’ परैबाट देखिन्थ्यो।

त्यहाँभित्र पत्रकारलाई जान अलिक कडिकडाउ छ भन्ने थाहा पाएरै मैले बिहानै होल्डिङ सेन्टरमा बसेका एक जना विस्थापितसँग कुरा गरेको थिएँ। म पुग्दा उनले भर्खर खाना खाइसकेका रहेछन्। उनले राति पानी परेपछिको हैरानी सुनाए। डसना देखाउँदै भने, ‘हिजो त योभित्र पानी पसेर कम्ता बिजोग भएन, यो डसना पनि पूरै भिजेको छ। सुकाउने ठाउँ पनि छैन। बच्चाबच्चीको कपडा पनि भिजेको छ।’ उनका आमा र श्रीमतीले पनि रातिको हैरानी सुनाए।

उनीहरूलाई पाल दिने कुरा भएको रहेछ। उनले भने, ‘यत्रो धेरै छौं, ऊ त्यति सानो पाल दिने अरे, को बस्ने को नबस्ने ?’ केहीबेरमै सशस्त्र प्रहरी बलका केही जवान आए र भने, ‘यो सामान कता सार्ने हो सार्नु, यहाँ पाल राख्नुपर्‍यो।’

मंगलबारसम्म उनीजस्तै यहाँ आश्रय लिएका विस्थापितले कालो प्लास्टिकको फोम र झुलको भरमा रात कटाएका रहेछन्। मंगलबार रातिको पानीले समस्या थपेपछि पाल टाँग्ने तयारी भएको रहेछ। यो दृश्य खिचिरहेका बेला एक जनाले मेरो पाखुरा च्याप्प समातेर भने, ‘तपाईंले यहाँ फोटो किन खिचेको ?’ मैले प्रतिप्रश्न गरें, ‘किन खिच्न पाइन्न र ?’ मेरो पाखुरा समात्ने व्यक्ति काठमाडौंका महानगर प्रहरी थिए। उनले ‘मिल्दैन-मिल्दैन’ भन्दै जबर्जस्ती ताने। मैले मोबाइलमा भिडियो अन गरें। ती प्रहरीले भने, ‘यहाँ प्रेसलाई बन्देज छ। भित्र केही खिच्न पाउँदैन।’

मैले प्रश्न गरें, ‘किन पाइँदैन ?’

उनले जवाफ फर्काए, ‘माथिको आदेश छ।’

मैले पुनः सोधें, ‘माथिको आदेश भनेको कहाँको आदेश ? के छ आदेश ?’ उनी अकमकिए। पर रहेका प्रहरी हवल्दारलाई बोलाए, ‘सर यता आउनुस् त, उहाँ भिडियो खिच्दै हुनुहुन्छ।’

ती हवल्दारले पनि भने, ‘सर, यहाँ फोटो/भिडियो खिच्न मिल्दैन।’ मैले उनलाई पनि प्रश्न गरें, ‘किन मिल्दैन ?’ उनीहरूको एउटै जवाफ थियो- ‘माथिको आदेश।’ ती महानगर प्रहरीले मेरो पाखुरा समातिरहेकै थिए। मैले उनीहरूलाई भनें, ‘खिच्न नदिने आदेश कसको हो ? नदिने नै हो भने मेरो कठालो समात्ने अधिकार तपाईंलाई कसले दियो ?’

ती महानगर प्रहरीले एक हातले मलाई समातिरहेका थिए, अर्को हातले मोबाइलबाट कसैलाई फोन गर्दै भने, ‘सर यहाँ एक जना फोटो-भिडियो खिचिरहेका छन्। तपाईं आउनुपर्‍यो।’

एकैछिनमा अर्का हवल्दार आइपुगे। उनले भने, ‘सर, उहाँले भित्र गएर भिडियो-सिडियो बनाउनुभएको छ।’

तिनै हवल्दारलाई प्रश्न गरें, ‘फोटो खिच्न पनि पाइँदैन ?’

उनले जवाफ फर्काए, ‘तपाईंले आदेश लिनुभएको छ ?’

मैले प्रतिप्रश्न गरें, ‘आदेश कसको चाहिन्छ ?’

उनले जवाफ फर्काए, ‘हामीलाई जे भनेको छ, त्यहीअनुसार काम गर्दै छौं।’ ती हवल्दारले महानगर प्रहरीतर्फ सोझ्याउँदै भने, ‘त्यहाँ फोन गर्नु त।’

ती महानगर प्रहरीले मलाई कम्पाउन्डबाट बाहिर निकाल्न खोज्दै भने, ‘त्यहाँ हिँड्नु न, सर आउँदै हुनुहुन्छ।’

अर्का हवल्दारले भने, ‘तपाईं हामीसँग डिसकस नगर्नु, सरसँग कुरा गर्नु।’

नजिकै एक आमा आइन् र भनिन्, ‘भिडियो खिच्न पाउनुपर्छ।’ उनी विस्थापितमध्येकी एक थिइन्। ‘सरकारले हाम्रो बेइज्जत, बदनामी गरेर उठिबास लगाए पनि कोही मान्छे आएर हाम्रो आफन्त भेट्न पनि आउन नपाउने ?’ ती आमाले प्रहरीतिर हेरेर भनिन्, ‘तपाईंहरूले हाम्रो सबै भिडियो खिच्नुभएको छ त। खाएको पनि खिच्नुभएको छ, बसेको पनि खिचेकै छ। बाहिर सबै राम्रो मात्रै देखाउने। भित्रको नराम्रो कुराचाहिँ किन नदेखाएको ? उहाँहरूले खिच्न खोज्दा पनि नदिने हुन्छ ?’

ती आमाले आफूहरू सुरक्षाका नाममा बन्दी भएको वेदना पनि पोखिन्। ‘हामी बाहिर जाँदा प्रत्येकचोटि नाम टिपाउनुपर्छ, चोरेर आएको हो र हामी ? ज्यान मारेर आएको हो ?’

प्रहरी हवल्दारले भने, ‘कस्तो बुझ्नुहुन्न, त्यो तपाईंहरूकै लागि हो के त्यो...’

यत्तिकैमा मेरो मोबाइलको क्यामेरा बन्द भएछ। मैले थाहा पाइनँ। मलाई ती नगर प्रहरीले पाखुरा समातेरै अगाडि नेपाल प्रहरी भएतिर लगे।

गेट नजिकैको महानगर प्रहरीको भीडका बीच मैले खिचेका भिडियो र तस्बिरहरू मेटाइए। मैले त्यहाँ प्रतिकार गर्न सकिनँ। मलाई विस्थापित पात्रहरूसँग कुरा गर्नु थियो। त्यसैले मैले भनें, ‘ल डिलिट भयो, भित्र छिर्न दिनुहोस्।’

उनीहरूले फेरि भने, ‘अब भिडियो-फोटो केही पाइँदैन। अनुगमन मात्रै हो।’ तारा चिह्न भएका एक महानगर प्रहरीले भने, ‘उहाँहरूसँग गाह्रो हुने कुरा भयो भने रोक्नु है।’

मलाई पाखुरामा समात्ने महानगर प्रहरी नै मेरो पछिपछि लागे। म पुनः हलभित्र छिरें। विस्थापितसँग कुराकानी सुरु गरें। तर प्रहरी मेरो वरपर घुमिरहेका थिए।

७२ वर्षीया कान्छीमाया घलेले दुःखेसो सुनाइन्। भनिन्, ‘हिजोसम्म त खोइ एउटा बक्सामा भात ल्याएर दिन्थे, म बूढी मान्छेलाई के खाए नखाए हुन्थ्यो। आज यतै पकाएर खुवाएका छन्।’ उनले त्यहाँ आएपछि आफूलाई चिसोले सताउन थालेको पनि बताइन्। भनिन्, ‘चिसोले भेट्यो जस्तो छ, यो जीउ करकरी दुख्न थाल्या छ।’

उनले बिहीबार बस्तीमा माइकिङ गरेदेखि आफूलाई निद्रा नपरेको सुनाइन्। ‘बस्तीमा माइकिङ सुनिएदेखि निद्रा परेको छैन। शनिबार यता ल्याएदेखि त झन् सुत्नै सक्या छैन। हिजो राति परेको पानीले त झन् के सुत्न दिन्थ्यो,’ कान्छीमायाले सुनाइन्, ‘दिउँसो अलिअलि मिलिक्क निद्रा पर्छ। त्यही पनि बच्चाले हल्ला गरेर के साध्य लाग्छ र।’

कान्छीमायाको ज्यान कीर्तिपुरमा भए पनि उनको मन भने थापाथलीमै छ। शनिबार बिहानै आफ्नो घरमा डोजर चलेको त्यो दृश्य उनलाई झलझली आइरहन्छ। ‘आँखा अगाडि अहिले केवल धूलो, माटो र भत्किएका जस्ताका पाताहरू घुमिरहन्छन्,’ कान्छीमाया भक्कानिइन्, ‘खाइनखाई दुःखले जोडेको त्यो टहरो पनि राज्यले देखिसहेन।’

त्यो भग्नावशेषभित्र उनका २० वर्षका अनगिन्ती स्मृति पुरिएका छन्। २०१२ माघमा जन्मिएकी कान्छीमायालाई आफ्नो जन्ममिति र विगतका तीता-मीठा पल कण्ठस्थ छन्। २ पुस २०६४ मा उनी थापाथलीको त्यो बगरमा ओत खोज्दै आइपुगेकी थिइन्। ‘यता काखीमा बच्चा च्यापेर तीनकुनेदेखि बाँसका कप्टेराहरू बोकेर ल्याएर, आफ्नै हातले भुइँ खोस्रेर सानो झुप्रो उभ्याएकी थिएँ।’

उनी कुरा गर्दागर्दै भावुक बन्दै थिइन्। त्यही बेला नजिकै बसेर कुराकानी सुनिरहेका महानगर प्रहरी आएर भने, ‘अब भयो भयो।’ उनले कुरा अन्त्य गर्न भन्दै थिए। त्यही बेला मैले कान्छीमायासँग तामाङ भाषामा कुरा गरें र टेलिफोन नम्बर मागें। महानगर प्रहरीले तामाङ भाषा बुझेनन्।

अलि पर देखिए ५३ वर्षीय पकचा तरिम कसाई। शनिबार बस्तीमा डोजर लगाउँदादेखि नै मैले कसाईलाई पछ्याइरहेको थिएँ। शनिबार दशरथ रंगशालामा उनी श्रीमतीसँग छुट्टिएका थिए। जसको कथा हामीले कान्तिपुरमा प्रकाशित गरेका थियौं। तर उनीहरू अहिले सँगै देखिन्थे। उनीहरूसँग कुराकानी गर्न खोज्दै थिएँ तर महानगरका प्रहरी पछाडि बसेर भन्दै थिए, ‘जाम अब जाम।’


## VACANCY ANNONCEMENT

**Amtech Med (P.) Ltd.** is a fastest growing WHO-GMP Certified Pharmaceutical Manufacturing Company of eastern Nepal and under its expansion program is seeking for creative, result oriented and self motivated candidates for the following posts:

| S. No. | Position | Qualification | Experience | Vacancy | Job Location |
|---|---|---|---|---|---|
| 1 | QC Pharmacist | B. Pharm M. Pharm | At least 1-2 years' experience in related field | 1 | Biratnagar |
| 2 | QA Pharmacist | B. Pharm M. Pharm | At least 1-2 years' experience in related field | 2 | Biratnagar |
| 3 | Engineer (Mechanical Electrical) | B.Tech/B.E | At least 1-2 years' experience in related field | 1 | Biratnagar |

**Only shortlisted candidates will be call for an interview.**

All interested candidates with relevant qualification and experience are encourage to apply with covering letter, updated CV with 2 PP size photos at the following address/email within 7 days from the date of announcement.

AMTECH MED (P.) LTD.

Reg. Office: Mahabir Plaza, 6th Floor, Hospital Chowk, Rangeli Road, Biratnagar, Nepal
Factory: Katahari-4, Morang, Nepal Email: amtechfactory@yahoo.com, amtechmedicine@yahoo.com

# नेपाली बलिङविरुद्ध जतिन्दरको चम्किलो ब्याटिङ

## वर्षाले प्रभावित खेलमा ओमान डकवर्थ लुइस पद्धतिका आधारमा नेपाललाई १ सय २ रनले हराउन सफल

**विनोद पाण्डे** (काठमाडौं)

ओमान क्रिकेट विश्वकप लिग २ का लागि काठमाडौं आउँदा नेपालविरुद्ध टोलीका कोही न कोही खेलाडीले उच्च प्रदर्शन गरिरहेका हुन्छन् । सन् २०२० मा काठमाडौं आएर ओमानले लिग २ को शृंखला 'क्लिन स्विप' गर्दा अकिब इल्याजले अविजित १ सय ९ रन बनाउनुका साथै ४ विकेट लिएका थिए ।

कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा बुधबार नेपालविरुद्ध ओमानका कप्तान जतिन्दर सिंहले यो भूमिका लिएकै जस्तो भयो । उनको शतकमा ओमान वर्षाले प्रभावित खेलमा नेपाललाई डकवर्थ लुइस पद्धतिका आधारमा १ सय २ रनले हराउन सफल भयो । नेपालविरुद्ध ओमानले लिग २ को कीर्तिपुरमा भएको सबै खेल जितेको छ ।

जतिन्दरको १ सय ३० रनप्रेरित ओमानले टस जितेर ब्याटिङ गर्दै निर्धारित ५० ओभरमा ८ विकेट गुमाई ३ सय ५ रन बनायो । जवाफमा नेपालले ३६.५ ओभरमा ७ विकेट गुमाई १ सय ५५ रन बनाउँदा वर्षाले खेल रोकिएको थियो, जतिखेर नेपाल डकवर्थ लुइस पद्धतिका आधारमा १ सय २ रनले पछाडि रह्यो ।

जतिन्दरको इनिङ्स टेलिभिजनमा देखाइने हाइलाइट्स जस्तै थियो । नेपाली बलरलाई कुनै मौका नदिएका जतिन्दरले ९६ बल खेल्दा १५ चौका र ५ छक्का प्रहार गरे । उनले ९० रन बाउन्ड्रीबाटै बटुले । उनले ७३ बलमै शतक पार गरे । ओमानी ब्याटरकै एकदिवसीय अन्तर्राष्ट्रियमा यो उच्च स्कोर पनि हो । उनी ३५ औं ओभरमा आउट हुँदा ओमानको स्कोर १ सय ९२ रन थियो ।

पेभेलियन फर्किएपछि उनको हातले ओमानका भारतीय प्रशिक्षक सुलक्षण कुलकर्णीको खुट्टा छोएका थिए । 'आजको यो सफलतामा प्रशिक्षक कुलकर्णीको धेरै ठूलो हात छ, उनले टिमलाई राम्रो लयमा ल्याएका छन्, हामीले नेपाल आउनु अघि राम्रो तयारी गरेका थियौं, नामिबिया भ्रमणदेखि नै हाम्रो राम्रो भइरहेको थियो,' जतिन्दरले भने, 'हामी पहिला ब्याटिङ गर्ने एउटा योजनासाथ आएका थियौं, त्यसमा सफल भयौं र ३ सय माथिको स्कोर बनाउन सक्यौं ।'

जतिन्दर १ सय ३० रनमा हुँदा सोमपाल कामीले कठिन रिटर्न क्याच मिस गरेका थिए । त्यसको अर्को बलमा सोमपालले उनलाई बसिर अहमदबाट क्याचआउट गराए । एकदिवसीय अन्तर्राष्ट्रियमा यो जतिन्दरको पाँचौं शतक हो र व्यक्तिगत उच्च स्कोर पनि । सन् २०२२ मा उनले पपुवा न्युगिनीविरुद्ध लिग २ मै अविजित १ सय १८ रन बनाउनु यसअघि उनको उच्च स्कोर थियो । नेपालविरुद्ध उनको दोस्रो शतक हो । लिग २ को पछिल्लो सर्कलमा उनले २०२१ मा मस्कटको घरेलु मैदानमा नेपालविरुद्ध ६२ बलमा १ सय ७ रन बनाएका थिए ।

जतिन्दरले आशिष ओडेडारासँग मिलेर ओमानलाई दरिलो सुरुआत दिलाउनेक्रममा पहिलो विकेटमा ८० रन जोडे । सन्दीप लामिछानेले १५ औं ओभरमा ओडेडारालाई आउट गराएपछि यो साझेदारी टुटेको थियो । ओडेडाराले ४८ बमा १-१ चौका र छक्कासाथ २३ रन बनाए । दीपेन्द्रसिंह ऐरीले 'डेब्यु' गरिरहेका नदिम खानलाई १ रनमा बोल्ड गरे ।



कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा बुधबार नेपालविरुद्ध सानदार शतक बनाएपछि ओमानका कप्तान जतिन्दर सिंह । तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

हमाद मिर्जाले ४७ बलमा ३० रन बनाए । ४ चौका हानेका उनलाई दीपेन्द्रले आउट गरे । आर्यन विष्ट र जितेन रमानन्दीले पाँचौं विकेटमा ४३ बलमा ५२ रनको साझेदारी गरे । विष्टलाई सन्दीपले ३५ रनमा बोल्ड गरे । उनले ३५ बल खेली ३ चौका र १ छक्का प्रहार गरे । विनायक शुक्ला १७ बलमा २३ रन बनाई आउट भए । रमानन्दीले ४३ बलमा ४३ रन जोड्दा ४ चौका र १ छक्का प्रहार गरे । सोमपालले नेपालबाट सबैभन्दा बढी ४ विकेट लिए । उनले ९ ओभरमा ५९ रन खर्चे । सन्दीप र दीपेन्द्रले २-२ विकेट लिए । सन्दीपले ओभरमा १० ओभरमा २४ र दीपेन्द्रले ९ ओभरमा ५६ रन खर्चे ।

यस शृंखलामा ओमानको यो पहिलो जित हो । नेपालले पहिलो खेलमा यूएईलाई ३७ रनले हराएको थियो । ओमान भने पहिलो खेलमा यूएईसँग २५ रनले पराजित भएको थियो । ओमान २६ खेलमा ३१ अंक जोडेर तेस्रो स्थान र नेपाल २२ खेलमा १४ अंक जोडेर सातौं स्थानमा छ । आठ राष्ट्रसम्मिलित लिग २ का शीर्ष चार सोझै विश्वकप छनोटमा पुग्ने प्रावधान छ । यस हारले नेपालको शीर्ष चारमा पर्ने सम्भावना झन् कठिन भएको छ ।

ओमानको इनिङ्स पारिलो घाममा भएको थियो भने नेपाली ब्याटिङ सुरु हुनु अघि नै बादलले आकाश ढाकेर ठूलो वर्षाको संकेत गरिरहेको थियो । प्रतिकूल मौसमको अवस्था हेरेर चाँडो २० ओभर फालेर नतिजा ल्याउने आशामा ओमानले दोस्रो ओभरदेखि स्पिन आक्रामक लगाएको थियो । देब्रेहाते स्पिनर सकिल अहमदले दोस्रो ओभरको पहिलो बलमै कुशल भुर्तेललाई १ रनमा एलबीडब्लु आउट गरे । अर्का ओपनर आसिफ शेखले २५ बलमा २ चौकासहित १९ रन बनाए ।

कप्तान रोहित पौडेल १० र बसिर १ रनमा आउट भए । भीम सार्की २८ रनमा आउट भए । भीमले ५६ बलमा ३ चौका प्रहार गरे । भीमले एकदिवसीय अन्तर्राष्ट्रियमा आफ्नो एक हजार रन पूरा गरेका छन् । आरिफ शेख १४ रनमा आउट भए । दीपेन्द्रले अर्को एउटा अर्धशतकीय इनिङ्स खेले । ३६ औं ओभरमा आउट हुनुपूर्व उनले ६२ बलमा ७ चौका र १ छक्का प्रहार गरे ।

खेल रोकिँदा गुलशन झा १७ बलमा २ चौकासहित १४ र सोमपाल ८ बलमा २ रन लिएर क्रिजमा थिए । ओमानबाट नदिमले ३ विकेट लिए । उनले १० ओभरमा ४२ रन खर्चे । सकिलले ८ ओभरमा १ मेडन राख्दै १६ रन खर्चेर २ तथा मोहम्मद इमरान र वासिम अलीले १-१ विकेट लिए ।

'बिहान जसरी विकेटले खेलिरहेको थियो, त्यसअनुरुप हामीले ओमानलाई २०-२५ रन कम बनाउन दियौं जस्तो लाग्छ, ओमानले दिएको लक्ष्य पछ्याउन सकिने खालकै थियो, तर हाम्रो सुरुआत राम्रो हुन सकेन,' सोमपालले भने, 'मौसमले पनि हामीलाई साथ दिएन, वर्षा हुने सम्भावना देखेर २० ओभर विकेट नगुमाई खेल्ने लक्ष्य थियो । विकेट बचाउने प्रयासमा हामीले रन पनि बनाउन सकेनौं ।'




# प्रशिक्षकको अभावमा जुम्लाको खेलकुद खुम्चिँदै




**डीबी बुढा** (जुम्ला)

जिल्ला खेलकुद विकास समिति जुम्ला लामो समयदेखि प्रशिक्षकविहीन छ । केही अवकाश प्राप्त भइसकेको र राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले रिक्त स्थानमा पदपूर्ति गर्न नसकेका कारण प्रशिक्षक अभाव भएको हो ।

अहिले जिल्लामा न खेलकुद प्रशिक्षक छन् न त खेलाडीहरू । खेलक्षेत्र दिन प्रतिदिन सुस्ताउँदै जान थालेको छ । जिल्ला खेलकुद विकास समिति जुम्लाका प्रमुख कविदत्त न्यौपानेका अनुसार करातेका एक प्रशिक्षकबाहेक सबै खेलमा प्रशिक्षकको पद रिक्त छ । करातेका प्रशिक्षक खडक मल्ल ब्याडमिन्टन खेलाडी पनि हुन् ।

प्रशिक्षक अभावले कुनै पनि खेलकुद गतिविधि हुन सकिरहेको छैन । जसले जिल्लास्तरीय टिम बनाएर प्रतिस्पर्धा गर्न सकिने अवस्था छैन । कार्यालय प्रमुख न्यौपानेले खेलकुद विकास समितिमा ६ जनाको दरबन्दी भए पनि ५ प्रशिक्षक पद रिक्त रहेको जानकारी गराए । अहिले जिल्ला फुटबल संघ जुम्लाले आफ्नै प्रशिक्षक तोकेको छ । पटक-पटक राखेपमा प्रशिक्षक माग गरिएको भए पनि सुनुवाइ नभएको न्यौपानेको भनाइ छ । 'जुम्लामा प्रशिक्षक अभाव छ, खेलकुदका गतिविधि चलाउन कठिन छ,' उनले भने, 'कर्णालीका धेरै जिल्लामा यस्तै अवस्था छ ।'

कराते प्रशिक्षक मल्लसँग प्रशिक्षण लिने अहिले एक जना पनि खेलाडी छैनन् । जिल्लामा हुने राष्ट्रपति रनिङ सिल्डमा गएर खेलाउने बाहेकको काम छैन । एथलेटिक्स प्रशिक्षक तथा कीर्तिमानी धावक हरिबहादुर रोकाय र भलिबल प्रशिक्षक बरमबहादुर महतले अवकाश पाइसकेका छन् । जिल्ला खेलकुद विकास समिति प्रशिक्षकविहीन बन्नु दुःखद भएको खेलप्रेमीहरू बताउँछन् ।

जिल्लामा हरेक वर्ष राष्ट्रपति रनिङ सिल्ड हुनुपर्ने हो । गत वर्ष हिमा गाउँपालिकाबाहेक कसैले आयोजना गरेनन् । दुई वर्षअघि तातोपानी गाउँपालिकाले जिल्लास्तरीय खेलकुदको आयोजना गरेको थियो । तर प्रशिक्षक नहुँदा हरेक वर्ष आयोजना गर्नुपर्ने यो प्रतियोगिता पनि हुन सकिरहेको छैन । अहिले खेलकुद विकास समितिमा न प्रशिक्षक छन् न त जिल्लास्तरीय खेलाडी । उल्टै प्रतिभावान खेलाडी पनि प्रशिक्षक नहुँदा ओझेलमा परिरहेका छन् ।

कर्णाली प्रदेश सरकारले जिल्लास्तरीय समिति गठन गर्‍यो । अध्यक्षमा धनकृष्ण पाण्डे र सदस्य-सचिवमा संगीता आचार्य नियुक्त भए । तर उनीहरूको पूरै कार्यकाल विवादमा बित्यो । तिला गाउँपालिकाका भलिबल खेलाडी प्रभु बुढाले अहिले दुर्गम क्षेत्रमा खेलकुद गतिविधि नभएको गुनासो गर्छन् । 'पहिले हरेक बस्तीमा भलिबल खेल भइरहन्थ्यो,' उनले भने, 'अहिले त गाउँघरमा खेलकुद गतिविधि शून्यजस्तै छ ।'

जुम्लाका आठ स्थानीय तहले आर्थिक वर्ष २०८२/८३ का लागि ३ अर्ब ३२ करोडको बजेट ल्याए । तर खेलक्षेत्रमा रकम नै छुट्याएनन् । पूर्वाधार अभावकै कारण जुम्लामा नियमित खेलकुद प्रतियोगितासमेत हुन सकेका छैनन् । लामो समयदेखि सुस्ताएको खेलक्षेत्र चलायमान गराउन 'वार्षिक खेलकुद क्यालेन्डर' का लागि लागिपरेको जिखेविस जुम्लाका प्रमुख न्यौपानेले बताए ।

जुम्लाका आठ पालिकाले थोरै भए पनि खेल क्षेत्रको विकास र खेलाडीको प्रोत्साहनमा बजेट छुट्याउनुपर्ने खेल जानकारहरू बताउँछन् । तर, कसैले चासो देखाएको पाइँदैन । कीर्तिमानी धावक रोकाय जुम्लाको खेलक्षेत्र नराम्ररी प्रभावित बनेको बताउँछन् । 'जिल्लामा खेलकुद पूर्वाधार नै छैन । नियमित प्रतियोगिता पनि हुँदैनन् । नियमित अभ्यास गर्ने ठाउँको अभाव उस्तै छ,' उनले भने, 'निर्माण हुन लागेका संरचना पनि अलपत्र छन् । खेलाडीलाई सामान्य चना-अण्डा खानेसम्म बजेट छैन । कसरी खेल क्षेत्रको विकास हुन्छ ?'

बजेट अभावले खेल सम्भावना ओझेलमा पर्दै गएको हुँदा सबैको समन्वय र सहकार्यमा नियमित प्रतियोगिता गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख न्यौपाने भने सबैको समन्वय र सहकार्यमा जुम्लालाई खेलकुदको हब बनाउन सकिने सम्भावना देख्छन् । पूर्वाधार विकासमा करोडौं खर्चिने पालिकाले लाख मात्रै खेलकुद क्षेत्रमा खर्चिए जुम्ला खेलकुदमय बन्ने उनको दाबी छ । 'धेरैले त चासो नै दिएका छैनन्,' उनले भने, 'स्रोत नभए पनि खेलक्षेत्रलाई चलायमान बनाउने अठोट भने लिएको छु ।'

बजेट अभावकै कारण खेलकुद विकास समितिकै आडमा निर्माणाधीन भलिबल कोर्टको प्यारापिट निर्माण अलपत्र परेको छ ।

# प्रदीपलाई सफलता

काठमाडौं (कास)- प्रदीप खड्का र आयुशमान घले १२ औं सिटिजन्स बैंक खुला टेनिस प्रतियोगिताको पुरुष सिंगल्सतर्फ सेमिफाइनलमा पुगेका छन् । बुधबार प्रदीपले सक्षमविक्रम शाहलाई ६-१, ६-२ ले र आयुशमानले निहालजंग थापालाई ६-३, ४-६, ६-३ ले पराजित गरे । सोही स्पर्धामा प्रणव मानन्धरले राजवीर प्रधानलाई ६-१, ६-१ ले र दर्शिल श्रेष्ठले प्रणव खनाललाई ३-६, ६-३, ६-४ ले हराएर सेमिफाइनल सुरक्षित गरे ।

काठमाडौं जिल्ला टेनिस संघले सिटिजन्स बैंकको मुख्य प्रायोजनमा भइरहेको प्रतियोगिताको पुरुष डबल्समा प्रदीप र प्रितम परियारको जोडीले निहालजंग र प्रणव मानन्धरको जोडीलाई ६-३, १-६, ७-५, प्रणव खनाल र आयुशमानको जोडीले राजवीर र उगेन शेर्पाको जोडीलाई ६-३, ६-२ को सेटमा हराएर फाइनल तय गरेको छ ।

भेट्रान ३५ वर्षमाथि पुरुष सिंगल्समा पूर्व सिंगल्स राष्ट्रिय च्याम्पियन जितेन्द्र परियार, भीष्मजंग गुरुङ, सन्तोष खत्री र दावा सोनाम शेर्पा सेमिफाइनलमा पुगेका छन् । सोही स्पर्धाको पुरुष डबल्समा भीष्मजंग र गगन महर्जन, नीरज रेग्मी र ईश्वर जीसी, सन्तोष खत्री र जुजुमन किम तथा जितेन्द्र परियार र छेवाङ लामाको जोडीले सेमिफाइनलमा स्थान बनाएको छ ।

भेट्रान ५५ वर्षमाथि पुरुष सिंगल्समा चन्द्र शाही, उत्तम बोगटी, मछिन्द्र थापा र विमलकुमार गुरुङ सेमिफाइनल पुगेका छन् । सोही उमेर समूहको पुरुष डबल्समा चन्द्र शाही र सोभित श्रेष्ठ, सागर केसी र निरञ्जन श्रेष्ठ, धर्म शाही र आशिष सिग्देल तथा मनु त्रिपाठी र पृथ्वीमान गुरुङको जोडी सेमिफाइनलमा पुग्यो ।

४५ वर्षमाथि पुरुष सिंगल्समा महेश श्रेष्ठ, देव क्षेत्री, अमितसिंह गुरुङ र रोहित सुनुवारले सेमिफाइनलमा स्थान बनाए । ७० वर्षमाथि पुरुष सिंगल्समा ज्ञानेन्द्रमान ताम्राकार र धीरबहादुर गुरुङले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।

# चाँगुनारायण ट्रेल रन शनिबार

काठमाडौं (कास)- नेपाल एड्भेन्चर रनिङ महासंघ (एनएआरएफ) ले चाँगुनारायण राष्ट्रिय ट्रेल रन १९ वैशाखमा आयोजना गर्ने भएको छ । एडभेन्चर रनिङसम्बन्धी साहसिक र पर्यटकीय खेललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलजगतमा लोकप्रिय बनाउँदै त्यसको विकास र प्रतिभावान खेलाडी उत्पादन गर्ने उद्देश्यसहित प्रतियोगिता आयोजना गरिएको आयोजक महासंघले जनाएको छ ।

चाँगुनारायण राष्ट्रिय ट्रेल रन खुलातर्फ ३६ किमि र यू-२० जुनियरतर्फ ७ किमि दुरी तय गरिएको उपाध्यक्ष राजन खत्रीले जानकारी दिए । कच्ची, पक्की, उकालो, ओरालो बाटो, वनजंगलभित्रको हाईकिङ ट्र्याक रुटलाई समेटेर यस ट्रेल रनको रुट तयार गरिएको बताइएको छ ।

प्रतियोगितामा २ सय ५० भन्दा बढी खेलाडीले भाग लिनेछन् । ३६ किमि महिला र पुरुष दौडतर्फ विजेताले १ लाख, दोस्रो हुनेले ७५ हजार र तेस्रो हुनेले ५० हजार प्राप्त गर्नेछन् । चौथोले २५ हजार, पाँचौंले १० हजार र छैटौंदेखि दसौं हुनेले जनही ३ हजार पाउनेछन् ।

७ किमि युवा तथा पुरुष दौडतर्फ विजेताले ३० हजार, दोस्रोले २० हजार र तेस्रोले १० हजार प्राप्त गर्नेछन् । चौथोले ५ हजार, पाँचौंले ३ हजार र छैटौंदेखि दसौं स्थानसम्म रहनेलाई जनही १ हजारका दरले पुरस्कार प्रदान गरिनेछ ।

# च्याम्पियन्स लिग इतिहासकै उत्कृष्ट खेल

## युरोपेली च्याम्पियन्स लिग सेमिफाइनलको पहिलो लेगमा बायर्न म्युनिखमाथि पेरिस सेन्ट जर्मेन (पीएसजी)ले निकाल्यो ५-४ को जित

पेरिस (एएफपी)- सनसनीपूर्ण, आक्रामक अनि रोमाञ्चक । जतिबेला विश्वकै सबैभन्दा उत्कृष्ट खेलाडीले भरिएको दुई टिमले मन खुलेर खेल्छन्, फुटबल वास्तवमै उत्कृष्ट हुन्छ । पेरिस सेन्ट जर्मेन (पीएसजी) ले युरोपेली च्याम्पियन्स लिग सेमिफाइनलको पहिलो लेगमा मंगलबार बायर्न म्युनिखलाई ५-४ ले हरायो । यो खेल साँच्चै त्यस्तै रह्यो । त्यसैले अब भन्न सुरु भएको छ, यो सम्भवतः च्याम्पियन्स लिग फुटबलको इतिहासमै एउटा उत्कृष्ट खेलका रूपमा धेरै पछिसम्म सम्झिने छ ।

गत वर्ष बालोन डे'अर जितेका पीएसजीका ओसमन डेम्बेलले खेलपछि भने, 'जतिबेला दुई टिमले आक्रमण गर्न डराउँदैन खेल यस्तै हुन्छ । यो खेल कम्तीको थिएन, यो त च्याम्पियन्स लिगको सेमिफाइनल थियो । हामी सबैलाई थाहा छ, बायर्न कति राम्रो टिम हो अनि हामी पनि कहाँ कम्तीका थियौं र ?' जर्मन च्याम्पियनका लागि पहिलो हाफमा ह्यारी केन र माइकल ओलिसले गोल गरेका थिए ।

पीएसजीबाट भने ख्विचा क्वारत्सेखेलिया र जाओ नेभेसले गोल गरे । जतिबेला डेम्बेलेले पनि गरे, पहिलो हाफको समाप्तिमा पीएसजी ३-२ ले अगाडि रह्यो । त्यसपछि क्वारत्सेखेलिया र डेम्बेलेले पनि १-१ गोल गरे । लागिरहेको थियो, घरेलु टिम दुई लेगको खेलमा मजबुत भएको छ । तर होइन, बायर्न यत्तिकैमा रोकिएन र टोलीका लागि डायोट उपमेकानो र लुइस डियाजले एक-एक गोल फर्काए । खेल भयो, ९ गोलको 'थ्रिलर' ।

पीएसजीका प्रशिक्षक लुइस एनरिकेले भने, 'म त असाध्यै थाकेको छु, तर मैले खेलाडीले जस्तो धेरै किलोमिटर दौडिनुपरेको थिएन, यो खेलमा वास्तवमै सबथोक थियो । मलाई लाग्छ, यो खेलमा जितका लागि हामी नै हकदार थियौं । सायद हामीले बराबरी खेल्दा यस्तै हकदार हुन्थ्यौं, त्यतिमात्र होइन, हामी हारेको भए पनि त्यो ठीक नतिजा नै हुने थियो ।' फ्रान्सेली खेल दैनिकले बुधबारको अंकको पहिलो पृष्ठमा यो खेललाई मुख्य समाचार बनाएको छ । यसको शीर्षक छ, 'टोटल फुटबल' । यसको संकेत थियो,



च्याम्पियन्स लिगमा बायर्नका कोनराड लाइमर (रातो) लाई रोक्ने प्रयासमा पीएसजीका जाओ नेभेस । तस्बिर : एपी

सत्तरीको दशकमा डच महान् खेलाडी योहान क्राएफले खेल्ने शैलीको फुटबल । यस्तै खेलका लागि एनरिके मात्र होइन, बायर्नका प्रशिक्षक भिन्सेन्ट कोम्पनीलाई उत्तिकै श्रेय जान्छ । सायद केही हदसम्म बायर्नको रक्षापंक्ति कमजोर रह्यो ।

तर कोम्पनीले आफ्नो टिमको आक्रमणलाई रोक्न खोजेनन् । कोम्पनीले यो रणनीति नबुनेको भए सायद खेल पीएसजीको पक्षमा ५-२ ले टुंगिने थियो । तर बायर्नको पुनरागमनले अब अर्को बुधबार हुने दोस्रो लेगको खेल असाध्यै सनसनीपूर्ण, आक्रामक र रोमाञ्चक हुने विशवस गर्न सकिन्छ । रमाइलो तथ्य के छ भने बायर्नले एउटै खेलमा ५ गोल खाएको पनि सन् २०२३ को डिसेम्बरयता पहिलो पटक हो ।

अझ च्याम्पियन्स लिगमा सन् १९९५ यता पहिलो पटक ५ गोल खाएको छ । त्यति बेला बायर्नलाई आयाक्सले ५ गोल गरेको थियो । 'टचलाइन' प्रतिबन्धका कारण कोम्पनी बायर्नको बक्समा थिएनन्, उनी दर्शकदीर्घातिर थिए । त्यहींबाट उनले खेल हेरे । खेलजीवनमा उनी डिफेन्डर थिए, उनी उच्चकोटीका रक्षात्मक खेलाडी हुन् । तर यही स्वभावका खेलाडी प्रशिक्षक हुँदा भने उनको टिमले अत्यधिक आक्रामक रणनीति तय गरेको छ । बर्नलीका पनि पूर्वप्रशिक्षक रहेका कोम्पनीले पछि भने, 'फुटबल केही हदसम्म धर्म जस्तै हो, मानिसले त्यसरी नै विश्वास गर्न सक्छ, जसरी उनलाई विश्वास गर्ने इच्छा हुन्छ, कुनै पनि एक रणनीति फुटबलमा अर्को रणनीतिभन्दा राम्रो हुन्छ भन्ने हुन्न । इंग्ल्यान्डमा दोस्रो डिभिजनको फुटबलमा छँदा मैले धेरै लामो लामो पासले खेलेको छु । खासमा त्यस्ता दुई टिम भिड्का थिए, जसको फुटबल दर्शन एउटै रह्यो ।'

जतिबेला अर्को साता दोस्रो लेग हुनेछ, दुवै टिमले आक्रामक रणनीति छाड्ने छैनन् । भलै, त्यही खेलले फाइनल पुग्ने टिमको निर्णय गर्नेछ । अनि एनरिके के मान्छन् भने पीएसजीले त्यस खेलमा थप तीन गोल गर्न सक्यो भने मात्र फाइनल यात्रा निश्चित हुनेछ । यही खेलमा संलग्न दुई खेलाडीमध्ये एकले यो वर्षको बालोन डे'अर उपाधि पनि जित्न सक्नेछ ।

त्यसमा एक हुन्, क्वारत्सेखेलिया । उनी यस सिजनको च्याम्पियन्स लिगमा सबैभन्दा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी हुन् । अर्का बायर्नका केन हुन् । उनी आफैं उत्कृष्ट लयमा छन् । त्यो पनि ३३ वर्षको उमेरमा । अनि ओलिस, डेम्बेले र डिजायर डोले अबको विश्वकपमा फ्रान्सका लागि खेल्नेछन् । त्यसैले यो फ्रान्सका प्रतिद्वन्द्वीका लागि चेतावनी पनि हुनेछ । अहिलेको खेलले गत सिजन इन्टर मिलानले बार्सिलोनालाई सेमिफाइनलमा हराएको अवसर सम्झाएको छ ।

त्यसमा इन्टर समग्रमा ७-६ ले विजयी भएको थियो । च्याम्पियन्स लिगको आधुनिक इतिहासमा एउटै 'टाइ' मा यति धेरै गोल निस्केको यो पहिलो पटक हो । यति धेरै गोल सम्भव भएको अहिले नै हो, सन् २०२० मा बायर्नले बार्सिलोनालाई ८-२ ले हराएको लिग चरणको एउटा खेललाई बिर्सने हो भने । घरबाहिरको गोलले बढी महत्त्व नपाउने नियम बनेपछि अहिले त्यसको सकारात्मक प्रभाव देखिन थालेको छ ।

अहिले समय फेरिएको छ । नत्र दुई दशक अगाडिसम्म युरोपेली फुटबलमा त्यस्ता दुई प्रशिक्षक हाबी थिए, जसको रणनीति प्रायः सुरक्षात्मक हुन्थ्यो । ती थिए, जोसे मोउरिन्हो र राफेल बेनिटेज । सन् २००५-०६ को सिजन च्याम्पियन्स लिगकै दुवै सेमिफाइनल गरेर ४ खेलमा २ गोलमात्र भएको थियो । त्यसको एक वर्षअगाडिको सेमिफाइनलमा बेनिटेजको लिभरपुलले मोउरिन्होको चेल्सीलाई सेमिफाइनलमा समग्रमा १-० ले हराएको थियो ।

अहिले फुटबलले आफ्नो स्वरूप फेरेको छ । पीएसजी त झन डिफेन्डिङ च्याम्पियन हो । पीएसजीसँगै बायर्न अहिले विश्व फुटबलकै सबैभन्दा राम्रा दुई क्लब हुन् । त्यति मात्र होइन, विश्वकै सर्वाधिक धनी क्लबको सूचीमा पीएसजी तेस्रो र बायर्न चौथो स्थानमा छ । यस्तोमा यी दुई टिममध्ये जुन फाइनल पुग्नेछ, उपाधि जित्ने सम्भावना उसकै बढी रहनेछ । सेमिफाइनल पुगेका अन्य दुई टिम आर्सनल र एट्लेटिको म्याड्रिडले कडा परिश्रम नै गर्नुपर्नेछ ।

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : **कैलाश सिरोहिया**, कार्यवाहक सम्पादक : **बिश्वास बराल**